चैत - २

# सर्वोच्च अदालत बुलेटिन

पाक्षिक प्रकाशन

वर्ष ३२, अङ्क २४ | २०८० चैत १६-३० | पूर्णाङ्क ७६२



प्रकाशक

सर्वोच्च अदालत

रामशाहपथ, काठमाडौं

फोन नं. ४२००७१२, ४२००७२९, ४२००७५०, Ext.२२६९ (सम्पादक), २२७० (सम्पादन शाखा), २१७० (छापाखाना), २२७४ (बिक्री)

टोल फ्री : १६६०-०१-३३३५५, फ्याक्सः ४२००७४९, पो.ब.नं.२०४३८

Email: info@supremecourt.gov.np, admin@supremecourt.gov.np / Web: www.supremecourt.gov.np

**सम्पादन तथा प्रकाशन समिति**

| | |
|---|---|
| **माननीय न्यायाधीश श्री हरिप्रसाद फुयाल, सर्वोच्च अदालत** | **- अध्यक्ष** |
| **मुख्य रजिस्ट्रार श्री देवेन्द्रराज ढकाल, सर्वोच्च अदालत** | **- सदस्य** |
| **नायब महान्यायाधिवक्ता श्री विश्वराज कोइराला, महान्यायाधिवक्ताको कार्यालय** | **- सदस्य** |
| **रजिस्ट्रार श्री विमल पौडेल, सर्वोच्च अदालत** | **- सदस्य** |
| **अधिवक्ता श्री सुरज खत्री, उपाध्यक्ष, नेपाल बार एसोसिएसन** | **- सदस्य** |
| **वरिष्ठ अधिवक्ता श्री हरि शंकर निरौला, अध्यक्ष, सर्वोच्च अदालत बार एसोसिएसन** | **- सदस्य** |
| **डा.कृष्णप्रसाद बस्याल, डिन, त्रिभूवन विश्वविद्यालय, कानून संकाय** | **- सदस्य** |
| **सहरजिस्ट्रार श्री हरिराज कार्की, सर्वोच्च अदालत** | **- सदस्य सचिव** |

**सम्पादक :** श्री दीक्षा प्रधानाङ्ग

**सम्पादन तथा प्रकाशन शाखामा कार्यरत् कर्मचारीहरू**

शाखा अधिकृत श्री सुजता उप्रेती
शाखा अधिकृत श्री सुकराम मोक्तान
शाखा अधिकृत श्री विनिता महर्जन
शाखा अधिकृत श्री समिता श्रेष्ठ
नायब सुब्बा श्री सन्तोष घिमिरे
नायब सुब्बा श्री रेखा दाहाल
सिनियर प्रुफरिडर श्री रेशम शर्मा
कम्प्युटर अपरेटर श्री विदुर खड्का
कम्प्युटर अपरेटर श्री अर्जुन सुवेदी
कार्यालय सहयोगी श्री अच्युतप्रसाद दाहाल

**भाषाविद् :** श्री रामचन्द्र फुयाल

**बिक्री शाखा**

नायब सुब्बा श्री खिमा पोखरेल

**मुद्रण शाखामा कार्यरत कर्मचारीहरू**

मुद्रण अधिकृत श्री आनन्दप्रकाश नेपाल
सिनियर प्रेसम्यान श्री योगप्रसाद पोखरेल
सिनियर मेकानिक्स श्री निर्मल बयलकोटी
सिनियर कम्पोजिटर श्री श्यामकृष्ण प्रजापति
सिनियर प्रेसम्यान श्री सविता पोखरेल
सिनियर प्लेटमेकर श्री प्रमिलाकुमारी लामिछाने
सिनियर बुकबाइन्डर श्री तारा वाग्ले
सहायक कार्टोग्राफर श्री विपिन अधिकारी
बुकबाइन्डर श्री सरिता चक्रधर
बुकबाइन्डर श्री मदन तिमल्सिना
प्रेसम्यान श्री केशवबहादुर सिटौला
बुकबाइन्डर श्री अच्युतप्रसाद सुवेदी
कार्यालय सहयोगी श्री धनमाया नगरकोटी
कार्यालय सहयोगी श्री रमेश नेपाल

**विभिन्न इजलासहरूबाट सम्पादन शाखामा प्राप्त भई यस अङ्कमा प्रकाशित निर्णय / आदेशहरू**

| | |
|---|---|
| संयुक्त इजलास | ४ |
| इजलास नं. १ | १३ |
| इजलास नं. ४ | २ |
| इजलास नं. ५ | १२ |
| **जम्मा** | **३१** |

| | |
|---|---|
| इजलास नं. ७ | ३ |
| इजलास नं. ८ | ४ |
| इजलास नं. १० | ३ |
| **जम्मा** | **१०** |

**कूल जम्मा ३१ + १० = ४१**

# नेपाल कानून पत्रिकामा

प्रकाशित भएका फैसलाहरू (२०१५ सालदेखि हालसम्म)

हेर्न, पढ्न तथा सुरक्षित गर्न

# www.nkp.gov.np

मा जानुहोला ।

**खोज्ने तरिका**

सर्वप्रथम **www.nkp.gov.np** लगइन गरेपश्चात् देखिने पृष्ठमा **शब्दबाट** भन्ने स्थानमा आफूले खोज्न चाहेअनुसारको कुनै शब्द नेपाली युनिकोड फन्टमा टाइप गरी हरियो बटनमा रहेको खोज्नुहोस् भन्ने बटनलाई थिची खोजी गर्न सक्नुहुनेछ । यसबाट खोजेअनुसारको फैसला प्राप्त गर्न नसकेमा मुद्दाको किसिम, मुद्दाको नाम एवं निर्णय नं. तथा ने.का.प. विवरणमा रहेका विविध शीर्षकबाट आफूले चाहेअनुसार फैसला खोज्न सकिनेछ । त्यस अतिरिक्त **नेकाप प्रत्येक वर्ष** र **हाम्रो बारेमा** समेतबाट हेर्न सक्नुहुनेछ ।

**यस पत्रिकाको इजलाससमेतमा उद्धरण गर्नुपर्दा निम्नानुसार गर्नुपर्ने छः**

**सअ बुलेटिन, २०८..., ... .... – १ वा २, पृष्ठ ....**

**(साल) (महिना)**

**उदाहरणार्थः सअ बुलेटिन, २०८०, चैत – २, पृष्ठ १**

**का.जि.द.नं. ३९।०४९।०५०**

# सूचना

**"नेपाल कानून पत्रिका र सर्वोच्च अदालत बुलेटिन"** को **"वार्षिक ग्राहक"** बन्न चाहनेका लागि **२०७६ वैशाख अङ्क**देखि वार्षिक ग्राहक बन्न पाउने गरी सम्पादन तथा प्रकाशन समितिले निर्णय गरेको हुँदा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ।

समितिको निर्णयानुसार मूल्य समायोजन भई **नेपाल कानून पत्रिका रू.१५०** र **सर्वोच्च अदालत बुलेटिन प्रति अङ्क रू.४०** कायम गरिएकोसमेत सबैलाई जानकारी गराइन्छ।

---

**मूल्य रू.४०।–**

**मुद्रकः सर्वोच्च अदालत, छापाखाना**

# विषयसूची


| क्र.सं. | विषय | पक्ष / विपक्ष | पृष्ठ |
|---|---|---|---|
| **संयुक्त इजलास** | | | **१ - ५** |
| १. | कर्तव्य ज्यान | नेपाल सरकार वि. कुमार भन्ने सरोजकुमार मगर | १ |
| २. | उत्प्रेषण / परमादेशसमेत | डा. जयप्रकाश राय यादव वि. नेपाल सरकार, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिहदरबार, काठमाडौंसमेत | २ |
| ३. | उत्प्रेषणयुक्त परमादेश | विष्णुदत्त बड्डु वि. शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, सिंहदरबार, काठमाडौंसमेत | ३ |
| ४. | उत्प्रेषण / परमादेश | लाल मण्डल वि. नेपाल सरकार, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरबार, काठमाडौंसमेत | ४ |
| **इजलास नं. १** | | | **५ - १८** |
| ५. | जबरजस्ती करणी | नेपाल सरकार वि. सूर्यबहादुर योन्जन | ५ |
| ६. | सामुन्द्रिक बिमा दाबी | डा.प्रणव सेन वि. जयलक्ष्मी इन्टरप्राइजेज प्रा.लि. | ६ |
| ७. | हक कायम सर्भे नक्सामा कित्ता संशोधन | खलिल मिया ठकुराई वि. हृदेश नारायण चौरसिया वरैसमेत | ८ |
| ८. | जबरजस्ती करणी | गोपाल नेपालीसमेत वि. नेपाल सरकार | ९ |
| ९. | मूल्य अभिवृद्धि कर | आन्तरिक राजस्व कार्यालय, धरान, सुनसरी वि. नवरंग टि.भी. सेन्टर | १० |
| १०. | आयकर (०६५/०६६) | राजेन्द्रप्रसाद शर्मा वि. कृष्णमान प्रधान | ११ |
| ११. | आयकर (०६४/०६५) | राजेन्द्रप्रसाद शर्मा वि. कृष्णमान प्रधान | ११ |
| १२. | दर्ता बदर दर्ता | पर्सा जिल्ला, वीरगन्ज उपमहानगरपालिका वडा नं. १२ हाल वीरगन्ज महानगरपालिका वडा नं.९ स्थित वीरगन्ज नगर विकास समिति वि. सैनुल्ला मियाँ धोवी | १२ |
| १३. | लिखत बदर दर्ता बदर दर्ता कायम | हितनारायणलाल कर्ण वि. राजकुमार साहसमेत | १३ |
| १४. | राजीनामा दर्ता बदर खिचोला | कुतबुन निसा वि. रामसिंह कुर्मी | १४ |
| १५. | जालसाजी | कुतबुन निसा वि. रामसिंह कुर्मी | १५ |

| | | | |
|---|---|---|---|
| १६. | जालसाजी | अपसरा भन्ने धनमाया दाहालसमेत वि. रेखा नेपाल (दाहाल), सितादेवी भट्टराई वि. रेखा नेपाल (दाहाल) | १६ |
| १७. | लिखत दर्ता बदर दर्ता | संगिता गुप्ता वि. अम्बिका साह कानुसमेत | १७ |
| **इजलास नं. ४** | | | **१८ – २१** |
| १८. | अंश | अमर सिंह सुनार वि. क्षेत्रबहादुर विश्वकर्मा | १८ |
| १९. | दृष्टिबन्धक लिखत बदर | विरेन्द्रमान माली वि. दिनमहमद मियाँ भन्ने दिलमहमद मियाँसमेत | २० |
| **इजलास नं. ५** | | | **२१ – ३२** |
| २०. | लिखत बदर | शिवा शर्मा घिमिरे वि. शारदा पौडेल, रक्षा घिमिरेसमेत वि. शारदा पौडेल | २१ |
| २१. | आयकर (आ.व. २०६१/०६२) | ठुला करदाता कार्यालय, हरिहर भवन ललितपुर वि. याक एन्ड यति होटल लि. दरबारमार्ग काठमाडौं | २२ |
| २२. | बन्दी प्रत्यक्षीकरण | निर्मल ढकाल वि. सुर्खेत जिल्ला अदालत सुर्खेतसमेत | २३ |
| २३. | लिखत बदर दर्ता बदर दर्ता | शैलकुमारी देवीसमेत वि. बुनिराय यादव | २४ |
| २४. | उत्प्रेषणयुक्त परमादेश | सरोज तिवारीसमेत वि. प्रदेश लोकसेवा आयोग कार्यालय, बागमती प्रदेश हेटौंडा | २५ |
| २५. | उत्प्रेषणयुक्त परमादेश | रामचन्द्र ढकाल वि. नेपाल सरकार, रक्षा मन्त्रालय सिंहदरबार, काठमाडौंसमेत | २६ |
| २६. | बहुविवाह | नेपाल सरकार वि. मनिषा राना | २७ |
| २७. | जबरजस्ती करणी | श्रीराम थारूसमेत वि. नेपाल सरकार | २८ |
| २८. | उत्प्रेषणयुक्त परमादेश | इन्द्रकुमार शाह वि. खेचराज शाक्य | २९ |
| २९. | उत्प्रेषण | भोजराज खनाल वि. उच्च अदालत पोखरासमेत | ३० |
| ३०. | उत्प्रेषणसमेत | सिताकुमारी दाहालसमेत वि. श्रम अदालत अनामनगर, काठमाडौंसमेत | ३१ |
| ३१. | उत्प्रेषणयुक्त परमादेशसमेत | बलिभद्र राना वि. लुम्बिनी प्रदेशको प्रदेश सरकार, पर्यटन, ग्रामीण तथा सहरी विकास मन्त्रालयअन्तर्गतको प्रदेश राजधानी निर्माण आयोजना कार्यान्वयन इकाइ, राप्ती उपत्यका (देउखुरी), दाङसमेत | ३१ |
| **इजलास नं. ७** | | | **३२ – ३५** |
| ३२. | वैदेशिक रोजगार ठगी | हेमप्रसाद गुरूङ वि. नेपाल सरकार | ३२ |

| | | | |
|---|---|---|---|
| ३३. | जबरजस्ती करणी (बालबिज्याईँ) | नेपाल सरकार वि. परिवर्तित नाम ०४-५-आ | ३३ |
| ३४. | कर्तव्य ज्यान | नेपाल सरकार वि. दिपेन्द्र भन्ने दिपक धामीसमेत | ३४ |
| **इजलास नं. ८** | | | **३५ – ४१** |
| ३५. | जबरजस्ती करणी | दिलिप कार्की वि. नेपाल सरकार | ३५ |
| ३६. | कर्तव्य ज्यान | लालमणिदेवी साह वि. नेपाल सरकार | ३६ |
| ३७. | मानव बेचबिखन तथा ओसारपसार र जबरजस्ती करणी | नेपाल सरकार वि. लक्ष्मणप्रसाद गौचनसमेत | ३८ |
| ३८. | जालसाजी | अर्चनाकुमारी यादव वि. एकासीदेवी यादव, निर्मला कार्की वि. एकासीदेवी यादव, मन्दिरा यादवसमेत वि. एकासीदेवी यादव, कृष्णकुमार लोहिया वि. एकासीदेवी यादव | ४० |

| | | | |
|---|---|---|---|
| **इजलास नं. १०** | | | **४२ – ४४** |
| ३९. | हातहतियार खरखजाना | सुमन भण्डारी वि. नेपाल सरकार, नेपाल सरकार वि. सुमन भण्डारीसमेत, राम गुरूङ वि. नेपाल सरकार | ४२ |
| ४०. | बन्दी प्रत्यक्षीकरण | कृष्टिना यादव वि. जिल्ला प्रहरी कार्यालय, चितवनसमेत | ४२ |
| ४१. | कर्तव्य ज्यान र चोरी | बद्री तामाङ वि. नेपाल सरकार, सुरेश गोपाली वि. नेपाल सरकार, नेपाल सरकार वि. राजकुमार श्रेष्ठसमेत, नेपाल सरकार वि. सुरेश गोपाली | ४३ |

## संयुक्त इजलास

**१**

**स.का.मु.प्र.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा,** *०७९-RC-००१५, कर्तव्य ज्यान, नेपाल सरकार वि. कुमार भन्ने सरोजकुमार मगर*

मुलुकी ऐन ज्यानसम्बन्धी महलको १३(३) नं. मा लाठा ढुङ्गा र साधारण हातहतियारले कुटी, हानी, रोपी, घोची वा अरू ज्यान मर्ने गैह्रकुरा गरी ज्यान मरेमा एकै जनाले मात्र सो काम गरी ज्यान मारेमा सोही एक जना र धेरै जनाको हूल भई मारेमा यसैले मारेको वा यसको चोटले मरेको भन्ने प्रमाणबाट देखिन आएमा सोही मानिस मुख्य ज्यानमारा ठहर्छ । त्यस्तालाई सर्वस्वसहित जन्मकैद गर्नुपर्छ । सोबाहेक अरूलाई र यसैले मारेको वा यसैका चोटले मरेको भन्ने कुरा सो हात हतियार छाड्ने कसैउपर कुनै प्रमाणबाट देखिने ठहर्न नआएमा सबैलाई जन्मकैद गर्नुपर्छ भन्ने कानूनी व्यवस्था रहेको परिप्रेक्ष्यमा प्रतिवादी सरोजकुमार मगरले कृष्णकुमारी कटुवाललाई अनुहारमा मार्ने नियतले ढुङ्गा प्रहार गरेको देखिँदा निज प्रतिवादीले उक्त कानूनी प्रावधानविपरीतको कार्य गरेकोले निजलाई ऐ.ऐनबमोजिम सर्वश्वसहित जन्मकैदको सजाय गर्नुपर्ने भए तापनि हाल प्रचलनमा रहेको मुलुकी अपराध संहिता, २०७४ को दफा ४०(२) मा कानूनमा कुनै कसुरबापत सर्वस्वको सजाय हुने रहेछ भने यो ऐन प्रारम्भ भएपछि त्यस्तो कसुरमा सजाय गर्दा सर्वस्व हुने गरी सजाय गरिने छैन भन्ने कानूनी व्यवस्था रहेको हुँदा निज प्रतिवादीलाई सर्वस्व गरिरहन परेन ।

प्रतिवादी कुमार भन्ने सरोजकुमार मगरलाई मुलुकी ऐन अ.बं. १८८ नं. बमोजिम १० वर्ष (दश) कैद गर्ने गरी राय व्यक्त भएकोतर्फ विचार गर्दा, प्रतिवादी सरोजकुमार मगरले मृतक कृष्णकुमारी कटुवालसँग करणी गरेपश्चात् मृतकले विवाहको प्रस्ताव राख्दा प्रतिवादीले अस्वीकार गरी ढुङ्गा प्रहार गरेको कारण मृतक भुइँमा लडेपछि निज प्रतिवादी कृष्णकुमारी कटुवाललाई घिसारेर अलिक तल खोल्सीमा झारेर ठुलो ढुङ्गाले टाउकोमा प्रहार गरी निजको मृत्यु भएपछि भागेको भन्ने निजको बयानबाट नै पुष्टि भएको तथ्यले यी प्रतिवादीले विवाहको विश्वासमा पारी करणी गरी आफ्नो यौन प्यास मेटाएपश्चात् विवाहको प्रस्ताव अस्वीकार गरेको कारण उत्पन्न तनावमा मृतकलाई मनसायपूर्वक हत्या गरेको देखिँदा निज प्रतिवादी सरोजकुमार मगरलाई अ.बं.१८८ नं. बमोजिम राय लगाई कम सजाय गर्नु उक्त ऐनको भावना र मर्मअनुरूप हुने देखिएन। तसर्थ, सुरू उदयपुर जिल्ला अदालतबाट निज प्रतिवादीलाई अ.बं.१८८ नं. बमोजिम १० वर्ष कैद गर्ने गरी व्यक्त भएको राय सदर गर्ने गरी उच्च अदालत विराटनगरबाट भएको राय मिलेको देखिएन।

अत: उल्लिखित तथ्य एवम् कानूनी व्यवस्थासमेतको आधारमा प्रतिवादी सरोज कुमार मगरले मृतक कृष्णकुमारी कटुवाललाई मार्ने नियतले संवेदनशील अङ्ग टाउकोमा ढुङ्गा प्रहार गरेको तथ्य निज प्रतिवादीको साबिती बयानबाट पुष्टि भएको र मिसिल संलग्न अन्य कागजबाट समेत स्थापित भएसमेतको आधारबाट निजलाई अभियोग माग दाबीबमोजिम मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम सर्वश्वसहित जन्मकैद गर्ने गरी सुरू उदयपुर जिल्ला अदालतबाट मिति २०७३।५।१६ मा भएको फैसलालाई जन्मकैद गरेको हदसम्म सदर गर्ने गरी उच्च अदालत विराटनगरबाट मिति २०७८।६।८ मा भएको फैसला सदर हुने ठहर्छ। प्रतिवादी सरोजकुमार मगरलाई मुलुकी ऐन अ.बं. १८८ नं. बमोजिम १० वर्ष कैद गर्ने सुरू उदयपुर जिल्ला अदालतबाट व्यक्त भएको रायलाई सदर गर्ने गरी उच्च

अदालत विराटनगरबाट भएको फैसला रायको हदसम्म मिलेको देखिएन, प्रतिवादीलाई जन्मकैद हुने ।

इजलास अधिकृत : श्रद्धा विष्ट

कम्प्युटर : चन्दनकुमार मण्डल

इति संवत् २०७९ कार्तिक २७ गते रोज १ शुभम् ।

**२**

**स.का.मु.प्र.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री सुष्मालता माथेमा**, *०७९-WO-००३३, उत्प्रेषण / परमादेशसमेत, डा. जयप्रकाश राय यादव वि. नेपाल सरकार,* सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरबार, काठमाडौंसमेत

निवेदकलाई राष्ट्रिय किताबखानाले मिति २०७९।०५।०९ देखि अवकाश हुने भनी मिति २०७८।१०।०४ मा दिएको सूचनाउपर निज निवेदकको यस अदालतमा प्रस्तुत रिट निवेदन दर्ता भई प्रारम्भिक सुनुवाइ हुँदाका बखत यस अदालतबाट राष्ट्रिय किताबखानाको मिति २०७८।१०।०४, च.नं. २०९४ को अनिवार्य अवकाशसम्बन्धी सूचना कार्यान्वयन नगर्नु नगराउनु, यो निवेदनको अन्तिम टुङ्गो नलागेसम्म कार्यान्वयन नगरी यथास्थितिमा राख्नु भनी मिति २०७९।६।२६ मा अन्तरिम आदेश जारी भई निजले मिति २०७९।०५।०९ देखि हालसम्म सेवामा रही काम गरेको भन्ने कुरा बहसका क्रममा खुल्न आएको देखिन्छ । इन्द्रदेव यादव निजामती किताबखाना पुल्चोक, ललितपुरसमेत (ने.का.प.२०७५, अङ्क ७, निर्णय नं. १००४२) को उत्प्रेषण/परमादेश मुद्दामा यसै अदालतको पूर्ण इजलासले "विपक्षी निजामती किताबखानाले निवेदकलाई मिति २०७३।३।१६ पश्चात् अधिक अवधि सेवा गरी सोबापत प्राप्त गरेको आर्थिक सुविधा फिर्ता गर्नु भनी मिति २०७३।९।२४ मा गरेको निर्णय सो हदसम्म र सो निर्णयका आधारमा गरिएका आर्थिक सुविधा फिर्ता गर्नु भन्ने बेहोराका पत्राचार एवम् अन्य सम्पूर्ण कार्यहरू उत्प्रेषणको आदेशले बदर हुने ।.....निवेदकले मिति २०७३।३।१६ पश्चात् प्राप्त गरेको अधिक अवधिको पारिश्रमिकलगायतका काम गरेबापतका कानूनबमोजिमका आर्थिक सुविधाहरू निवेदकबाट फिर्ता नगराई निवृत्तिभरण अधिकारपत्र बनाइदिनु भनी विपक्षी निजामती किताबखाना हरिहरभवन, ललितपुरको नाममा परमादेशको आदेश जारी हुने ठहर्छ ।" भनी व्याख्या भएको छ । त्यसैगरी, बसन्त रायमाझी विरूद्ध प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, काठमाडौंसमेत (ने.का.प.२०७२, अङ्क ५, निर्णय नं. ९३९७) को उत्प्रेषण/परमादेश मुद्दामा यसै अदालतबाट "काम गरी खाइपाइ आएको तलब, भत्तालगायतका सुविधा फिर्ता दिनुपर्ने भन्नु न्यायसङ्गत हुँदैन । निजामती किताबखाना वा आफू कार्यरत कार्यालयमा जानकारी नदिई वा आफूलाई अवकाश मिति थाहा हुँदाहुँदै बढी अवधि जानाजान सेवा गरेको अवस्थामा बदनियतपूर्वक वा छल गरी सेवा गरेको देखिए पृथक् अवस्था हुन सक्छ । परन्तु प्रस्तुत विवादमा निवेदकले आफू अवकाश हुने मिति सम्बन्धमा कुनै प्रकारको छलकपट गरेको वा बदनियतपूर्वक गलत मनसाय लिई बढी अवधि सेवा गरी तलब भत्ता सुविधा प्राप्त गरेको भन्ने देखिन नआउने" भनी फैसला भएको छ । प्रस्तुत रिट निवेदकमा निज निवेदकले ढाँटी बढी अवधि सेवा गरेको होइन, साथै बदनियत राखेको पनि होइन । यसै अदालतबाट मिति २०७९।६।२६ मा जारी भएको अन्तरिम आदेशबाट निज निवेदकले सेवा गरेको देखिन्छ । साथै, श्रमसम्बन्धी विधिशास्त्रीय मान्यताले कुनै पनि व्यक्तिलाई विनापारिश्रमिक काममा लगाउने कुरालाई स्वीकार गर्दैन भने काम गर्ने व्यक्तिले उचित पारिश्रमिक पाउनुपर्ने मान्यता राख्दछ । विनापारिश्रमिक काममा लगाउँदा श्रमशोषण भएको मानिने र काम गर्ने व्यक्तिले काम गरेको समयको उचित पारिश्रमिक पाउने अधिकारसमेतको हनन हुन जाने अवस्था हुँदा निवेदकले पनि अन्तरिम आदेशबमोजिम काम गरेको अवधिको तलब भत्ताबापत

प्राप्त गर्ने कुरामा कुनै द्विविधा देखिन आउँदैन।

तसर्थ, माथि विवेचित आधार र कारणबाट राष्ट्रिय किताबखानाले रिट निवेदक डा. जय प्रकाश राय(यादव) (सङ्केत नं. १४४८२५) मिति २०७९।०५।०९ देखि अवकाश हुने भनी मिति २०७८।१०।०४ मा दिएको सूचनामा कुनै कानूनी त्रुटि नदेखिँदा निवेदन मागबमोजिमको उत्प्रेषणलगायतका रिट आदेश जारी गर्न मिलेन । प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत : नवीनकुमार यादव

कम्प्युटर : चन्दनकुमार मण्डल

इति संवत् २०८० वैशाख २९ गते रोज ६ शुभम्।

**३**

**स.का.मु.प्र.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री सुष्मालता माथेमा**, *०७४WO-०८६७, उत्प्रेषणयुक्त परमादेश, विष्णुदत्त बडु वि. शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, सिंहदरबार, काठमाडौंसमेत*

मिति २०३६।१२।२८ को जिल्ला शिक्षा आयोगको बैठकबाट भएको निर्णय र रिट निवेदक विष्णुदत्त बडुलाई जिल्ला कार्यालय, शिक्षा शाखा, दार्चुलाबाट सोही मितिमा दिइएको स्थायी नियुक्ति पत्रबाट नि.मा.वि. तहमा कार्यरत निज रिट निवेदक विष्णुदत्त बडुको मिति २०३४।०४।०९ देखि नै स्थायी सेवा गणना हुने भन्ने उल्लेख भएको देखियो । उक्त पत्र तथा सिफारिसहरूसमेतबाट यी निवेदक विष्णुदत्त बडु मिति २०३४।०४।०९ मा स्थायी नियुक्ति लिई अवकाश मिति २०७४।११।२७ सम्म निरन्तर रूपमा सेवारत रहेको भन्ने देखिन आएको छ।

निवेदक विष्णुदत्त बडुको वैयक्तिक तथा नोकरी विवरण फारामको प्रतिलिपि हेर्दा, यी निवेदकले प्रा.वि.तहको शिक्षकमा मिति २०३२।१०।२९ देखि लागु हुने गरी अस्थायी नियुक्ति लिई निरन्तर रूपमा कार्य गरी मिति २०३४।०१।०१ देखि नि.मा.वि. स्तरको शिक्षकमा कार्यरत रहेको र मिति २०३६।१२।२८ को निर्णयानुसार मिति २०३४।०४।०९ देखि नि.मा.वि. स्तरको शिक्षकमा स्थायी नियुक्ति भएको भन्ने उल्लेख भएको देखिन्छ ।

यी निवेदकले मिति २०३४।०४।०९ देखि लागु हुने गरी नि.मा.वि. स्तरको शिक्षक पदमा आधिकारिक निकायबाट स्थायी नियुक्ति लिएको तथ्यमा विवाद देखिन आएन। शिक्षकहरूको अभिलेख राख्ने निकायले शिक्षकहरूको सम्पूर्ण विवरण दुरूस्त राख्नुपर्ने हुन्छ । स्पष्ट कारण र आधारविना मनोगत आधारमा शिक्षकको वास्तविक विवरणमा फरक पर्ने गरी सच्याउनुपर्ने कुनै कारण र अवस्था देखिँदैन। कुनै विवरण सच्याइएको छ भने सोको आधार, कारणसमेत प्रस्ट हुनुपर्छ । साथै सोको जानकारी सम्बन्धित शिक्षकलाई समेत गराउनुपर्ने दायित्व उक्त निकायमा रहन्छ । प्रस्ट आधार, कारणविना नियुक्ति पाएको मितिलाई सच्चाई फरक मिति कायम गर्दा सम्बन्धित शिक्षकको हक हितमा असर पर्ने नै हुन्छ । यी निवेदकको मिति २०३४।०४।०९ को स्थायी नियुक्ति बदर नभई यथावत् रहेको देखिएको अवस्थामा स्थायी नियुक्ति मिति २०३६।१२।२८ कायम गरिदिँदा निजले अवकाशपश्चात् कानूनबमोजिम प्राप्त गर्ने सुविधामा समेत असर पर्ने नै देखियो।

तसर्थः माथि उल्लिखित आधार, प्रमाण एवम् कारणहरूसमेतबाट मिति २०३६।१२।२८ को जिल्ला शिक्षा आयोगको बैठकबाट भएको निर्णय र रिट निवेदक विष्णुदत्त बडुलाई जिल्ला कार्यालय, शिक्षा शाखा, दार्चुलाबाट सोही मितिमा दिइएको स्थायी नियुक्ति पत्र एवम् निज रिट निवेदक विष्णुदत्त बडुको वैयक्तिक तथा नोकरी विवरण फारामसमेतबाट रिट निवेदक विष्णुदत्त बडु नि.मा.वि. स्तरको स्थायी शिक्षक पदमा नियुक्त भएको मिति २०३४।०४।०९ भन्ने नै देखिएको, निजको सेवा अवधि बिचमा टुटेको भन्ने तथ्य कहीँकतै खुल्न नआई उक्त मितिलाई स्थायी भएको मिति कायम गर्न नमिल्ने कुनै कारणसमेत देखिन नआएको

अवस्थामा रिट निवेदक विष्णुदत्त बडुको हकमा मिति २०३६।१२।२८ लाई स्थायी नियुक्ति मिति कायम गर्ने गरी विपक्षी विद्यालय शिक्षक किताबखाना, परामर्श समिति, म्युजियम मार्ग छाउनी, काठमाडौंको मिति २०७३।०९।२८ को निर्णय र सो निर्णयका आधारमा मिति २०७५।०२।०६ को विद्यालय शिक्षक किताबखानाबाट भएको निर्णय एवम् पत्राचारसमेत उल्लिखित प्रमाणहरूको विपरीत देखिएकोले उत्प्रेषणको आदेशले बदर गरिदिएको छ। अब, निवेदक विष्णुदत्त बडुको मिति २०३४।०४।०९ लाई नै स्थायी नियुक्ति मिति कायम गरी निवृत्तिभरणलगायतका सुविधा उपलब्ध गराउनु भनी विपक्षीहरूको नाममा परमादेशको आदेश जारी हुने।

इजलास अधिकृत : नवीनकुमार यादव

कम्प्युटर : चन्दनकुमार मण्डल

इति संवत् २०८० वैशाख २९ गते रोज ६ शुभम्।

**४**

**स.का.मु.प्र.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री सुष्मालता माथेमा**, *०७९-WO-००१५, उत्प्रेषण / परमादेश, लाल मण्डल वि. नेपाल सरकार, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरबार, काठमाडौंसमेत*

निवेदकलाई राष्ट्रिय किताबखानाले मिति २०७९।०४।०६ देखि अवकाश हुने भनी मिति २०७८।०७।२२ मा दिएको सूचनाउपर निज निवेदकको यस अदालतमा प्रस्तुत रिट निवेदन दर्ता भई प्रारम्भिक सुनुवाइ हुँदाका बखत यस अदालतबाट राष्ट्रिय किताबखानाको च.नं. १५७४ मिति २०७८।७।२२ को अनिवार्य अवकाशसम्बन्धी सूचना कार्यान्वयन नगर्नु नगराउनु, यो निवेदनको अन्तिम टुङ्गो नलागेसम्म कार्यान्वयन नगरी यथास्थितिमा राख्नु भनी मिति २०७९।०४।०८ मा अन्तरिम आदेश जारी भई निजले मिति २०७९।०४।०६ देखि हालसम्म सेवामा रही काम गरेको भन्ने कुरा बहसका क्रममा खुल्न आएको देखिन्छ। इन्द्रदेव यादव विरूद्ध निजामती किताबखाना पुल्चोक, ललितपुरसमेत (ने.का.प.२०७५, अङ्क ७, निर्णय नं. १००४२) को उत्प्रेषण/परमादेश मुद्दामा यसै अदालतको पूर्ण इजलासले "विपक्षी निजामती किताबखानाले निवेदकलाई मिति २०७३।३।१६ पश्चात् अधिक अवधि सेवा गरी सोबापत प्राप्त गरेको आर्थिक सुविधा फिर्ता गर्नु भनी मिति २०७३।९।२४ मा गरेको निर्णय सो हदसम्म र सो निर्णयका आधारमा गरिएका आर्थिक सुविधा फिर्ता गर्नु भन्ने बेहोराका पत्राचार एवम् अन्य सम्पूर्ण कार्यहरू उत्प्रेषणको आदेशले बदर हुने।.....निवेदकले मिति २०७३।३।१६ पश्चात् प्राप्त गरेको अधिक अवधिको पारिश्रमिकलगायतका काम गरेबापतका कानूनबमोजिमका आर्थिक सुविधाहरू निवेदकबाट फिर्ता नगराई निवृत्तिभरण अधिकारपत्र बनाइदिनु भनी विपक्षी निजामती किताबखाना हरिहरभवन, ललितपुरको नाममा परमादेशको आदेश जारी हुने ठहर्छ, भनी व्याख्या भएको छ। त्यसैगरी, बसन्त रायमाझी विरूद्ध प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, काठमाडौंसमेत (ने.का.प.२०७२, अङ्क ५, निर्णय नं. ९३९७) को उत्प्रेषण/परमादेश मुद्दामा यसै अदालतबाट "काम गरी खाइपाइ आएको तलब, भत्तालगायतका सुविधा फिर्ता दिनुपर्ने भन्नु न्यायसङ्गत हुँदैन। निजामती किताबखाना वा आफू कार्यरत कार्यालयमा जानकारी नदिई वा आफूलाई अवकाश मिति थाहा हुँदाहुँदै बढी अवधि जानाजान सेवा गरेको अवस्थामा बदनियतपूर्वक वा छल गरी सेवा गरेको देखिए पृथक् अवस्था हुनसक्छ। परन्तु प्रस्तुत विवादमा निवेदकले आफू अवकाश हुने मिति सम्बन्धमा कुनै प्रकारको छलकपट गरेको वा बदनियतपूर्वक गलत मनसाय लिई बढी अवधि सेवा गरी तलब भत्ता सुविधा प्राप्त गरेको भन्ने देखिन नआउने।" भनी फैसला भएको छ। प्रस्तुत रिट निवेदकमा निज निवेदकले ढाँटी बढी अवधि सेवा गरेको होइन, साथै बदनियत राखेको पनि

होइन । यसै अदालतबाट मिति २०७९।०४।०८ मा जारी भएको अन्तरिम आदेशबाट निज निवेदकले सेवा गरेको देखिन्छ । साथै, श्रमसम्बन्धी विधिशास्त्रीय मान्यताले कुनै पनि व्यक्तिलाई विनापारिश्रमिक काममा लगाउने कुरालाई स्वीकार गर्दैन भने काम गर्ने व्यक्तिले उचित पारिश्रमिक पाउनुपर्ने मान्यता राख्दछ। विनापारिश्रमिक काममा लगाउँदा श्रमशोषण भएको मानिने र काम गर्ने व्यक्तिले काम गरेको समयको उचित पारिश्रमिक पाउने अधिकारसमेतको हनन हुन जाने अवस्था हुँदा निवेदकले पनि अन्तरिम आदेशबमोजिम काम गरेको अवधिको तलब भत्ताबापत प्राप्त गर्ने कुरामा कुनै द्विविधा देखिन आउँदैन।

तसर्थ, माथि विवेचित आधार र कारणबाट राष्ट्रिय किताबखानाले रिट निवेदक सुब्बालाल मण्डल मिति २०७९।०४।०६ देखि अवकाश हुने भनी मिति २०७८।०७।२२ मा दिएको सूचनामा कुनै कानूनी त्रुटि नदेखिँदा निवेदन मागबमोजिमको उत्प्रेषणलगायतका रिट आदेश जारी गर्न मिलेन । प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत : नवीन कुमार यादव

कम्प्युटर : चन्दनकुमार मण्डल

इति संवत् २०८० वैशाख २९ गते रोज ६ शुभम्।

## इजलास नं.१

### ५

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र श्री कुमार रेग्मी,** *०७६-CR-०२७१, जबरजस्ती करणी, नेपाल सरकार वि. सूर्यबहादुर योन्जन*

वर्ष १४ की पीडित नाम परिवर्तित ३१(०७४।०७५-३८) लाई मिति २०७४।१०।०६ का दिन अं.१६:०० बजेको समयमा प्रतिवादी सूर्यबहादुर योन्जनले मकवानपुर जिल्ला, मकवानपुरगढी गाउँपालिका, वडा नं.३ गुम्बा डाँडामा लगी रू.५००।- दिन्छु भनी मोवाइलसमेत दिई प्रलोभनमा पारी जबरजस्ती करणी गरेको भनी छोरीले बताएको भनी पीडितको आमा नाम परिवर्तित ३१(०७४।०७५-३९) ले जाहेरी दिएपश्चात् प्रस्तुत मुद्दाको अनुसन्धान प्रारम्भ हुँदा पीडित नाम परिवर्तित ३१(०७४।०७५-३८) ले उक्त जाहेरी बेहोरालाई नै समर्थन गरी "मिति २०७४।१०।०६ मा घाँस काट्नको लागि मकवानपुर जिल्ला, मकवानपुरगढी गाउँपालिका, वडा नं. ३ स्थित गुम्बा डाँडामा गएको बेला सूर्यबहादुर योन्जनले रू.५००।- र मोवाइलको प्रलोभनमा पारी जबरजस्ती करणी गरेको हुँदा मलाई पीडा भएपछि सो घटनाबारे जाहेरवाली आमालाई बताएपश्चात् प्रहरी कार्यालयमा उजुरी गरेको हो" भन्ने बेहोरा मौकामा लेखाएको देखिन्छ। मिति २०७४।१०।१५ मा भएको पीडितको स्वास्थ्य परीक्षणबाट HYMEN TEAR PRESENT AT ६,७,१० O'CLOCK भन्ने प्रतिवेदन बेहोरा पाइने।

प्रतिवादी सूर्यबहादुर योञ्जनले अनुसन्धान अधिकारीसमक्षको बयानमा जाहेरी आरोपबमोजिम निजले पीडितलाई जबरजस्ती करणी गरेको हो भनी कसुर स्वीकारै गरे तापनि अदालतमा बयान गर्दा, "पीडित परिवर्तित नाम ३१(०७४।०७५-३८) ले निजको साथीहरूसँग फोन गर्न मेरो मोवाइल मागी फोन गरिरहेको अवस्थामा जाहेरवालीले भेटेपछि पीडितलाई पिटेको र त्यो मोवाइल मेरो हो भनी थाहा पाएपछि ममाथि झुठा जाहेरी दिएको हो, मैले जबरजस्ती करणी गरेको होइन" भनी इन्कारी बयान गरेको पाइने।

जाहेरवाली परिवर्तित नाम ३१(०७४।०७५-३९) ले अदालतमा बकपत्र गर्दा, "प्रतिवादीले नै मेरो छोरीलाई जबरजस्ती करणी गरेको हो भन्न म सक्दिनँ, मैले देखेको छैन । छोरीले प्रतिवादीको मोवाइल लिएको थाहा पाएर मेरो दिदीले देखेर कुटपिट गरी घर ल्याएपछि निज दिदीले भनेबमोजिम जाहेरी दिएको हुँ" भनी बकपत्र गरेको देखिन्छ । त्यसैगरी,

पीडित परिवर्तित नाम ३१(०७४।०७५-३८) ले समेत अनुसन्धानको बखत गरेको मौकाको कागजको बेहोराविपरीत “मेरो मामा पर्ने प्रतिवादी सूर्यबहादुर योन्जनले मलाई जबरजस्ती करणी गरेको होइन । मैले मितिनीलाई फोन गर्न मोवाइल मागेको थिएँ, पछि मैले प्रतिवादीलाई मोवाइल फिर्ता दिन भ्याइनँ । मेरो ठुलोममीले मेरो हातमा प्रतिवादीको मोवाइल देखेर पिट्दै घरसम्म लगी गाली गर्नुभयो र प्रहरीलाई बोलाई प्रतिवादीलाई लगेको हो” भनी लेखाएको देखिने ।

पीडितको स्वास्थ्य परीक्षण प्रतिवेदनको सम्बन्धमा सो परीक्षण गर्ने चिकित्सक डा.बन्दना अधिकारीले अदालतमा बकपत्र गर्दा, “पीडितको योनि वरिपरि सेतो पदार्थ थियो र हाइमेन टियर ६,७,१० बजेको पोजिसनमा थियो । सो टियर तत्काल च्यातिएकोजस्तो देखिन्थ्यो । कन्याजाली यौन सम्पर्कबाहेक अत्यधिक व्यायाममूलक क्रियाकलाप गर्दा अथवा चोट लागेर पनि हुन सक्छ” भनी उल्लेख गरेको देखिन्छ । पीडित परिवर्तित नाम ३१(०७४।०७५-३८)को अदालतको बकपत्रमा सवाल नं. ८ को जवाफमा निजले “साइकल चलाउने गरेकोले कन्याजाली च्यातिएको होला” भन्ने बेहोरा उल्लेख गरेको पाइने ।

उल्लिखित तथ्य प्रमाणहरूको विश्लेषण गरी हेर्दा, जाहेरवालाले जाहेरीमा तथा पीडितले मौकामा कागज गर्दा यिनै प्रतिवादी सूर्यबहादुर योन्जनले जबरजस्ती करणी गरेको हो भनी लेखाएको भए तापनि निजहरूले अदालतमा मौकाको बेहोराविपरीत बकपत्र गरेको देखिन्छ । यी प्रतिवादीले पीडितलाई करणी गरेको भन्ने कुरा जाहेरवालाको दिदीले भनेबमोजिम निजले जाहेरी दिएको भन्ने जाहेरवालाको बकपत्र बेहोरा रहेको र पीडितसमेतले निजको ठुलोममीले पिटेको कारण यी प्रतिवादीले जबरजस्ती करणी गरेको भनेको हुँ भनी बकपत्र गरेको अवस्था देखिन्छ । साथै, घटनास्थल मुचुल्काका मानिस चन्द्रबहादुर योन्जनले बकपत्रमा यी प्रतिवादी र पीडितको ठुलोममीबिच रिसइवी रहेको उल्लेख गरी प्रतिवादीलाई निर्दोष देखाई बकपत्र गरेको देखिन्छ । प्रतिवादीले समेत अदालतमा बयान गर्दा कसुरमा इन्कारी बयान गरेको देखिने ।

प्रतिवादी सूर्यबहादुर योन्जनउपरको अभियोग दाबी शंकारहित तवरबाट पुष्टि हुन नसकेको हुनाले निजले सफाइ पाउने भनी सुरू मकवानपुर जिल्ला अदालतको फैसलालाई नै सदर गरी उच्च अदालत पाटन, हेटौंडा इजलासबाट मिति २०७५।१०।०६ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत : मनिता गुरूङ

कम्प्युटर : राधिका घोरासाइने

इति संवत् २०७९ साल जेष्ठ ५ गते रोज ५ शुभम् ।

## ६

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री कुमार रेग्मी**, *०७१-RB-००१६, सामुन्द्रिक बिमा दाबी, डा.प्रणव सेन वि. जयलक्ष्मी इन्टरप्राइजेज प्रा.लि.*

बिमित कम्पनी (प्रत्यर्थी वादी) ले सम्झौताबमोजिमको वस्तु आयात गर्ने क्रममा सोमध्ये ४२५.४६३ मेट्रिक टन क्षति भएको र हालसम्म विभिन्न प्रक्रियामा जाँदा समय गुज्रँदै गएका कारण बैंकको ब्याजसमेतको थप व्ययभार कम्पनीलाई पर्न गएको हुँदा सो वस्तुको मूल्य एवम् आयात गर्दाको दस्तुर र थप नोक्सानीसमेत जम्मा रू.८२,५४,६३४।- रकम भराइपाउँ भन्ने दाबी प्रस्तुत गरेको पाइयो । सो दाबी पेस गरेपश्चात् बिमा कम्पनी (बिमक) ले सन् १२/०५/२००२ मा सर्भेयर नियुक्त गरेको पाइन्छ । सर्भेयर राजकुमारले OCT.२८.२००२ मा पेस गरेको MARINE SURVEY REPORT (सामुन्द्रिक सर्भे रिपोर्ट) नामकरण गरेको सो प्रतिवेदन हेर्दा क्षतिको वास्तविक विवरण उल्लेख गरेको देखिँदैन । निजले सोसँगै संलग्न गरेको NARRATIVE REPORT(विस्तृत प्रतिवेदन) नामकरण गरेको सो प्रतिवेदनमा THE NET LOSS HAS BEEN ASSESSED FOR ४५८७६

KGS अर्थात् ४५८७६ किलोग्राम क्षति भएको देखाइएको छ। सो परिमाणलाई मेट्रिक टनमा परिणत गर्दा ५०.५६९ मेट्रिक टन देखिन्छ। तर सो वस्तुको प्रचलित मूल्यसहित वास्तविक क्षतिको विवरण भने उल्लेख गरेको नदेखिने।

प्रस्तुत विवाद बिमा समितिसमक्ष पेस भएपश्चात् बिमा समितिले नेसनल इन्स्योरेन्स कम्पनीलाई मिति २०५९।०६।१४ मा गरेको पत्रानुसार लिखित जवाफ माग गरेकोमा पुनरावेदक प्रतिवादी बिमा कम्पनीले सर्भेयरबाट रिपोर्ट पेस भएपछि बिमा दाबी फछ्र्यौट गरिने बेहोराको जानकारी गराएको पाइन्छ भने सर्भेयरले करिब १० लाख बराबरको क्षति भएको बेहोराको प्रतिवेदनसहितको लिखित जवाफ पेस गरेको देखिन्छ। बिमा समितिसमक्ष बिमित कम्पनी (वादी) ले पटकपटक गरी क्षतिपूर्ति सम्बन्धमा थप दाबी र प्रमाण पेस गरेकोसमेत देखिन्छ। तत्पश्चात् बिमा समितिले ए.के. डागा इन्भेस्टिगेटर्स लिगल एडभाइजर्स एण्ड सर्भेयर्स टेवहाललाई क्षति यकिन गरी प्रतिवेदन पेस गर्न नियुक्त गरेकोमा निजले मिति २०६१।०४।०४ मा बिमा समितिसमक्ष पेस गरेको प्रतिवेदनमा “NO WEIGHT BRIDGE AROUND RAXUAL RAILWAY YARD” अर्थात् रक्सौल रेलवे क्षेत्रमा जोख्ने साधन (WEIGH BRIDGE) नभएको भन्ने बेहोराको र सन् १२.०५.२००२ मा गोरखपुर रेलवेमा पेस गरेको र सन् ०७.०६.२००२ तथा सन् ०६.०९.२००२ को गोरखपुर रेलवेको पत्र विश्वासलायक नभएको (FABRICATED) भन्ने बेहोरा उल्लेख गरेको पाइने।

प्रस्तुत विवादमा वास्तविक क्षति कति हो भन्ने नै यकिन हुन सकेको पाइँदैन। सर्भेयर विजयले पेस गरेको एउटा प्रतिवेदनमा करिब १० लाख क्षति रहेको भन्ने र निजकै अर्को प्रतिवेदनमा ४५८७६ किलोग्राम क्षति भएको भन्ने उल्लेख भएकोमा बिमा समितिले नियुक्त गरेको सर्भेयरको प्रतिवेदनमा रक्सौल रेलवे क्षेत्रमा सो वस्तु तौल गर्ने मेसिन नै नभएको र दाबीकर्ताले पेस गरेको कागजात नै विश्वासप्रद नभएको (FEBRICATED) भन्ने बेहोरा उल्लेख गरेको पाइन्छ। दाबीकर्ता बिमित र बिमक कम्पनीबिच क्षतिको वास्तविक परिमाण र सोको हुन आउने वास्तविक मूल्यको सम्बन्धमा चलेको प्रस्तुत विवाद करिब २० वर्ष पुरानोसमेत भइसकेको र विवादित वस्तुसमेत तत्काल मौजुद नरहेकोसमेतका अवस्थाको विश्लेषण गर्दा र पक्षहरूबिचमा क्षतिका सम्बन्धमा मतैक्यता कायम हुन नसकेको परिप्रेक्ष्यमा वास्तविक क्षति यकिन **नगर्नु नै** चुनौतीपूर्ण रहेको देखिने।

यसै विषयमा बिमित कम्पनीले रेल दावा अधिकरण, पटनापीठ (भारत) (RAILWAY CLAIMS TRIBUNAL, PATNA BENCH) समक्ष पेस गरेको उजुरी खारेज हुने ठहरी सन् २१.१२.२०११ को निर्णयउपर यी प्रत्यर्थी वादीले उच्च अदालत पटना(भारत) (PATNA HIGH COURT) मा पुनरावेदन गरेको देखिन्छ र सो विषयमा अन्तिम निर्णयसमेत भइसकेको देखिँदैन।

प्रस्तुत विषयमा नेपाल तथा भारतका अदालतमा समेत मुद्दा चलिरहेको देखिनुका साथै पक्षहरूले नियुक्त गरेको सर्भेयरबाट वास्तविक क्षतिको परिमाण र सोको वास्तविक मूल्य यकिन भई नआएको, गोरखपुर रेलवेलगायतका कागजात FABRICATED भन्ने बिमा समितिले नियुक्त गरेका अर्को सर्भेयरको प्रतिवेदन रहेको एवम् बिमित वादी र बिमक प्रतिवादीका बिच बिमालेख भएको तथा क्षति भएको तथ्यमा दुई मत नभए पनि वास्तविक हानि नोक्सानीको यकिन गर्नुपर्ने अवस्था रहेकाले दुवै पक्षको आपसी सहमतिमै सो कुरा निर्धारण गर्दा विवादको दिर्घकालीन समाधान र वास्तविक न्याय पर्न जाने हुन्छ। यस परिप्रेक्ष्यमा बिमा समितिबाट “बिमकबाट खटिएका सर्भेयरले दिएको प्रतिवेदन एवम् बिमितले क्षति भएको भनी पेस गरेको पूर्वोत्तर रेलवे गोरखपुरको पत्रसमेतको

आधारमा पुनः दायित्व निर्धारण गर्नुपर्ने भए निर्धारण गरी बिमालेखबमोजिम भुक्तानी गर्न बिमक नेसनल इन्स्योरेन्स कम्पनी लि.लाई बिमा ऐन, २०४९ को दफा ८(घ१), दफा १७ को उपदफा (४) तथा बिमा नियमावली, २०४९ को नियम ३३ को उपनियम (२) बमोजिम आदेश हुने ठहर्छ" भनी मिति २०६८।११।१५ मा भएको निर्णय सदर गरेको तत्कलीन पुनरावेदन अदालत, पाटनको मिति २०६९।१०।०४ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत : इन्द्रबहादुर कठायत

कम्प्युटर : राधिका घोरासाइने

इति संवत् २०७९ साल भदौ ३१ गते रोज ६ शुभम्।

७

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री हरिप्रसाद फुयाल,** *०६७-CI-१४०३, हक कायम सर्भे नक्सामा कित्ता संशोधन, खलिल मिया ठकुराई वि. हृदेश नारायण चौरसिया वरैसमेत*

जग्गा नाप जाँचको वास्तविक स्थिति फिल्डबुकबाट देखिने हुन्छ। विवादित कि.नं. २०४ र २०५ को मिति २०२२।०८।२१ मा भएको नापीको फिल्डबुक उतारबाट कि.नं. २०४ को क्षेत्रफल ३-३-० जग्गाको किसानको नाम थरमा हृदेशप्रसाद वरै तथा कि.नं. २०५ को क्षेत्रफल ०-१-० जग्गाको किसानको नाम थरमा सकुन्ती ठकुराई रहेको जनिई निजहरू स्वयम् उपस्थित भई सहीछापसमेत गरेको तथ्यबाट उक्त कित्ता जग्गाहरूको साबिकदेखि नै सोही क्षेत्रफलमा सम्म निजहरू जग्गाधनी रहेको स्थिति देखिन्छ। साबिकको जग्गाधनी सकुन्ती ठकुराईबाट ताहिर मियाको नाउँमा र ताहिर मियाको नाउबाट यी प्रतिवादी खलिल मियाँको नाउमा नामसारी हुँदासमेत निजको कि.नं. २०५ को जग्गाको क्षेत्रफल ०-१-० मात्र जनिएको पाइन्छ। मालपोत कार्यालय, बाराको मोठ स्रेस्तामा पनि कि.नं. २०४ मा क्षेत्रफल ३-३-० भई वादीका नाममा र कि.नं. २०५ मा क्षेत्रफल ०-१-० जग्गा दर्ता रही सोही अनुसार निज प्रतिवादीलाई जग्गाधनी प्रमाणपुर्जासमेत लिएको देखिन्छ। यसरी साबिकदेखि नै वादीहरूको कि.नं. २०४ को क्षेत्रफल ३-३-० र प्रतिवादीको कि.नं. २०५ को क्षेत्रफल ०-१-० रहेको पुष्टि भइरहेको अवस्थामा उक्त नापीको नक्सामा मात्र सीमित भई नरबढी जग्गा यी प्रतिवादीको हुन्छ भन्नु कानूनसङ्गत देखिँदैन। जग्गाको हक भोगको स्रोत अन्यथा प्रमाणित नभएसम्म मोठ स्रेस्तामा दर्ता रहेको जग्गाधनी प्रमाण पुर्जालाई नै आधिकारिक मान्नुपर्ने।

जहाँसम्म वादीहरूले लामो समयसम्म उक्त कि.नं. २०४ को नक्सामा चित्त बुझाई बसेको अवस्था हुँदा नक्सा संशोधन नहुने भन्ने प्रतिवादीको जिकिर छ, सो सम्बन्धमा सम्पूर्ण कागज प्रमाणहरूबाट साबिकदेखि नै वादीहरूको नाममा दर्ता रहेको कि.नं. २०४ को क्षेत्रफल ३-३-० र प्रतिवादीको नाममा दर्ता रहेको कि.नं. २०५ को क्षेत्रफल ०-१-० रहेको प्रस्ट हुँदा उक्त नापी नक्सामा भएको कित्ता नम्बरको लेखसम्मको त्रुटि सच्च्याइ संशोधन गर्न हदम्याद बाधक हुने भनी मान्न मिलेन। वादी प्रतिवादीको साबिक दर्ता स्रेस्ता र नापीबाट कायम भएको फिल्डबुक र दर्ता स्रेस्तासमेतको प्रतिकूल हुने गरी तयार भएको नापीको नक्सा संशोधन हुने गरी पुनरावेदन अदालत, हेटौंडाबाट भएको फैसला न्यायोचित नै देखिने।

अतः माथि उल्लेख भएको आधार, कारणसमेतबाट बारा जिल्ला, मटिअर्वा गा.वि.स. वडा नं. ९ को नापीको नक्सा संशोधन गरी वादीको कि.नं. २०४ को जग्गाको क्षेत्रफल ३-३-० र प्रतिवादीको कि.नं. २०५ को जग्गाको क्षेत्रफल ०-१-० कायम हुने गरी नक्सा सुधार हुने ठहऱ्याई सुरू बारा जिल्ला अदालतबाट मिति २०६४।०९।२५ मा भएको फैसला सदरै गरी पुनरावेदन अदालत, हेटौंडाबाट मिति २०६६।०७।१६ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत : मनिता गुरूङ
कम्प्युटर : देबिमाया खतिवडा (देबिना)
इति संवत्२०७९ साल जेष्ठ ३ गते रोज ३ शुभम्।
यसै लगाउका निम्न मुद्दाहरूमा पनि यसैअनुसार फैसला भएका छन्:

- ०६७-CI-१४०४, मिलापत्र बदर, खलिल मिया ठकुराई वि. हृदेश नारायण चौरसिया वरैसमेत
- ०६७-CI-१४०६, नरबढी जग्गा हक कायम दर्ता, खलिल मिया ठकुराई वि. हृदेश नारायण चौरसिया वरैसमेत
- ०६७-CI-१४०५, जग्गा टन्टा खिचोला चलन, खलिल मिया ठकुराई वि. हृदेश नारायण चौरसिया वरैसमेत
- ०६७-CR-१११३, जालसाजी, खलिल मिया ठकुराई वि. हृदेश नारायण चौरसिया वरैसमेत

८

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री हरिप्रसाद फुयाल**, *०७३-CR-०२७०, जबरजस्ती करणी, गोपाल नेपालीसमेत वि. नेपाल सरकार*

प्रतिवादीहरू गोपाल नेपाली र सुरेश नेपालीले आपाङ्ग महिलालाई जबरजस्ती करणी गरेकोमा मुलुकी ऐन, २०२० को जबरजस्ती करणीको ३ क नं. बमोजिम थप सजाय गरिपाउँ भन्ने अभियोगदाबी रहेको देखिन्छ। मुलुकी ऐन, २०२० को जबरजस्ती करणीको ३क. नं. को कानूनी व्यवस्था हेर्दा "महिलालाई सामूहिक रूपमा जबरजस्ती करणी गर्ने वा गर्भवती, असक्त वा अपाङ्ग महिलालाई जबरजस्ती करणी गर्नेलाई यस महलमा लेखिएको सजायमा थप पाँच वर्ष कैद गर्नुपर्छ ।" भन्ने व्यवस्था रहेको पाइयो। उक्त कानूनी व्यवस्थालाई प्रस्तुत मुद्दाको रोहमा हेर्दा प्रतिवादीहरूले पुनरावेदन गर्दा पीडितको कद होचोसम्म भए पनि निज शारीरिक रूपमा सबलाङ्ग रहेको भन्ने पुनरावेदन जिकिर गरे तापनि पीडित सङ्केत नं. ५२ (च) को स्वास्थ्य परीक्षण गर्दा निज शारीरिक रूपमा अपाङ्ग र अशक्त पाइयो, निजको तौल, उचाइ वयस्क महिलाको भन्दा कम पाइयो तर निजको यौनिक विकास, ज्ञानेन्द्रिय, स्तन पूर्णरूपमा विकसित पाइयो, निजको उमेर १७ वर्ष देखि २५ वर्षको थियो भन्ने पीडितको स्वास्थ्य परीक्षण गर्ने चिकित्सक डा. जगदिश पाण्डेयले गरेको बकपत्र तथा पीडितको स्वास्थ्य परीक्षण प्रतिवेदनबाट देखिँदा निज पीडित सङ्केत नं. ५२ (च) शारीरिक रूपमा अपाङ्ग र अशक्त रहेको कुरा पुष्टि भएको देखिने।

अब, यस प्रकारको कसुर भएमा के कस्तो सजाय हुन्छ भन्ने सम्बन्धमा हेर्दा साबिक मुलुकी ऐन जबरजस्ती करणीको महलको ३ नं. जबरजस्ती करणी गर्नेलाई देहायबमोजिम कैद सजाय हुने छ। दश वर्षभन्दा मुनिकी बालिका भए दशदेखि पन्ध्र वर्षसम्म, दश वर्ष वा सोभन्दा बढी चौध वर्षभन्दा कम उमेरकी बालिका भए आठदेखि बाह्र वर्षसम्म, चौध वर्ष वा सोभन्दा बढी सोह्र वर्षभन्दा कम उमेरकी बालिका भए छ वर्षदेखि दश वर्षसम्म, सोह्र वर्ष वा सोभन्दा बढी बिस वर्षभन्दा कम उमेरकी महिला भए पाँच वर्षदेखि आठ वर्षसम्म, बिस वर्ष वा सोभन्दा बढी उमेरकी महिला भए पाँचदेखि सात वर्षसम्म कैद सजाय हुने र ३क. नं. महिलालाई सामूहिक रूपमा जबरजस्ती करणी गर्ने वा गर्भवती, असक्त वा अपाङ्ग महिलालाई जबरजस्ती करणी गर्नेलाई यस महलमा लेखिएको सजायमा थप पाँच वर्ष कैद गर्नुपर्छ भन्ने कानूनी व्यवस्था रहेको देखिने।

अतः माथि विवेचित आधार र कारणबाट प्रतिवादीहरू गोपाल नेपाली र सुरेश नेपालीलाई मुलुकी ऐन, जबरजस्ती करणीको महलको १,३(५), ३ क नं. को कसुरमा प्रतिवादीहरूको अपराधमा भएको संलग्नतालाई मध्यनजर गरी प्रतिवादी गोपाललाई ऐ. ३ (५) नं. बमोजिम ६ (छ) वर्ष कैद सजाय भई ऐ. ३ क नं.बमोजिम थप ५ वर्ष कैद सजाय हुने र प्रतिवादी

सुरेश नेपालीलाई ऐ. ३(५) नं. बमोजिम ५ वर्ष कैद र ३ क नं. बमोजिम थप ५ वर्ष कैद सजाय भई निज प्रतिवादीहरूको आर्थिक हैसियतसमेतलाई मनन गरी जबरजस्ती करणीको महलको १० नं. बमोजिम पीडितले प्रतिवादी गोपालबाट रू. ५०,०००।- (पचास हजार रूपैयाँ) र प्रतिवादी सुरेशबाट रू ३०,०००।- (तिस हजार रूपैयाँ) क्षतिपूर्ति भरिपाउने ठहर गरी सुरू प्युठान जिल्ला अदालतबाट भएको फैसला सदर हुने।

इजलास अधिकृत : लिलाधर सुवेदी

कम्प्युटर : राधिका घोरासाइने

इति संवत् २०७९ साल साउन १९ गते रोज ५ शुभम्।

९

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री हरिप्रसाद फुयाल,** *०७३-RB-०२११, मूल्य अभिवृद्धि कर, आन्तरिक राजस्व कार्यालय, धरान, सुनसरी वि. नवरंग टि.भी. सेन्टर*

प्रत्यर्थी करदाता विभिन्न किसिमका टि.भी. लगायतका इलेक्ट्रोनिक्स सामानहरू बिक्री गर्ने फर्म रहेको देखिन्छ । पुनरावेदक/वादी आन्तरिक राजस्व कार्यालय, धरानले जरिवानासहित रू.८,६३,६९४।- मूल्य अभिवृद्धि करसमेत लाग्ने विभिन्न सामानहरूको STOCK MISSING गरेको हुँदा उक्त रकम करदाताले तिर्नुपर्ने भनी अन्तिम कर निर्धारण आदेश जारी भएको देखिन्छ । खरिद भएका सामानहरूको स्टकबाट बिक्री भएका सामानहरू घटाउँदा बाँकी रहन जाने सामान नै वास्तविक स्टक रहेको भन्ने रहन जाने हुन्छ। पुनरावेदक आन्तरिक राजस्व कार्यालयले प्रत्यर्थी करदाताको STOCK भौतिक निरीक्षण गर्दा विभिन्न सामानहरूको टिपोटसम्म गरेको, तर सो टिपोटलाई पुनरावेदक करदाताले प्रमाणित गरिदिएको खरिद खाता र बिक्री खाता भिडाई यो मूल्यका यी यी सामानहरू घटी देखिन आएको भनी स्पष्ट रूपमा उल्लेख गर्न सकेको पाइँदैन। करदाताको खरिद खाता र बिक्री खाता, जुन पुनरावेदक कार्यालयले प्रमाणित गरिदिएको छ, त्यसलाई पुनरावेदकले अन्यथा भन्न सकेको पनि पाइँदैन। पुनरावेदक कार्यालयले प्रमाणित गरिदिएको खरिद खाता र बिक्री खाताले पनि सामानको स्टकको बारेमा पुष्ट्याईँ गर्ने कार्य गर्दछ। सो प्रमाणित विवरणलाई प्रमाणमा लिनुपर्ने।

विवादका सम्बन्धमा कानूनी व्यवस्था हेरिँदा मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा २०(३) मा "उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि उपर्युक्तबमोजिम करको निर्धारण गर्दा प्रमाणको भार पुऱ्याउने अभिभारा सम्बन्धित कर अधिकृतको हुने छ" भन्ने व्यवस्था रहेको पाइन्छ । सो कानूनी व्यवस्थाबमोजिम पुनरावेदक/वादी आन्तरिक राजस्व कार्यालय धरानले प्रत्यर्थी करदातालाई कर लगाउँदा वस्तुगत रूपमा कर लगाएको भनी मान्न नसकिने।

वस्तुतः प्रत्यर्थी करदाताको खरिद खाता र बिक्री खाता पुनरावेदक आन्तरिक राजस्व कार्यालय, धरानले प्रमाणित गरिदिएको अवस्थामा सो खरिद खाता र बिक्री खाता अनुसार प्रत्यर्थी करदाताको MISSING भएको STOCK सँग भिडाइ कम रहेको भन्नलाई मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा २०(३) बमोजिम सम्बन्धित कर अधिकृतले नसकेको, आफ्नै कार्यालयबाट प्रमाणित भएको खरिद खाता र बिक्री खाताबाट STOCK MISSING भएको के कति परिमाण फरक परेको हो भन्ने देखाउन नसकेको अवस्थामा पुनरावेदक/वादी आन्तरिक राजस्व कार्यालय, धरानको अन्तिम कर निर्धारण आदेश र आन्तरिक राजस्व विभागको निर्णयसमेत उल्टी हुने ठहऱ्याई सो कर र जरिवाना तिर्नु बुझाउनु नपर्ने गरी भएको राजस्व न्यायाधिकरण, विराटनगरको फैसला मिलेकै देखिने।

पुनरावेदक/वादी आन्तरिक राजस्व कार्यालय, धरानले प्रत्यर्थी/प्रतिवादी नवरंग टि.भी. सेन्टरलाई STOCK MISSING भएको भनी रू.८,६३,६९४।- समेत तिर्नु बुझाउनुपर्ने गरी भएको

मिति २०६८।०३।२४ को निर्णय र सो निर्णयलाई सदर गर्ने ठहऱ्याएको आन्तरिक राजस्व विभागको मिति २०६९।०३।१२ को निर्णयसमेत मिलेको नदेखिँदा सो रकमसमेत प्रत्यर्थी करदाता नवरंग टि.भी.लाई लाग्न नसक्ने ठहऱ्याई भएको राजस्व न्यायाधिकरण, विराटनगरको मिति २०७०।०३।२१ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत : इन्द्रबहादुर कठायत र भेषराज भट्टराई

कम्प्युटर : राधिका घोरासाइने

इति संवत् २०७९ साल भदौ १३ गते रोज २ शुभम्।

१०

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री हरिप्रसाद फुयाल**, *०७२-RB-०१९८, आयकर (०६५।०६६), राजेन्द्रप्रसाद शर्मा वि. कृष्णमान प्रधान*

करदाता ठमेल बचत तथा ऋण सहकारी संस्थाले आ.व. ०६५।०६६ को आय विवरण पेस गरेकोमा आन्तरिक राजस्व कार्यालय क्षेत्र नं. ३ ले पेस भएको आय विवरणमा जोखिम बेहोर्ने कोषमा रहेको रकम र कर्मचारी सञ्चयकोष योगदान रकमलाई खुद आयमा समावेश गरेकोमा सोउपर करदाता आन्तरिक राजस्व विभागमा प्रशासकीय पुनरावलोकनका लागि निवेदन दिएकोमा सो विभागले पनि सुरू कार्यालयको निर्णय सदर हुने गरी निर्णय भएको पाइन्छ । सो निर्णयउपर करदाता राजस्व न्यायाधिकरण काठमाडौंमा पुनरावेदन गएको पाइन्छ । राजस्व न्यायाधिकरण काठमाडौंले जोखिम बेहोर्ने कोषमा रहेको रकमलाई खुद आयबाट मिन्हा दिने गरी भएको फैसलाउपर चित्त नबुझाई आन्तरिक राजस्व कार्यालय क्षेत्र नं. ३ ले यस अदालतमा अनुमतिको निवेदन दिई अनुमति प्रदान भई पुनरावेदनको रोहमा दर्ता भई पेस हुन आएको देखिने।

प्रत्यर्थी करदाता ठमेल बचत तथा ऋण सहकारी संस्था लि. सहकारी ऐन, २०४८ बमोजिम बैंकिङ कारोबार गर्ने गरी दर्ता रही कामकाज गरेको कुरामा विवाद देखिँदैन। सोही सहकारी ऐन, २०४८ को दफा २६ मा बैंकिङ कारोबार गर्न सक्ने व्यवस्था गरिएको पाइन्छ। सहकारी सङ्घ/संस्था दर्ता सञ्चालन लेखा परीक्षण अनुगमन तथा नियमनसम्बन्धी मापदण्ड, २०६८ को दफा ३० मा नेपाल राष्ट्र बैंकबाट सीमित बैंकिङ कारोबार गर्ने र राष्ट्रिय सहकारी बैंकको हकमा नेपाल राष्ट्र बैंकको निर्देशन अनुसार ऋण नोक्सानी कोषको व्यवस्थापन गर्नुपर्ने छ भन्ने सहरी विकास तथा गरिबी निवारण मन्त्रालय सहकारी विभागबाट परिपत्र जारी भएको पाइन्छ । सो मापदण्ड अनुसार बैंकिङ कारोबार गर्न स्वीकृति लिएका सहकारी संस्थाले नेपाल राष्ट्र बैंकले तोकेको सर्त र समय समयमा दिएको निर्देशन पालन गरी ऋण नोक्सानी कोषको व्यवस्थापन गर्नुपर्ने दायित्व प्रत्यर्थी करदाता सहकारी संस्थामा पनि रहेको पाइन्छ । करदाता सहकारी संस्थाले नेपाल राष्ट्र बैंकको निर्देशन, सर्त पालना गरी आ.वं. २०६५।०६६ मा रू. २४,४९,८३३।१४ जोखिम बेहोर्ने कोषमा राखेको पाइन्छ। यस अवस्थामा आयकर ऐन, २०४८ दफा ५९(१क) मा भएको जोखिम बेहोर्ने कोषमा राखेको रकम खर्च कट्टी गर्न पाउने सुविधा करदाता सहकारी संस्थाले नपाउने भनी व्याख्या गर्नु न्यायोचित नदेखिने।

राजस्व न्यायाधिकरण काठमाडौंको मिति २०६९।३।२१ को निर्णयमा जोखिम बेहोर्ने कोष व्यवस्थापनको लागि राखेको रकम खुद आयबाट मिन्हा दिने गरी भएको निर्णय मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत : इन्द्रबहादुर कठायत र भेषराज भट्टराई

कम्प्युटर : विकेश गुरागाई

इति संवत् २०७९ भदौ १३ गते रोज २ शुभम्।

**११**

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री हरिप्रसाद फुयाल,** *०७२-RB-०१९७, आयकर (०६४।०६५), राजेन्द्रप्रसाद शर्मा वि. कृष्णमान प्रधान*

करदाता ठमेल बचत तथा ऋण सहकारी संस्थाले आ.व. ०६४।०६५ को आय विवरण पेस गरेकोमा आन्तरिक राजस्व कार्यालय क्षेत्र नं. ३ ले पेस भएको आय विवरणमा जोखिम बेहोर्ने कोषमा रहेको रकम र कर्मचारी सञ्चयकोष योगदान रकमलाई खुद आयमा समावेश गरेकोमा सोउपर करदाता आन्तरिक राजस्व विभागमा प्रशासकीय पुनरावलोकनका लागि निवेदन दिएकोमा सो विभागले पनि सुरू कार्यालयको निर्णय सदर हुने गरी निर्णय भएको पाइन्छ । सो निर्णयउपर करदाता राजस्व न्यायाधिकरण काठमाडौंमा पुनरावेदन गएको पाइन्छ । राजस्व न्यायाधिकरण काठमाडौंले जोखिम बेहोर्ने कोषमा रहेको रकमलाई खुद आयबाट मिन्हा दिने गरी भएको फैसलाउपर चित्त नबुझाई आन्तरिक राजस्व कार्यालय क्षेत्र नं. ३ ले यस अदालतमा अनुमतिको निवेदन दिई अनुमति प्रदान भई पुनरावेदनको रोहमा दर्ता भई पेस हुन आएको देखिने।

प्रत्यर्थी करदाता ठमेल बचत तथा ऋण सहकारी संस्था लि. सहकारी ऐन, २०४८ बमोजिम बैंकिङ कारोबार गर्ने गरी दर्ता रही कामकाज गरेको कुरामा विवाद देखिँदैन । सोही सहकारी ऐन, २०४८ को दफा २६ मा बैंकिङ कारोबार गर्न सक्ने व्यवस्था गरिएको पाइन्छ । सहकारी सङ्घ/संस्था दर्ता सञ्चालन लेखा परीक्षण अनुगमन तथा नियमनसम्बन्धी मापदण्ड, २०६८ को दफा ३० मा नेपाल राष्ट्र बैंकबाट सीमित बैंकिङ कारोबार गर्ने र राष्ट्रिय सहकारी बैंकको हकमा नेपाल राष्ट्र बैंकको निर्देशन अनुसार ऋण नोक्सानी कोषको व्यवस्थापन गर्नुपर्ने छ भन्ने सहरी विकास तथा गरिबी निवारण मन्त्रालय सहकारी विभागबाट परिपत्र जारी भएको पाइन्छ । सो मापदण्ड अनुसार बैंकिङ कारोबार गर्न स्वीकृति लिएका सहकारी संस्थाले नेपाल राष्ट्र बैंकले तोकेको सर्त र समय समयमा दिएको निर्देशन पालना गरी ऋण नोक्सानी कोषको व्यवस्थापन गर्नुपर्ने दायित्व प्रत्यर्थी करदाता सहकारी संस्थामा पनि रहेको पाइन्छ । करदाता सहकारी संस्थाले नेपाल राष्ट्र बैंकको निर्देशन, सर्त पालना गरी आ.व. ०६४।०६५ मा रू. ९,४५,१२४।८५ जोखिम बेहोर्ने कोषमा राखेको पाइन्छ । यस अवस्थामा आयकर ऐन, २०५८ को दफा ५९(१क) मा भएको जोखिम बेहोर्ने कोषमा राखेको रकम खर्च कट्टी गर्न पाउने सुविधा करदाता सहकारी संस्थाले नपाउने भनी व्याख्या गर्नु न्यायोचित नदेखिने।

राजस्व न्यायाधिकरण काठमाडौंको मिति २०६९।३।२१ को निर्णयमा जोखिम बेहोर्ने कोष व्यवस्थापनको लागि राखेको रकम खुद आयबाट मिन्हा दिने गरी भएको निर्णय मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत : इन्द्रबहादुर कठायत र भेषराज भट्टराई

कम्प्युटर : विकेश गुरागाई

इति संवत् २०७९ भदौ १३ गते रोज २ शुभम्।

**१२**

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री हरिप्रसाद फुयाल,** *०७४-CI-०६८८, दर्ता बदर दर्ता, पर्सा जिल्ला, वीरगन्ज उपमहानगरपालिका वडा नं. १२ हाल वीरगन्ज महानगरपालिका वडा नं.९ स्थित वीरगन्ज नगर विकास समिति वि. सैनुल्ला मियाँ धोवी*

मिसिल संलग्न रहेको वीरगन्ज नगर विकास समितिबाट मिति २०३९।०१।१७ मा प्रकाशित जग्गाको मुआब्जा बुझ्न आउनेसम्बन्धीको सूचनामा यी वादीको मुआब्जाको हकमा "पर्सा जिल्ला, तत्कालीन मुर्ली-२, कि.नं. १३६ को ज.वि. ०-१-९" उल्लेख भएको देखिएकोमा प्रतिवादीले भुलवश उक्त क्षेत्रफल लेखिन गएको भन्ने बेहोरा प्रतिउत्तरमा पेस गरेको पाइन्छ । यी वादीको आमा मतिजनी खातुनले प्लटिङबाहिरको जग्गाको मुआब्जासमेत नपाएकोले जग्गा फिर्ता पाउँ भनी प्रतिवादी नगर विकास समितिमा दिएको निवेदनउपर प्रतिवादी समितिले मिति २०६२।११।०४ मा सो जग्गा फिर्ता गर्न नमिल्ने।

विवादित कि.नं. २८० वीरगन्ज नगर विकास समितिबाट यी वादीका आमालाई फिर्ता नहुने भनी सर्वोच्च अदालतबाट फैसला भइसकेको अवस्थामा उक्त फैसलाको विपरीत हुने गरी उक्त कि.नं. २८० को जग्गामा प्रतिवादी समितिको दर्ता बदर भई वादीको हक कायम भई दर्तासमेत हुने ठहऱ्याई पर्सा जिल्ला अदालतबाट भएको फैसलालाई नै सदर गरी उच्च अदालत जनकपुर, अस्थायी इजलास वीरगन्जबाट भएको फैसलामा त्रुटि रहेको देखिन्छ। वादीका आमाले विवादित कि.नं. २८० को जग्गा फिर्ता पाउन नसक्ने भनी भएको आदेश छ। तत्पश्चात् सोही जग्गा निजका छोराले फिर्ता पाउन भनी मुद्दा दिन आएका छन्। आमाले नै हक स्थापित गर्न नसकेको स्थितिमा सोही कानूनी प्रश्न र तथ्यबाट निजका छोराले सोही जग्गामा हक प्राप्त गर्न सक्ने कुनै आधार नदेखिने।

जहाँसम्म प्रतिवादी समितिले "विवादित कि.नं. २८० को जग्गा वादीका आमालाई फिर्ता गर्ने श्री ५ को सरकारलाई अनुरोध गर्ने" भनी निर्णय गरी मिति २०५७।१०।०८ मा भौतिक योजना तथा निर्माण मन्त्रालयलाई पत्रसमेत पठाएको भन्ने लिखित प्रतिवाद छ, सो छुट्टै विषय रहेको देखिन्छ। एक पटक खरिद गरी राजीनामा पारित गरिसकेको जग्गा फिर्ता गर्ने भन्ने पत्र प्रस्तुत विवादमा प्रासङ्गिक देखिँदैन। यसै विषयमा सर्वोच्च अदालतबाट मिति २०६६।०५।२४ मा भएको फैसला विपरीत सुरू पर्सा जिल्ला अदालतको फैसलालाई नै सदर गर्ने गरी उच्च अदालत जनकपुर, अस्थायी इजलास वीरगन्जबाट भएको फैसला कानूनको मान्य सिद्धान्तहरूको विपरीत देखिने।

कारणसमेतको आधारमा वादीका पिता अलादिन मियाको नाममा दर्ता रहेको पर्सा जिल्ला, साबिक मुर्ली-२, कि.नं. १०० को ज.वि. ०-५-० बाट कित्ताकाट गरी कि.नं. १३६ को ज.वि. ०-३-१० जग्गा प्रतिवादी वीरगन्ज नगर विकास समितिले राजीनामा गरी लिएकोमा प्लटिङ गर्दा उक्त कि.नं. १३६ को जग्गा कित्ताकाट भई कि.नं. २७९ ज.वि. ०-१-९ जग्गा मात्र प्लटिङ एरियाभित्र परी प्लटिङ एरियाबाहिर परेको कि.नं. २८० ज.वि. ०-२-१ जग्गा प्रतिवादीको नामबाट दर्ता बदर भई वादीको नाममा हक कायम दर्ता हुने भनी सुरू पर्सा जिल्ला अदालतबाट भएको फैसलालाई नै सदर गर्ने गरी उच्च अदालत जनकपुर, अस्थायी इजलास वीरगन्जबाट मिति २०७४।०७।१५ मा भएको फैसला मिलेको नदेखिँदा उल्टी हुने भई वादीको दाबी पुग्न नसक्ने।

इजलास अधिकृत : मनिता गुरूङ

कम्प्युटर : राधिका घोरासाइने

इति संवत् २०७९ साल जेठ ३ गते रोज ३ शुभम्।

**१३**

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री हरिप्रसाद फुयाल**, *०७३-CI-१८१६, लिखत बदर दर्ता बदर दर्ता कायम, हितनारायणलाल कर्ण वि. राजकुमार साहसमेत*

प्रतिवादी महेश्वरीदेवीले प्रतिवादी राजकुमार साहलाई राजीनामा पारित गरिदिएको जग्गाहरू सगोलको पैतृक सम्पत्ति भई यी वादीको समेत अंश हक रहेको भन्ने पुनरावेदन जिकिर रहेको पाइन्छ। सो सम्बन्धमा पुनरावेदन अदालत, राजविराजबाट मिति २०७१।०३।१६ मा प्रतिवादी महेश्वरीदेवीको नाममा रहेको उल्लिखित कित्ता नम्बरका जग्गाहरूको स्रोत खुलाउने भन्ने आदेश भई मिसिल संलग्न रहेको मालपोत कार्यालय, सिराहाले पठाएको च.नं. ४८०२ मिति २०७२।०२।१० को स्रोत कागजातसम्बन्धी पत्र हेर्दा, "...ईनर्वा गा.वि.स. वडा नं. ४, कि.नं. ४२१ को जग्गा रामचन्द्र चौधरीबाट, ऐ. वडा, कि.नं. ८२ को जग्गा किरणशम्शेर थापाबाट आएको तथा वडा नं. १क, कि.नं. ५५७ को जग्गाको स्रेस्ता जीर्ण भएकोले पढ्न नसक्ने अवस्थामा रहेको..." भन्ने बेहोरा उल्लेख भएको देखिन्छ। उक्त पत्रको बेहोराबाट उल्लिखित कित्ता जग्गाहरूको स्रोत अन्य व्यक्ति देखिएकोले

वादीले दाबी गरेबमोजिम पैतृक सम्पत्ति भन्ने देखिन आएन । साथै, यी वादीको श्रीमतीको नाउँमा रहेको उल्लिखित कित्ता जग्गाहरू यी वादीको लगानीबाट खरिद भएको भन्नेसमेत कुनै प्रमाणबाट पुष्टि नभएको।

जग्गा बिक्री गर्ने मुख्य प्रतिवादी महेश्वरीदेवी तथा सो जग्गा बिक्री गर्दा साक्षी बस्ने निजको छोरा प्रतिवादी मकेश्वरलालले प्रतिउत्तर नफिराई बसी कुनै पनि प्रतिवाद गरेको नदेखिएबाट निज वादीलाई अहित हुने गरी उक्त जग्गा बिक्री गर्नुपर्ने अन्य केही कारण रहेको भन्ने पनि देखिँदैन। यस अवस्थामा घर व्यवहार सञ्चालन तथा वादीको उपचारार्थ खर्च जुटाउनका लागि प्रतिवादी महेश्वरीदेवीले निजको छोरालाई साक्षी राखी प्रतिवादी राजकुमार साहलाई उल्लिखित जग्गाहरू पारित गरिदिएको राजीनामा लिखत बदर गर्न न्यायोचित नदेखिने।

विवेचित आधार र कारणबाट वादी दाबीबमोजिम प्रतिवादी राजकुमार साह नाममा दर्ता कायम रहेको कि.नं. ४२१ को क्षेत्रफल ०-२-१३, कि.नं. ५५७ को क्षेत्रफल ०-१-३३/४, कि.नं. ८२ को क्षेत्रफल ०-३-१५ जग्गाको दर्ता बदर नहुने भनी सुरू सिराहा जिल्ला अदालतबाट भएको फैसलालाई नै सदर गरी पुनरावेदन अदालत, राजविराजबाट भएको मिति २०७२।०३।२९ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत : मनिता गुरूङ

कम्प्युटर : देबिमाया खतिवडा (देबिना)

इति संवत् २०७९ साल जेष्ठ ३ गते रोज ३ शुभम्।

**१४**

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री हरिप्रसाद फुयाल**, *०७३-CI-१३७४, राजीनामा दर्ता बदर खिचोला, कुतबुन निसा वि. रामसिंह कुर्मी*

यसमा प्रस्तुत मुद्दाको साथै लगाउमा रहेको यिनै वादी प्रतिवादी भएको मुद्दा नं. ०७३-CR-१२५५ को जालसाजी मुद्दामा उक्त कि.नं. ३८९ को ज.वि. ०-८-९ जग्गाको हदसम्म मिति २०६४।०१।२८ मा भएको र.नं.१।६६२७ को राजीनामा लिखत प्रतिवादी नरसिंह कुर्मीले जालसाज गरी राजीनामा पारित गरिदिएको ठहर गरेको सुरू कपिलवस्तु जिल्ला अदालतको फैसलालाई नै सदर गरी पुनरावेदन अदालत, बुटवलबाट भएको फैसला मिलेकै हुँदा सदर हुने।

वादी रामसिंह कुर्मीलाई २०५८ सालमा चलेको अंश मुद्दामा मिलापत्रबाट अंश हकबापत प्राप्त भएको कि.नं. ३८९ को ज.वि. ०-८-९ जग्गा निज वादीले आफ्नो नाममा दाखिल खारेज गर्न नपाउँदै निज हकवालालाई जानकारीसमेत नगराई हक गुमाइसकेका प्रतिवादी नरसिंह कुर्मीले यी पुनरावेदक प्रतिवादी कुतबुन निसालाई जालसाजपूर्ण तवरले गरिदिएको उक्त राजीनामा लिखतलाई कानूनी मान्यता दिन मिल्ने देखिँदैन। यस अवस्थामा उक्त मिति २०६४।०१।२८ को र.नं.१।६६२७ को राजीनामा लिखत कि.नं. ३८९ को ज.वि. ०-८-९ जग्गाको हकसम्ममा बदर हुने ठहऱ्याएको पुनरावेदन अदालत, बुटवलको फैसलालाई अन्यथा मान्न नमिल्ने।

प्रतिवादीहरूबिच भएको मिति २०६४।०१।२८ को राजीनामा लिखतउपर वादीले मिति २०६९।०३।२४ मा फिराद दर्ता गरेको देखिन्छ। तत्काल प्रचलित मुलुकी ऐन, रजिस्ट्रेसनको महलको ३२क नं.मा "यस महलको ३० र ३२ नं.मा जुनसुकै कुरा लेखिएको भए तापनि कसैले सो नम्बरहरूमा लेखिएको म्याद गुजारी दाखिल खारेज गराउन दरखास्त दिएमा जतिसुकै अवधि व्यतीत भए पनि दश रूपैयाँ दस्तुर लिई नाउँसारी दाखिल खारिज गरिदिनुपर्छ" भन्ने प्रावधान रहेको देखिएबाट प्रतिवादीको उक्त पुनरावेदन जिकिरलाई कानूनसङ्गत मान्न नमिल्ने।

वादी दाबीबमोजिम कपिलवस्तु जिल्ला, खुरहुरिया गा.वि.स. वडा नं. २, कि.नं. ३८९ को ज.वि. ०-८-९ जग्गा प्रतिवादी नरसिंह कुर्मीको

नामबाट प्रतिवादी कुतबुन निसालाई पारित गरिदिएको मिति २०६४।१।२८ को र.नं.१।६६२७ को राजीनामा लिखत कि.नं. ३८९ को हकसम्म बदर हुने भई प्रतिवादीको खिचोला मेटाई यी वादीलाई चलनसमेत चलाइदिने भनी सुरू कपिलवस्तु जिल्ला अदालतबाट भएको फैसलालाई नै सदर गरी पुनरावेदन अदालत, बुटवलबाट भएको मिति २०७१।१२।०४ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत : मनिता गुरूङ

कम्प्युटर अपरेटर : देबिमाया खतिवडा (देबिना)

इति संवत् २०७९ साल जेष्ठ ३ गते रोज ३ शुभम्।

- यसै लगाउको ०७३-CI-१३७३, रोक्का लिखत बदर, कुतबुन निसा वि. रामसिंह कुर्मी भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ।

### १५

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री हरिप्रसाद फुयाल,** *०७३-CR-१२५५, जालसाजी, कुतबुन निसा वि. रामसिंह कुर्मी*

विवादित कि.नं. ३८९ को जग्गा प्रतिवादी नरसिंह कुर्मीको नाममा दर्ता रहेकोमा उक्त जग्गामा २०५८ सालमा अदालतमा भएको मिलापत्रबाट वादी रामसिंह कुर्मीको अंश हक स्थापित भएको अवस्था हुँदा सो जग्गामा वादी रामसिंह कुर्मीको अंश हक स्थापित भइरहेको पाइयो। उक्त कि.नं. ३८९ को जग्गा वादी रामसिंह कुर्मीले आफ्ना नाममा दाखेल खारेज नामसारी नगर्दै प्रतिवादी नरसिंह कुर्मीले प्रतिवादी कुतबुन निसालाई राजीनामा पारित गरिदिएको सम्बन्धमा सो जग्गा बिक्री गर्न यी वादीसँग घरसारमा सहमति कागज भएको भनी प्रतिवादीले जिकिर लिए तापनि सो कुरालाई पुष्टि गर्ने कुनै आधिकारिक प्रमाण मिसिल संलग्न रहेको देखिँदैन। साथै, मिति २०६४।०१।२८ मा भएको र.नं. १।६६२७ को राजीनामा लिखतमा समेत निज वादीलाई साक्षी राखिएको नदेखिँदा सो जग्गा बिक्री गर्ने सम्बन्धमा यी वादीको समेत मन्जुरी रहेको भन्ने पुनरावेदन जिकिर विश्वासलायक नदेखिने।

स्वयं पक्षहरूले अंश मुद्दामा मिलापत्र गरी विवादित कि.नं. ३८९ को जग्गामा वादीको अंश हक लाग्ने भनी स्वीकार गरेका छन्। वादीको अंश हक स्थापित भएको जग्गा निजको अंश हक नै लोप हुने गरी र मिलापत्रविपरीत हुने गरी सो जग्गा अन्य व्यक्तिलाई हस्तान्तरण गरेको कार्य दूषित नियतबाट भएको देखिन्छ। अंश हक स्थापित भइसकेको जग्गामा वादीको सहमति मन्जुरी नलिई हस्तान्तरण गरिनु कानूनसङ्गत हुँदैन। अंश हक रहेको जग्गामा बिनाकुनै आधार, कारण वादीको अंश हक लोप हुन सक्ने होइन। अंशजस्तो हक जालसाजी गरी हरण गर्न नमिल्ने।

वादी रामसिंह कुर्मीको अंश हक स्थापित भएको जग्गा र.नं. १।६६२७ को राजीनामा लिखतबाट प्रतिवादी कुतबुन निसालाई पारित गरेको कार्यले यी वादीको अंश हक मेट्ने हुँदा प्रतिवादी नरसिंह कुर्मीको सो कार्य तत्काल प्रचलित मुलुकी ऐन, किर्ते कागजको ३ नं. बमोजिम जालसाजपूर्ण कार्य भन्ने नै देखिन्छ। यस अवस्थामा पुनरावेदन अदालत, बुटवलबाट उक्त राजीनामा लिखतलाई जालसाजी ठहर गरेको फैसलालाई अन्यथा भन्न नमिल्ने।

वादी दाबीबमोजिम प्रतिवादी नरसिंह कुर्मीले कपिलवस्तु जिल्ला, खुरहुरिया गा.वि.स.वडा नं. २, कि.नं. ३८९ को क्षेत्रफल ०-८-९ जग्गाको हकहस्तान्तरण गर्न गरेको र.नं.१।६६२७ मिति २०६४।१।२८ को राजीनामा लिखत जालसाजी ठहर हुने भनी सुरू कपिलवस्तु जिल्ला अदालतबाट भएको फैसलालाई नै सदर गरी पुनरावेदन अदालत, बुटवलबाट भएको मिति २०७१।१२।०४ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत : मनिता गुरूङ

कम्प्युटर : देबिमाया खतिवडा (देबिना)

इति संवत् २०७९ साल जेष्ठ ३ गते रोज ३ शुभम्।

**१६**

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री हरिप्रसाद फुयाल**, *०७२-CR-०८९५, जालसाजी, अपसरा भन्ने धनमाया दाहालसमेत वि. रेखा नेपाल (दाहाल), सितादेवी भट्टराई वि. रेखा नेपाल (दाहाल)*

प्रतिवादी धनमाया दाहालका नाउँमा रहेको कि.नं. २१९ र कि.नं. २२१ को जग्गा आफ्नी विवाहित छोरी प्रतिवादी सितादेवी भट्टराईलाई मिति २०६८।६।६ मा हालैको बकसपत्रको बेहोराले हक हस्तान्तरण गरी निजबाट कि.नं. २१९ को जग्गा पुन: प्रतिवादी रणबहादुर लिम्बुका नाउँमा मिति २०६८।९।२९ को राजीनामा पारित गरी हक हस्तान्तरण गरेको पाइयो । यसरी उक्त जग्गाहरूको हक हस्तान्तरण गरिसकेपछि बाँकी जग्गा यी प्रतिवादीहरूका बिच बन्डापत्र गरेको पाइयो । प्रतिवादीहरूका बिच भएको उक्त बकसपत्र, राजीनामा, बन्डापत्र समेतका कुनै लिखतमा वादीको मन्जुरी लिएको, वादीलाई साक्षी राखिएको देखिएन । विवादित बन्डापत्रको लिखत हेर्दा पिता दिनानाथ दाहालको अंश भागमा जिल्ला सुनसरी इटहरी न.पा. वडा नं.४ ग कि.नं. २१९७ को ज.वि. ०-०-७ ससीम जग्गा र सोमा बनेको पक्की घरसमेत, आमा धनमाया दाहालको अंश भागमा ऐ.को कि.नं. २१९८ को ज.वि. ०-०-८ ससीम जग्गा, गोपालप्रसाद दाहालको अंश भागमा ऐ.खनार गा.वि.स. वडा नं.३ ख को साबिक कि.नं.२२१ कित्ता काट भई कायम कि.नं. ३६८ को ज.वि. ०-०-८ जग्गा तथा रू.३,५०,०००।-, अर्जुनप्रसाद दाहालको अंश भागमा ऐ. वडा नं. ३ ख को साबिक कि.नं. २२१ कित्ताकाट भई कायम भएको कि.नं. ३६९ को ज.वि. ०-०-७३/४ जग्गा तथा रू. ३,५०,०००।- र सुनिता दाहालको अंश भागमा अचल सम्पत्ति नलिने नगद रू. ४,२०,०००।- पाउने गरी बन्डापत्र गरेको देखिन्छ । सो बन्डापत्रमा उल्लिखित बन्डा गरिएको सम्पत्ति तुलनात्मक रूपमा हेर्दा मालपोत कार्यालयले तोकेको तत्कालको अर्थात् २०६८/०६९ को जग्गा मूल्य निर्धारण किताबबमोजिम इटहरी ४ (ग) को जग्गाको प्रतिकट्ठा रू.२,७०,०००।- देखि अधिकतम रू. १३,८०,०००।- देखिन्छ भने खनार ३ (ख) को जग्गा प्रतिकट्ठा न्यूनतम रू.४०,०००।- देखि अधिकतम अर्थात् राजमार्गमा जोडिएको जग्गाको मूल्याङ्कन रू.५,२५०००।- देखिन्छ। प्रतिवादीहरूले अंश भागबापत लिनुदिनु गरेको जग्गा क्षेत्रफलमा समान देखिए तापनि मूल्याङ्कनका दृष्टिकोणले समान देखिन आएन । जसबाट अंशियारका बिच समान अंश नगरी घटीबढी हुने गरी अंशबन्डा गरेको देखियो । विवादित सम्पत्तिमा वादीको अंश हक सन्निहित रहेको देखिन्छ । पतिले आफूले पाउनेभन्दा घटी अंश लिई दिएमा निजबाट अंश पाउने पत्नीको अंश हक स्वत: प्रभावित हुने ।

अंश हकसरहको सम्पत्ति अंशियारको अंश हकलाई असर गर्ने नियतबाट भएको भन्ने मूल विषयवस्तु छ । वादीको अंश हकलाई असर पार्ने नियतबाट पहिला आफ्नै छोरी सितादेवी भट्टराईलाई कि.नं. २१९ र २२१ को गरी ०-१-८१/४ जग्गाको हक छाडिदिएको मिति २०६८।६।६ को लिखतबाट देखिन्छ । निज सितादेवी भट्टराईले कि.नं. २१९ को जग्गा रामबहादुर लिम्बुलाई २०६८।९।२९ मा राजीनामा पारित गरिदिएको छ। निज धनमाया दाहालले सितादेवी भट्टराईलाई बकसपत्र गरिदिइसकेको खनार ३(१) को कि.नं. २२१ को ०-०-१५३/४ को जग्गाबाट वादीका पति गोपाल दाहाल र अर्का छोरा अर्जुन दाहाललाई अंशबन्डा दिने गरी मिति २०६८।१०।१२ मा बन्डापत्र लिखत पारित गरिदिएको देखिने।

प्रत्यर्थी प्रतिवादी धनमाया दाहालका नाउँमा दर्ता रहेको सुनसरी जिल्ला खनार गा.वि.स. वार्ड नं. ३ (ख) कि.नं. २१९ र २२१ को जग्गा मिति २०६८।६।६ र.नं. २९४८ (क) को लिखत पारित गरी छोरी सितादेवी भट्टराईलाई दिएको छ । निज सितादेवी भट्टराईले उक्त जग्गामध्ये कि.नं. २१९ को

जग्गा रणबहादुर लिम्बुलाई बिक्री गरेको कुरा मिति २०६८।९।२९ को र.नं. ७५८८ (ख) मा मालपोत कार्यालय सुनसरीबाट पारित भएको लिखतबाट देखिन्छ। कि.नं. २२१ को जग्गा निजकै नाउँमा बाँकी रहेको देखिन्छ। मालपोत कार्यालय सुनसरीबाट पारित विवादित र.नं. ८३७७ (क) मिति २०६८।१०।१२ को बन्डापत्र लिखत हेर्दा प्रत्यर्थी प्रतिवादीहरू दिननाथ दाहाल, धनमाया दाहाल, गोपाल दाहाल, अर्जुन दाहाल र सुनिता दाहालबिच अंशबन्डा भएको देखिन्छ। मिति २०६८।६।८ मा छोरी सितादेवी भट्टराईलाई हालैको बकसपत्र गरिदिइसकेको कि.नं. २२१ को जग्गा मिति २०६८।१०।१२ को लिखतमा धनमाया दाहालको नाउँमा नै रहेको उल्लेख गरी वादीका पति प्रत्यर्थी गोपालप्रसाद दाहाललाई कि.नं. २२१ बाट ज. वि. ०-०-८ र प्रत्यर्थी अर्जुनप्रसाद दाहाललाई सोही कि.नं. २२१ बाट ज.वि. ०-०-७३/४ जग्गा दा.खा. दर्ता हुने गरी बन्डापत्रमा उल्लेख भएको देखिने।

विवादित कि.नं. २२१ को जग्गा आमा धनमायाको नामबाट विवाहित छोरी सितादेवी भट्टराईको नाम मिति २०६८।६।६ र.नं. २९४८ (क) लिखतबाट गएको देखिन्छ। मिति २०६८ ।६।६ मा नै धनमायाको नामाबाट कि.नं. २२१ दा.खा नामसारी भई छोरी सितादेवीको नाउँमा गइसकेको जग्गा पुन: मिति २०६८।१०।१२ मा अंशबन्डा लिखत पारित गर्दा मालपोत कार्यालयले समेत उक्त जग्गा धानमायाको नाममा मोठ कायम रहेको भनी बन्डापत्रको पुछारमा तोक बेहोरासमेत लेखेको देखिन्छ। अंशियारको नाममा मोठ कायम नरहेको कि.नं. २२१ को जग्गामध्येबाट वादीका पति गोपाल दाहालको अंश भागमा पर्ने गरी भएको विवादित बन्डापत्र सुनियोजित रूपमा वादी अंश हकबाट वञ्चित हुने उद्देश्यले जालसाजीपूर्वक रहेको पुष्टि हुन्छ। वादीको अंश हक मार्ने उद्देश्यले प्रत्यर्थी प्रतिवादीहरूले आपसमा मिली तयार गरेको उक्त हालैको बकसपत्र लिखत तथा बन्डापत्रको लिखतबाट वादी रेखा नेपाल दाहालको अंश मार्ने र आफ्नो स्वामित्वमा नभएको जग्गा हस्तान्तरण गर्ने गरी भएको बन्डापत्रको लिखतको क्रियासमेत साबिक मुलुकी ऐन किर्ते कागजको महलको १ नं. बमोजिमको जालसाजपूर्ण हुन आउँदा उक्त लिखतहरू जालसाजी गरेको देखिने।

सुरू सुनसरी जिल्ला अदालतबाट मिति २०६९।०७।२२ मा भएको फैसला बदर गरी मिति २०६८।६।६ को र.नं. २९४८ (क) को बकसपत्रको लिखत मिति २०६८।९।२९ को र.नं. ७५८८ (ख) को राजीनामा लिखत र मिति २०६८।१०।१२ को र.नं. ८३७७ (ख) को बन्डापत्र लिखतबाट ४ भागको १ भागमध्ये २ भागको १ भाग लिखत वादीको दाबीको हकजतिको हदसम्म जालसाजी ठहर गरी पुनरावेदन अदालत विराटनगरबाट मिति २०७२।१।८ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत : लिलाधर सुवेदी

कम्प्युटर : कृष्णमाया खतिवडा

इति संवत् २०७९ साल असोज ३१ गते रोज २ शुभम्।

१७

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री हरिप्रसाद फुयाल**, ०७२-CI-२०९२, लिखत दर्ता बदर दर्ता, संगिता गुप्ता वि. अम्बिका साह कानुसमेत

जग्गा डिप्रोस लघुवित्त विकास बैंकको शाखा कार्यालय मुर्ली वीरगन्जमा धितो राखेको देखिन्छ। उक्त जग्गा बिक्री गर्नुपूर्व सो जग्गा डिप्रोस लघुवित्त विकास बैंकमा धितो रहेको र सोको बैंक ऋणबापतको साँवा ब्याज रकमसमेत प्रतिवादी संगिता गुप्ताका पतिले तिरिदिएको बैंक रसिदसमेत मिसिल संलग्न रहेको देखिन्छ। घरको मुख्य व्यक्तिको रूपमा रहेका वादी अम्बिका साह कानुका छोरा गौरीशंकर साह कानु विदेश गएको कारण देखाई अ.वं. ८३ नं. बमोजिम अदालतको अनुमति लिई फिराद दायर हुनुका साथै निज थुनामा समेत रहेको अवस्था मिसिलबाट देखिन

आउँछ। यसरी उमेर पुगेको छोरा तथा श्रीमान् विदेशमा भएको तथा थुनामा बसेकोसमेतका कारणले घरको मुख्य जिम्मेवारी उक्त जग्गा बिक्रीकर्ता उर्मिलादेवीले निर्वाह गर्दै आएको पनि देखिन आउँछ । घरको मुख्य व्यक्तिले घर खर्च गर्न आफ्नो नाममा रहेको सम्पत्ति बिक्री गर्न पाउने कुरालाई अन्यथा भन्न पनि मिलेन । तर यसरी बिक्री व्यवहार गर्दा अचल सम्पत्तिको आधासम्म आफूखुस गर्न पाउने भए पनि आधाभन्दा बढी सम्पत्ति बिक्री गर्दा एकासगोलका २१ वर्ष उमेर पुगेका परिवारका सदस्यको मन्जुरी लिनुपर्ने कुरा साबिक मुलुकी ऐन, लेनदेन व्यवहारको १९(१) नं. मा कानूनी व्यवस्था रहेको पाइने।

साबिक मुलुकी ऐन, लेनदेन व्यवहारको महलको १० नं. तथा अंशबन्डाको महलको १९(१) नं. को कानूनी व्यवस्था मुताबिक संगोलका परिवारको सदस्यको मन्जुरी लिखत नभएको वा साक्षी नबसेको कारोबार र सोबमोजिम नभएको राजीनामाको लिखतले कानूनी वैधता प्राप्त गर्न सक्ने देखिँदैन। तर उपर्युक्त कानूनी व्यवस्थाको सूक्ष्म अध्ययन गर्दा २१ वर्ष उमेर नपुगेका एकाघरका अंशियारहरूको मन्जुरी लिनु नपर्ने गरी छुट प्रदान गरेको देखिनुका अतिरिक्त जग्गा बिक्रीकर्ताको हक सोही लिखतबाट स्वतः समाप्त भई जाने हुन्छ । तसर्थः प्रस्तुत लिखतको कानूनी वैधता हेर्दा मन्जुरी लिनु नपर्ने उमेर समूहका निजका दुई जना छोराहरू क्रमशः सिताराम साह कानु र महाविर साह कानुको मन्जुरी लिइरहनु नपर्ने कानूनी सुविधा र बिक्रीकर्ता उमादेवीको स्वतः हक स्वामित्व हस्तान्तरण भई जाने सम्पत्ति कानूनको विधिशास्त्रीय मान्यताको रोहबाट हेर्दा पनि लिखत गर्दाका बखत मन्जुरी नलिएका वादीहरू क्रमशः प्रतिवादी उमादेवीका श्रीमान् अम्बिका साह कानु र छोरा गौरीशंकर साह कानुको हकसमेत समाप्त हुने गरी भएको प्रस्तुत लिखतको ५ भागको २ भागसम्म बदर भई निजको नाममा दर्तासमेत हुने।

विवादित राजीनामाको लिखत घर खर्च गर्न भनी पारित गर्दाका बखत एकासगोलमा रहेका वादीहरू सिताराम साह कानु र महाविर साह कानुको उमेर एक्काइस वर्ष पुगेको नदेखिँदा निजहरूको हकमा मुलुकी ऐन, अंशबन्डाको महलको १९ को देहाय १ नं. बमोजिम लिखित मन्जुरी आवश्यक नपर्ने अवस्थामा निजहरूको अंशभागसमेत बदर हुने ठहर गरी र.नं. ६२००/क मिति २०६८।१।२६ को पारित राजीनामा लिखतमध्ये वादी दाबीबमोजिम ५ खण्डको ४ खण्ड लिखत र दर्ता बदर भई वादीहरूको नाउँमा दर्तासमेत हुने ठहऱ्याएको पुनरावेदन अदालत हेटौंडाको मिति २०७०।०५।२४ को फैसला केही उल्टी भई वादीहरू अम्बिका साह कानु र गौरीशंकर साह कानुलाई साक्षीको रूपमा राखेको वा लिखित मन्जुरी लिएको अवस्था नदेखिँदा निजहरूको हकमा मात्र दाबीको कि.नं. २४५ को क्षेत्रफल ०-३-५ को जग्गा उर्मिलादेवीले संगिता गुप्तालाई र.नं. ६२००/क, मिति २०६८।१।२६ मा गरिदिएको राजीनामा लिखत र दर्तासमेत ५ भागको २ भाग मात्र बदर भई निज वादीहरूको नाउँमा दर्तासमेत हुने।

इजलास अधिकृत : राजन खनाल
कम्प्युटर : राधिका घोरासाइने
इति संवत्२०७९ साल भदौ २ गते रोज ५ शुभम्।

- यसै लगाउका ०७२-CI-२०९३, लिखत दर्ता बदर दर्ता, संगिता गुप्ता वि. गौरीशंकर साह कानुसमेत भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ।

## इजलास नं.४

### १८

**मा.न्या.श्री अनिलकुमार सिन्हा र मा.न्या.श्री कुमार रेग्मी,** ०६८-CI-१०८९, अंश, अमर सिंह सुनार वि. क्षेत्रबहादुर विश्वकर्मा

वादी प्रतिवादीहरूका बिचमा नातामा विवाद नदेखिएको साथै बाबु मनवली विश्वकर्मा र काइँलो भाइ टेकबहादुरको कालगतिले परलोक भई टेकबहादुरकी विधवा ईन्दु बि.क. सहितका जम्मा ६ अंशियार रहेको भन्ने कुरामा पनि मुख मिलेकै देखिन्छ। घरको मुख्य व्यक्ति बाबु मनवली भए पनि घरव्यवहार जेठा दाजुले गर्ने गरेको र हामी हालसम्म एकासगोलमा रहे बसेकोमा हाम्रो पारिवारिक सङ्ख्या वृद्धि हुँदै गएको, एक ठाउँमा बस्न तथा एउटैको नीति निर्देशनमा चल्न आन्तरिक समस्याको अनुभूति भएको हुँदा मिति २०५१/०१/०१ मा दाजुभाइ जम्मा भई घरसारमा सरसल्लाह गरी जो भएको चल सम्पत्ति भागबन्डा गरी अचल सम्पत्तिसमेत भोग चलन गरिआएका हौँ भनी यी प्रत्यर्थी वादीले नै फिराद पत्रको प्रकरण (४) मा उल्लेख गरेको देखिन्छ। यिनै पुनरावेदक प्रतिवादी अमरसिंहउपर जेठी श्रीमती खुजुरी भन्ने कौशिला सुनारले २०३५ सालमा सुर्खेत जिल्ला अदालतमा दे. नं. ४/२६३ को अंश मुद्दा दायर गरेकोमा उक्त मुद्दाको फिराद दाबी हेर्दा प्रस्तुत मुद्दामा अंशियारा भनिएका ईशरा, गंगाराम तथा टेकबहादुरको विधवा ईन्दुसमेतका कसैलाई पनि प्रतिवादी नबनाई केबल आफ्ना पति अमरसिंहलाई मात्र प्रतिवादी कायम गरी फिराद दायर गरेको देखिन्छ। सुरू सुर्खेत जिल्ला अदालतबाट प्रतिवादी अमरसिंहको जग्गाबाट मात्र वादी कौशिलाले अंश पाउने ठहरी मिति २०३७।०५।०३ मा भएको फैसला तत्कालीन भेरी अञ्चल अदालतबाट सदर भई अन्तिम भई बसेको प्रमाण मिसिलको फैसलाबाट देखिन्छ। यी वादी क्षेत्रबहादुरले दाबी लिएजस्तो प्रतिवादी अमरसिंह छुट्टिई भिन्न नबसेको अवस्था हुन्थ्यो भने आमा ईशरालगायतका पुस्तावलीमा उल्लेख गरेका अन्य अंशियारहरूलाई समेत प्रतिवादी कायम गर्नुपर्नेमा सोसमेत गरेको देखिँदैन। प्रतिवादी नबनाएका अन्य अंशियारहरूलाई मुलुकी ऐन, अ.बं. १३९ नं. बमोजिम बुझ्न अदालतबाट म्याद जारी भएकोमा म्यादभित्र उपस्थित भई आफूहरूसमेत अंशियार भएको र आफूहरूले पनि अंश पाउनुपर्ने भनी दाबी जिकिर गर्नुपर्नेमा सो नगरी सुरू म्यादै गुजारी बसेको अवस्था देखिन्छ। अर्कोतर्फ मुलुकी ऐन, अंशबन्डाको ३० नं. बमोजिम व्यवहार प्रमाणबाट घरसारमा पहिला नै छुट्टिई भिन्न भई आफ्नो नाममा धनी पुर्जासमेत कायम भई उक्त जग्गाहरू बेचबिखनसमेत गरी आफूखुस गरेको मिसिल संलग्न रहेको अंशियारहरूको नामको दर्ता स्रेस्ताबाट देखिन आउँदछ। यसै सन्दर्भमा मुलुकी ऐन, अंशबन्डाको महलको ३० नं. मा निम्नबमोजिमको व्यवस्था भएको देखिने।

प्रतिवादी अमरसिंह सुनारको नाममा पिता मनवली विश्वकर्मा तथा निजका पुर्खाको नामको सम्पत्ति आएको र सोहीअनुसार दर्ता स्रेस्तासमेत तयार रहेको भन्ने कहीँकतैबाट देखिँदैन। वादीको तर्फबाट पनि प्रतिवादी स-परिवार बर्दियामा आई बसोबास गरी भूमि सुधार कार्यालय बर्दियाबाट बिक्री वितरणमा ४-०-० जग्गा प्राप्त गरेकोमा सो जग्गासमेत छानबिन आयोगले जफत गरिदिएकाले सर्वोच्च अदालतमा रिट दायर गरी सोबाट भएको फैसला अनुसार दर्ता कायम हुन आएको जग्गाबाहेक अन्य सम्पत्ति रहे भएको भनी सप्रमाण पुष्टि गर्न सकेको देखिन नआएको र भाइहरू नरबहादुर, टेकबहादुर, गंगारामसमेतका नाममा आ-आफ्ना भोगका जग्गा रहेको र आ-आफ्नो किसिमले भोग बिक्री व्यवहार गरेकोसमेत मिसिल संलग्न दर्ता स्रेस्तासमेतबाट देखिने।

वादीले फिरादपत्रमा मिति २०५१/०१/०१ मा मानो छुट्टिएको भनी आफैँले स्वीकार गरेको, मूल पुर्खाबाट कुनै पनि सम्पत्ति अन्य प्रतिवादीहरूले प्राप्त गरी अंशबन्डा गर्न बाँकी रहेको देखिने सबुद प्रमाण प्रत्यर्थी वादीबाट पेस हुन सकेको नदेखिएको, प्रत्यर्थी वादीले जेठो दाजु, निजका श्रीमतीहरू र आमालाई प्रतिवादी बनाए पनि अन्य दाजुभाइ नरबहादुर, टेकबहादुरको विधवा (भाइबुहारी) इन्दु र

भाइ गंगारामलाई प्रतिवादी बनाएको नदेखिएको, सुरू अदालतबाट अंशियारा भनिएकाहरूलाई अ.बं.१३९ नं. बमोजिम बुझ्न म्याद जारी गर्दासमेत कोही उपस्थित नभएको, पिता पूर्खाबाट कुनै सम्पत्ति कुनै प्रतिवादीको जिम्मामा छ भन्न नसकी वादी दाबी अस्पष्ट देखिएकोसमेतबाट साबिक पुनरावेदन अदालत नेपालगन्जबाट मिति २०६७।११।१७ मा भएको फैसला मिलेको नदेखिँदा उल्टी भई सुरू बर्दिया जिल्ला अदालतबाट मिति २०६६।११।१२ मा भएको फैसला सदर हुने।

इजलास अधिकृत : भूमिप्रसाद शर्मा

कम्प्युटर : सुजन नेपाल

इति संवत्२०७९ साल माघ २३ गते रोज २ शुभम्।

**१९**

**मा.न्या.श्री अनिलकुमार सिन्हा र मा.न्या.डा.श्री कुमार चुडाल,** *०७३-CI-१०१५, दृष्टिबन्धक लिखत बदर, विरेन्द्रमान माली वि. दिनमहमद मियाँ भन्ने दिलमहमद मियाँसमेत*

पुनरावेदक विरेन्द्रमान मालीले सुरू अदालतले पारित लिखत बदर हुने ठहऱ्याएको फैसला सदर गरेको पुनरावेदन अदालतको फैसला मैले पाउने भराइलिन पाउने रकम मुलकी ऐन, लेनदेन व्यवहारको ३ नं. को म्याद समाप्त भएकोले मेरो रकम भुस हुन सक्ने अवस्था देखिएको छ भनी पुनरावेदन जिकिर लिएको देखिन्छ। पुनरावेदक प्रतिवादी र अर्का प्रतिवादी मैलुम खातुनका बिचमा भएको कारोबार दिलमहमद मियाँ र मैमुन खातुनसमेत वादी प्रतिवादी भई चलेको अंशदर्ता मुद्दा विचाराधीन भएकै अवस्थामा पारित भएको देखिन्छ । लिखत पारित हुँदा अंशदर्ता मुद्दा अनुसारका सगोलका अन्य अंशियारको सहमति वा मन्जुरी लिएको देखिँदैन। साथै सो लिखत पारित हुँदा अन्य अंशियारको मन्जुरीमा लिखत गरी लिएदिएको हो भनी प्रतिवादीहरूले जिकिर लिन सकेको पनि पाइँदैन। साबिक मुलुकी ऐन, लेनदेन महलको ९ नं. बमोजिम सोही महलको ८ नं. बमोजिम भएको कारोबारका सम्बन्धमा हक कायम गराइराख्नुपर्ने कानूनको मकसदबमोजिम यी पुनरावेदकले पारित गरी लिएको जग्गा बन्डा भए तापनि आफ्नो रकम भराइपाउने हक सुरक्षित नै रहेकोले रकम भुस हुन सक्ने अवस्था नदेखिने।

दृष्टिबन्धक लिखत मुलुकी ऐन, २०२० क्रियाशील रहेको बखत भएको र सो ऐन मुलुकी देवानी संहिता, २०७४ ले प्रतिस्थापन गरेको भए तापनि सो संहिताको दफा ४४३ को उपदफा (१) बमोजिम दृष्टिबन्धकको लिखत ५ वर्षभन्दा बढी भाखाको हुन नसक्ने र उपदफा (४) बमोजिम भोग गरेको १० वर्षको अवधिभित्र दृष्टिबन्धकीमा दिएको सम्पत्ति फिर्ता नलिएमा त्यस्तो लिखत कपालीसरह हुने कानूनी व्यवस्था रहे भएको देखिन्छ । यसरी साबिक तथा हाल प्रचलित उक्त कानूनी व्यवस्थाले साहुको ऋणउपरको कानूनी अधिकारलाई पनि संरक्षण गरेको पाइन्छ। तत्कालीन पुनरावेदन अदालत हेटौंडाको फैसलाले साहुको कर्जा चुक्ता भएपश्चात् वादी दाबीबमोजिम प्रतिवादीहरूबिच भएको दृष्टिबन्धक लिखत बदर हुने ठहऱ्याएको देखिन्छ । विरेन्द्रमान माली र मैमुल खातुनका बिच भएको कारोबार सम्बन्धमा लिखत रजिस्ट्रेसन पारित भएको र सो लिखतबमोजिमको दायित्व मुद्दाका पक्षले पूरा गरेको देखिँदैन। प्रतिवादी मैलुम खातुनसमेतले साहुको रकम भुक्तान नगरी धितो रहेको जग्गासमेत बन्डा गरी लिएको देखिन्छ। सुरू तथा पुनरावेदन अदालतको फैसलाले प्रस्तुत मुद्दामा साहुले दिएको ऋण फिर्ता नभएको र धितोको रूपमा रहेको सम्पत्तिसमेत भोगचलन गर्न नपाएको लेनदेन महलको ३ नं. बमोजिम साहुको रकम भराइलिन पाउने अधिकारको संरक्षणको लागि दृष्टिबन्धक लिखत साबिक लेनदेन महलको ३ नं. समेतको कानूनी व्यवस्था कपालीमा परिणत गर्नुपर्नेमा सो गरेको पनि देखिएन । तसर्थ सुरू फैसला सदर

गरेको पुनरावेदन अदालत हेटौंडाको फैसला सो हदसम्म मिलेको नदेखिने।

पुनरावेदक प्रतिवादी विरेन्द्रमान मालीले प्रतिवादी मैलुम खातुनसँग मिति २०६७।८।२६ र.नं. १११८ मा पारित दृष्टिबन्धकको लिखत बदर गरेको हदसम्मको सुरू पर्सा जिल्ला अदालतको फैसला सदर गरेको तत्कालीन पुनरावेदन अदालत हेटौंडाको मिति २०७०।८।१९ को फैसला सो हदसम्म नमिलेकोले सो फैसला केही उल्टी भई प्रस्तुत दृष्टिबन्धकको लिखत कपालीमा परिणत हुने।

इजलास अधिकृत : लोकनाथ पराजुली

कम्प्युटर : विष्णुदेवी श्रेष्ठ

संवत् २०७९ साल माघ २९ गते रोज १ शुभम्।

## इजलास नं.५

### २०

**मा.न्या.श्री प्रकाशमान सिंह राउत र मा.न्या.डा.श्री मनोजकुमार शर्मा**, ०६९-CI-०४६१, ०६९-CI-०७१२, लिखत बदर, शिवा शर्मा घिमिरे वि. शारदा पौडेल, रक्षा घिमिरेसमेत वि. शारदा पौडेल

पुनरावेदकका लोग्ने तथा पिता पुष्करराज घिमिरेसमेतले २०४८ सालको बन्डापत्रबाट अंश भागमा प्राप्त गरेको जम्मा १-१६-१(बिगाहा) जग्गा निजको संरक्षक आमा सितादेवी घिमिरेको नाममा रहेको तथा १-१६-१ जग्गामध्ये पुनरावेदकको दाबीको जग्गा ०-२-१८ (दुई कट्ठा अठार धुर) बिक्री गरिएको राजीनामाको लिखतमा दिने सितादेवी घिमिरे भई छोरा पुष्करराज घिमिरे रजिस्ट्रेसन पारित गर्दा साक्षीसमेत बसेको मिसिल संलग्न कागजातहरूबाट देखिन्छ । २०४८ सालको बन्डापत्रको सर्तबमोजिम सितादेवी घिमिरेको नाममा पुष्करराज घिमिरेको अंश भागको जग्गा बिक्री गर्दा हेमकुमारको मन्जुरी लिनुपर्ने उल्लेख भएको हुँदा कानूनबमोजिम प्राप्त गरेको अंश भागको सम्पत्तिमा पूर्णस्वामित्व स्वामित्ववालाको हुन्छ । पुनरावेदकका लोग्ने तथा पिता पुष्करराज घिमिरेको अंश भागको जग्गा निजको आमा सितादेवी घिमिरेको नाममा रहेको देखिँदा कानूनी रूपमा आमा सितादेवी नै छोरा पुष्करराजको संरक्षक देखिन्छिन्। पुष्करराजको अंश भागको सम्पत्ति बन्डापत्र हुँदा सितादेवीको नाममा रहेको अवस्थामा पुष्करराजका पिता हेमकुमारको मन्जुरीबेगर बिक्री गर्न नपाइने बन्डापत्रमा लिखित सर्त बन्देजलाई कानूनतः मान्यता दिन मिल्ने देखिँदैन । बुढीआमाको स्वास्थ्य उपचार गराउन र घरव्यवहार चलाउन छोराको मन्जुरी (साक्षीसमेत बसेकोमा) सितादेवी घिमिरेले गरेको बिक्री व्यवहारलाई कानूनविपरीत भएको भन्न मिल्ने नदेखिँदा मुलुकी ऐन, अंशबन्डाको १९(१) नं. अनुसार सितादेवी घिमिरेले घरव्यवहार चलाउन पुनरावेदकहरूले दाबीको जग्गा बिक्री गर्दा छोरा पुष्करराजलाई समेत साक्षी राखी लिखत पारित गरेको देखिँदा वादीहरूको मन्जुरी लिनुपर्ने कानूनी बाध्यता रहेको नदेखिने।

पुनरावेदक शिवा शर्मा घिमिरे, रक्षा घिमिरे र सागर घिमिरे वादीहरूका पति तथा पिता पुष्करराज घिमिरेले मिति २०४८।२।२७ मा अंश बन्डापत्रबाट अंश भागमा प्राप्त गरेको दाङ लक्ष्मीपुर, वडा नं. ५क कि.नं. ४०५, कि.नं. ४०६, कि.नं. ३४२ ऐ. वडा नं. ६क को २८०, कि.नं. ३९१ र ३९३ जग्गा जम्मा १-१६-१ (एक बिगाहा सोह्र कट्ठा एक धुर) अंश भागमा बन्डापत्र हुँदा नै आमा सितादेवी घिमिरेको नाममा मूल बन्डामा उल्लेख भएका जग्गाहरू दर्ता स्रेस्ता कायम रहेको देखिन्छ। मुलुकी ऐन, अंशबन्डाको १९ नं. बमोजिम “पिता पुर्खाका पालाको चल अचल गैह्र सम्पत्तिको हकमा चलमा सबै र अचलमा आधासम्म व्यवहार चलाउनलाई स्वास्नी, छोरा अविवाहित छोरी वा विधवा बुहारीको मन्जुरी नभए पनि आफूखुस गर्न पाउँछ । अचलमा आधाभन्दा बढी भने व्यवहार चलाउनै परे पनि एक्काइस वर्ष नाघेका स्वास्नी, छोरा,

अविवाहित छोरी र विधवा बुहारीहरूको मन्जुरी लिई मात्र खर्च गर्न हुन्छ ।" भन्ने कानूनी व्यवस्थाबमोजिम घरव्यवहार चलाउन आफूखुस गर्न पाउने जग्गामध्ये पुष्करराजलाई रजिस्ट्रेसन पारित गर्दाको अवस्थामा साक्षी राखी बन्डापत्रमा उल्लिखित १-१६-१ जग्गामध्ये दाङ जिल्ला, लक्ष्मीपुर गा.वि.स. वडा नं. ५ को कि.नं. ३४२ को ०-२-१८ (दुई कट्ठा अठार धुर) जग्गा कानूनबमोजिम नै प्रत्यर्थी प्रतिवादी शारदा पौडेललाई बिक्री गरेको देखिन आयो । पुनरावेदक वादीहरू अंशियार रहेकोमा मिसिल संलग्न कागजात हेर्दा कतै विवाद देखिँदैन । घर व्यवहार चलाउन चलमा सबै र अचल सम्पत्तिमध्ये आधासम्म बिक्री वितरण गर्न सक्ने मुलुकी ऐनको कानूनी व्यवस्था रहेकोमा यी प्रत्यर्थी प्रतिवादी शारदा पौडेलले खरिद गरेको ३४२ को ०-२-१८ (दुई कट्ठा अठार धुर) जग्गा पुनरावेदकहरूको हक लाग्ने सम्पत्ति भए तापनि कानूनी व्यवस्थाबमोजिम पुष्करराजले सबै सम्पत्ति बिक्री गरेको नभई बन्डापत्रमा उल्लिखित जग्गामध्ये ०-२-१८ धुर मात्र बिक्री गरेको, बिक्री गर्दा आमा सितादेवी घिमिरेको स्रेस्तामा भए पनि पुष्करराजको संरक्षक आमा सितादेवीले छोरा पुष्करराजलाई रजिस्ट्रेसन पारित गर्दा साक्षी बसेकोसमेत कारणबाट निजले बिक्री गर्न पाउने हदसम्मको जग्गा नै देखिन आयो । यसरी निजले बिक्री गर्न पाउने हदसम्मको जग्गा रहेको देखिँदा पुस्करराजको सम्पत्तिका हकवाला वादीहरू भएको अवस्थामा सो सम्पत्ति जिम्मा लिने प्रतिवादी सितादेवीले पुस्करराजको हक पुग्ने जग्गा बिक्री गरेको व्यवहार सदर गरेको भन्ने आधार देखाई यस अदालतबाट भएको प्रत्यर्थी झिकाउने आदेशसँग सहमत हुन नसकिने ।

पुनरावेदक वादीले दाबी गरेको जग्गा राजीनामा गर्दा यी वादीहरूको मन्जुरी लिनुपर्ने कानूनी बाध्यता नरहेको अवस्थामा मुलुकी ऐन, लेनदेन व्यवहारको १० नं. अनुसार बदर हुने गरी सुरू दाङ देउखुरी जिल्ला अदालतबाट मिति २०६७।१।७ मा भएको फैसला मिलेको नदेखिँदा उल्टी हुने ठहऱ्याई पुनरावेदन अदालत तुलसीपुर, दाङबाट मिति २०६८।१२।२९ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत : कुमार खतिवडा
कम्प्युटर : मन्जिता ढुंगाना
इति संवत् २०७८ साल भाद्र ३ गते रोज ५ शुभम् ।

## २१

**मा.न्या.श्री प्रकाशमान सिंह राउत र मा.न्या.डा.श्री मनोजकुमार शर्मा,** *०७०-RB-००१९, आयकर (आ.ब.२०६१।०६२), ठुला करदाता कार्यालय, हरिहर भवन ललितपुर वि. याक एन्ड यति होटल लि दरबारमार्ग काठमाडौं*

याक एण्ड यति होटल लि.ले तारा गाउँ रिजेन्सी होटलमा आ.व. २०६१।०६२ मा सेयर लगानी गरेको रू.३,००,००,०००।– मा होटलले ऋण लिँदा बैंकलाई तिरेको ब्याज खर्चको दर ९.२५ प्रतिशतको हिसाबले हुने ब्याज खर्च रू.२७,७५,०००।- आयकर ऐन, २०५८ को दफा १४ अनुसार कट्टी गरेको देखिन्छ । बैंकबाट ऋण लिई कारोबार गर्ने व्यापारिक प्रतिष्ठानले अर्को निकायको सेयरमा लगानी गर्न नपाउने भन्ने कानूनी व्यवस्था देखिँदैन । तत्कालीन औद्योगिक व्यवसाय ऐन, २०४९ तथा वर्तमान औद्योगिक व्यवसाय ऐन, २०७६ ले पनि उद्योगलाई त्यस्तै उद्योग वा अन्य उद्योगहरूमा लगानी गरी औद्योगिक वातावरणलाई बढावा दिने उद्देश्य राखेको र प्रस्तुत करदाता कम्पनी याक एण्ड यति होटल लि.ले पनि आफ्नै उद्देश्यअनुरूपको आफूसमेत संस्थापक भई सञ्चालन भएको उक्त तारा गाउँ रिजेन्सी होटलमा हकप्रद सेयरमा लगानी गरी औद्योगिक क्षेत्रमा लगानी वृद्धि गरेको कार्यलाई अनुपयुक्त मान्न मिल्ने देखिँदैन । ठुला करदाता कार्यालयबाट संशोधित कर निर्धारण निर्णय पर्चा तथा आन्तरिक राजस्व विभागबाट प्रशासकीय

पुनरावलोकनको निर्णय पर्चा हुँदासमेत यस्तो कानूनी व्यवस्थाको आधारमा ब्याज खुद आयमा समावेश हुने भन्ने कुनै स्पष्ट एवम् वस्तुनिष्ठ आधार, कारणसमेत निर्णय पर्चामा उल्लेख गरेकोसमेत देखिँदैन । प्रस्तुत मुद्दामा बैंकबाट ऋण लिई सेयर लगानी गरेको रकमको ब्याजको हिसाब गरी आयतर्फ समावेश गर्ने गरेको ठुला करदाता कार्यालय, हरिहर भवन ललितपुरको कार्य आयकर ऐन, २०५८ को दफा १४(१) अनुकूल देखिँदैन । यस्तो अवस्थामा करदाता याक एन्ड यति होटल लि. ले लिएको बैंकको ऋणको ब्याज खर्च रू.२७,७५,०००।- लाई निज करदाताको खर्च कट्टी नदिई आय कायम गर्ने गरेको ठुला करदाता कार्यालय, हरिहर भवन ललितपुरको निर्णय मिलेको नदेखिँदा करदाता याक एण्ड यति होटल लि. ले ऋण लिँदा बैंकलाई तिरेको ब्याज खर्चलाई अमान्य गर्ने गरेको ठुला करदाता कार्यालयको मिति २०६४।०९।२३ को निर्णय पर्चा र सोलाई सदर गर्ने गरेको आन्तरिक राजस्व विभागको मिति २०६५।०८।२३ को निर्णय पर्चा सो हदसम्म केही उल्टी हुने गरी भएको राजस्व न्यायाधिकरण काठमाडौंबाट मिति २०६७।२।३ मा भएको फैसलालाई अन्यथा भन्न मिल्ने देखिएन। तसर्थ, करदाता याक एण्ड यति होटल लि. ले बैंकबाट ऋण लिई तारागाउँ रिजेन्सी होटलमा आ.व. २०६१।०६२ मा सेयर लगानी गरेको रू. ३,००,००,०००।-बापतको ब्याज खर्चलाई रू. २७,७५,०००।- समेत खुद आयमा समावेश गरी गरेको कर निर्धारण कानूनसम्मत राजस्व न्यायाधिकरणले सो रकम आयमा समावेश गर्न नमिल्ने भनी गरेको फैसला सो हदसम्म बदर गरी उक्त रकम खुद आयमा समावेश गरी कर निर्धारण हुनुपर्छ भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

करदाता याक एण्ड यति होटल लि. ले तारा गाउँ रिजेन्सी होटलमा सेयरमा लगानी गरेको रकमको ब्याज सम्बन्धमा खुद आयमा समावेश गरेको हदसम्मको सुरू ठुला करदाता कार्यालयको मिति २०६४।०९।२३ को खुद आय निर्धारणसम्बन्धी निर्णय पर्चा र सो लाई सदर गरेको आन्तरिक राजस्व विभागको मिति २०६५।०८।२३ को प्रशासकीय पुनरावलोकन निर्णय पर्चासमेत सो हदसम्म उल्टी हुने गरी राजस्व न्यायाधिकरण काठमाडौंबाट मिति २०६७।२।३ मा भएको फैसला मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृत : शिवप्रसाद पराजुली

कम्प्युटर : सुप्रभा अर्याल

इति संवत् २०७८ साल मंसिर २० गते रोज २ शुभम्।

यसै लगाउका निम्न मुद्दाहरूमा पनि यसैअनुसार फैसला भएका छन्:

- ०७३-RB-०००२, मूल्य अभिवृद्धि कर (आ.ब.२०६४।०६५), ठुला करदाता कार्यालय, हरिहर भवन ललितपुर वि. याक एण्ड यति होटल लि. दरबारमार्ग काठमाडौं
- ०७०-RB-००२०, मूल्य अभिवृद्धि कर (आ.ब.२०६१।०६२), ठुला करदाता कार्यालय, हरिहर भवन ललितपुर वि. याक एण्ड यति होटल लि. दरबारमार्ग काठमाडौं
- ०७३-RB-०००३, मूल्य अभिवृद्धि कर (आ.ब.२०६२।०६३), ठुला करदाता कार्यालय, हरिहर भवन ललितपुर वि. याक एण्ड यति होटल लि. दरबारमार्ग काठमाडौं
- ०७३-RB-०००१, मूल्य अभिवृद्धि कर (आ.ब.२०६३।०६४), ठुला करदाता कार्यालय, हरिहर भवन ललितपुर वि. याक एण्ड यति होटल लि. दरबारमार्ग काठमाडौं

२२

**मा.न्या.श्री प्रकाशमान सिंह राउत र मा.न्या.डा.श्री मनोजकुमार शर्मा**, ०७८-WH-००६५, बन्दीप्रत्यक्षीकरण, निर्मल ढकाल वि. सुर्खेत जिल्ला अदालत सुर्खेतसमेत

सुर्खेत जिल्ला अदालतको च.नं.२२२५ मिति २०७८।७।१७ गतेको कैदीपुर्जीबाट मिति २०७८।७।२२ गतेमा नै यी रिट निवेदन निर्मल ढकाल कैदमुक्त भएको भन्ने कुरा सुर्खेत जिल्ला अदालतको लिखित जवाफबाट देखिन्छ । यसैगरी प्रस्तुत रिट निवेदकको सुनुवाइ गर्ने सन्दर्भमा यी निवेदकलाई पेसीको जानकारी गराउनु भनी यस अदालतबाट पठाइएको पत्रमा कारागार कार्यालय, भीमफेदी मकवानपुरका शाखा अधिकृत (जेलर) ले निवेदक २०७८।७।२२ मा थुनामुक्त भइसकेको भनी उल्लेख गरेको बेहोराबाट निवेदक हाल थुनामा रहेको देखिएन। निवेदक हाल थुनामा रहेको नदेखिँदा निवेदक मागबमोजिम बन्दीप्रत्यक्षीकरणको आदेश जारी गर्न परेन। प्रस्तुत रिट खारेज हुने।

इजलास अधिकृत : सुमनप्रसाद कुशवाहा

कम्प्युटर : सुप्रभा अर्याल

इति संवत् २०७८ साल पौष २३ गते रोज ६ शुभम्।

**२३**

**मा.न्या.श्री प्रकाशमान सिंह राउत र मा.न्या.डा.श्री मनोजकुमार शर्मा**, *०७४-CI-०६५५, लिखत बदर दर्ता बदर दर्ता, शैलकुमारी देवीसमेत वि. बुनिराय यादव*

वादीले आफ्नो हक लाग्ने भनी दाबी गरेको जिल्ला रौतहट, सितलपुर गा.वि.स. वडा नं. २/ख कि.नं. १५७ को ०-०-२ जग्गा तपेश्वर राय यादवका नाउँमा फिल्डबुक कायम भएको र उक्त दर्ताउपर वादी प्रतिवादीको बिच मुख मिलेकै देखिन्छ । अब, मुख्य विवादको विषय भनेको उक्त जग्गामा तपेश्वरको शेषपछि वादी वा प्रतिवादी कस्को हक कायम हुनुपर्ने हो भन्ने सम्बन्धमा विचार गर्दा, यी वादीले माझी राय यादव र कुन कुन राय यादव दाजुभाइ भई कुन कुनका दुई छोरा तपेश्वर राय र वुधन राय रहेकोमा तपेश्वर, वुधन रायको मृत्यु भइसकेको र निजहरूका श्रीमती सन्तानसमेत नभएकोमा माझी रायको पनाति नाताले उक्त जग्गामा मेरो हक लाग्ने भएकोले सो कि.नं. १५७ को जग्गा भोग गरिआएकोमा कोदै रायका नाति विपक्षी जिनिस रायले आफूलाई तपेश्वरको नाति भनी मिति २०६७।६।४ मा र.नं. २६७४ बाट विवादित बकसपत्रको लिखत गरिदिएको भन्ने दाबी गरेका छन् । प्रतिवादी जिनिस राय यादवले तपेश्वर यादवको कोही नहुँदा निजलाई आफूले पालनपोषण र काजक्रियासमेत गरेकोले उक्त जग्गामा आफ्नो हक लाग्ने भनी प्रतिउत्तर जिकिर लिँदै आफू कोदै रायको नाति भनी उल्लेख गरेको पाइन्छ। मिति २०६७।६।४ मा उक्त जग्गा शैलकुमारीलाई हालैको बकसपत्र पारित गरिदिँदा निज प्रतिवादीले आफू सुकदेवको छोरा र तपेश्वर राय यादवको नाति भनी बकसपत्रको लिखतमा लेखाएको पाइन्छ । बकसपत्रको लिखत गरिदिँदा र प्रतिउत्तर फिराउँदा फरक फरक बाजेको नाम उल्लेख गरिएबाट नै यी पुनरावेदक प्रतिवादी जिनिस रायले वास्तविक पुस्तेवारीभन्दा फरक पुस्तेवारी देखाई बकसपत्रको दूषित लिखत पारित गराएको पुष्टि हुन जान्छ । वादीले निज प्रतिवादीको बाजे कोदै राय भएकोले निजको विवादित जग्गामा हक नलाग्ने भनी लेखाएको अवस्थामा बकसपत्रमा आफ्नो बाजेको नाम तपेश्वर राय भनी लेखाउने यी पुनरावेदक प्रतिवादीले आफ्नो बाजेको नाम तपेश्वर राय नै भएको भन्न नसक्नुको साथै सो कुरा पुष्टि हुने कुनै प्रमाण पनि दिन सकेको देखिँदैन । वादीले माझी राय र कुनकुन राय दाजुभाइ भएका र कुनकुनका छोरा तपेश्वर राय भएकोमा निजको शेषपछि हक खाने कोही नहुँदा माझी रायतर्फको हकदार भएको नाताले उक्त जग्गामा आफ्नो हक कायम हुनुपर्ने भन्ने दाबी लिएको अवस्थामा प्रतिवादीले यी वादी तपेश्वर रायको नाता पुस्ताभित्रको नातेदार होइन भन्ने कुराको प्रमाण पनि दिन सकेको पाइँदैन । यी वादीको पुस्तेवारी फरक भएको भए सो खुलाउनुपर्नेमा खुलाउन सकेको देखिँदैन । आफ्नो हकाधिकार नै नरहने विवादित जग्गा कोदै रायका नाति

यी प्रतिवादी जिनिस राय यादवले आफूले भोग गरेको कुराको सिफारिस गरी गराई शैलकुमारीलाई मिति २०६७।६।४ मा र.नं.२६७४ बाट गरिदिएको हालैको बकसपत्र लिखत बदर गर्ने गरेको सुरू फैसला सदर गर्ने गरी भएको पुनरावेदन अदालत हेटौंडाको फैसला बदर हुनुपर्दछ भन्ने प्रतिवादीको पुनरावेदन जिकिरसँग सहमत हुने।

सितलपुर गाउँ विकास समितिको कार्यालयबाट तपेश्वर राय यादवको नाउँमा नापनक्सा भई चलन गरी आएको सिपलपुर गा.वि.स. वा. नं. २ख को कि.नं. १५७ को जग्गा तपेश्वर राय यादवको र निजको छोरा सुकदेव राय यादवको परलोक भएपछि निजको एक मात्र छोरा जिनिस राय यादवले चलन भोग गरी आएको भनी सिफारिस गरिदिएको देखिन्छ। तर प्रतिवादीले आफ्नो प्रतिउत्तरपत्रमा बाजेको नाम कोदै राय यादव भनी उल्लेख गरेकोले निज प्रतिवादीले खुलाएको पुस्तेवारीभन्दा फरक पुस्तेवारी राखी गरिएको सिफारिस आफैँमा विरोधाभाषपूर्ण रहेको देखिँदा सो सिफारिसका आधारमा भएको भोग चलनलाई वैध भोग मान्न सकिँदैन । विपक्षी वादी तपेश्वर राय यादवको नाता पुस्तेवारीभित्रको मानिस नभएको भनी प्रतिवादीले भने पनि निज को कसका नाता पुस्तेवारीभित्रका मानिस हुन् भनी वादीको पुस्तेवारी उल्लेख गर्न सकेको छैन। वादी बुनी राय यादव तपेश्वर राय यादवको नाताभित्रका हकदार होइनन् भन्ने कुराको विश्वास अदालतलाई दिलाउन खोज्ने यी पुनरावेदक प्रतिवादीउपर प्रमाण ऐन, २०३१ को दफा २८ बमोजिम सो कुरा प्रमाणित गर्ने प्रमाण पेस भार रहनेमा सो पेस नगरी केबल वादी तपेश्वर राय यादवको नाता पुस्ताभित्रका मानिस होइनन् भन्दैमा अदालतले निजको जिकिरलाई स्वीकार गर्न सक्ने स्थिति रहँदैन। उक्त जग्गा कसको भोगचलनमा रहेको छ भनी रौतहट जिल्ला अदालतको मिति २०६८।८।२६ को आदेशानुसार भई आएको सर्जमिन मुचुल्कामा बेहोरा लेखाउनेमध्ये दुई जना व्यक्तिले उक्त जग्गा वादीको भोग चलनमा रहेको भनी लेखाएका र दुई जना व्यक्तिले प्रतिवादीको भोगचलनमा रहेको भनी लेखाएबाट पनि कस्को भोगचलनमा रहेको भन्ने कुरा यकिन रूपमा खुल्न नआएकोले सोको आधारमा पनि उक्त जग्गामा यी प्रतिवादी जिनिस राय यादवको निर्विवाद भोगचलन रहेको भन्ने नदेखिने।

पुनरावेदक प्रतिवादी जिनिस राय यादवले आफू तपेश्वर राय यादवको नाता पुस्ताभित्रको हकदार हो भनी भन्न नसकेको, तपेश्वर रायलाई पालन पोषण गरेको भन्ने कुराको प्रमाण दिन नसकेको, बकसपत्रको लिखतमा र प्रतिउत्तर पत्रमा प्रतिवादी जिनिस राय यादवको बाजेको नाम फरक भई विरोधाभाषपूर्ण रहेको अवस्थामा प्रतिवादी जिनिस रायले आफ्नो हकाधिकार नै नरहने विवादित जग्गा आफ्नै श्रीमतीका नाममा मिति २०६७।६।४ मा र.नं. २६७४ बाट बकसपत्रको लिखत गरिदिएको अवस्थामा सो लिखत बदर गरी वादी बुनी राय यादवको फिराद मागबमोजिम विवादित जग्गामा वादीको हकभोग कायम गरी चलन चलाइदिने ठहऱ्याएको सुरू रौतहट जिल्ला अदालतको मिति २०६९।२।४ को फैसला सदर गर्ने गरी पुनरावेदन अदालत हेटौंडाबाट मिति २०७०।८।२८ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत : हेमराज शर्मा

कम्प्युटर : सुप्रभा अर्याल

इति संवत् २०७८ साल मंसिर २८ गते रोज ३ शुभम्।

**२४**

**मा.न्या.श्री प्रकाशमान सिंह राउत र मा.न्या.डा.श्री मनोजकुमार शर्मा**, ०७७-WO-०९३४, उत्प्रेषणयुक्त परमादेश, सरोज तिवारीसमेत वि. प्रदेश लोकसेवा आयोग कार्यालय, बागमती प्रदेश हेटौंडा

निवेदकले आफूलगायत पहिलेदेखि नै स्थानीय तहमा कार्यरत ३५ वर्ष नाघेका कर्मचारीहरू प्रदेश लोकसेवा आयोग बागमती प्रदेशबाट प्रकाशित

अधिकृत छैठौँको विज्ञापनमा सहभागी हुन नपाउने प्रावधान राखेकोले बदरको माग दाबी लिएको देखिन्छ। यद्यपि प्रदेश लोकसेवा आयोग बागमती प्रदेशका तर्फबाट पेस भएको लिखित जबाफमा यस आयोगबाट मिति २०७७।१०।१२ मा प्रकाशित सूचना नं. २३/०७७-७८ को विज्ञापनमा बहालवाला स्थायी निजामती कर्मचारीको हकमा उमेर हद लाग्ने छैन । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८७ अनुसार स्थानीय तहमा मिति २०७४।०६।२९ भन्दा अघि नियुक्त भई अविच्छिन्न रूपमा कार्यरत कर्मचारीहरूको हकमासमेत एक पटकको लागि उमेरको हद लाग्ने छैन । तर यो व्यवस्था लोकसेवा आयोगबाट मिति २०७६।२।१५ गते प्रकाशित विज्ञापनमा समावेश भएका स्थानीय तह र पदहरूको हकमा लागु हुने छैन भन्ने व्यवस्था भएबमोजिम निवेदन दाबीमा उल्लिखित विज्ञापनमा आवेदन दिएका ३५ वर्ष उमेर नाघेका स्थानीय तहमा कार्यरत कर्मचारीहरूले रीत पुऱ्याई दिएको आवेदन स्वीकृत भई मिति २०७७।१२।१४ गते सञ्चालित परीक्षामा समेत सहभागी भई परीक्षा दिएको हुँदा ३५ वर्ष उमेर नाघेका स्थानीय तहमा कार्यरत स्थायी कर्मचारीहरूलाई परीक्षामा सामेल हुन वञ्चित राइएको छैन भनी उल्लेख भएको देखिन्छ । निवेदकले ३५ वर्ष उमेर पुगेका स्थानीय तहमा कार्यरत कर्मचारीलाई आयोगबाट सञ्चालित परीक्षामा सहभागी हुन वञ्चित गराएको भनी दाबी गरेको अधिकृत छैठौँ पदमा ३५ वर्ष उमेर नाघेका स्थानीय तहका कर्मचारीहरूको पनि आवेदन स्वीकृत भई परीक्षामा समेत सहभागी भइसकेको बेहोरालाई यी निवेदकले अन्यथा हो भनी खण्डन गर्न नसकेको देखिँदा रिट निवेदकलगायत स्थानीय निकायमा कार्यरत कर्मचारी ३५ वर्ष उमेर नाघेकै कारणले मात्र प्रदेश लोकसेवा आयोग बागमती प्रदेशबाट प्रकाशित माथि उल्लिखित विज्ञापन अनुसारको अधिकृत छैठौँ पदमा सहभागी हुन वञ्चित भएको भन्ने नदेखिने।

निवेदकले सहभागी हुनको लागि माग गरेको विज्ञापन अनुसारको पदमा निजहरूसमेतको दरखास्त स्वीकृत भई परीक्षामा सहभागीसमेत भइसकेको देखिँदा अब निवेदन माग अनुसारको आदेश जारी गर्नुपर्ने अवस्था विद्यमान नभई रिट निवेदन निष्प्रभावी भएको देखिन्छ । जुन कामका लागि निवेदन माग गरिएको हो, सो कामको निकासा पहिले नै विपक्षी प्रदेश लोकसेवा आयोग बागमती प्रदेशबाट भइसकेको अवस्थामा निवेदन माग दाबी अनुसारको आदेश जारी गर्नुपर्ने अवस्था विद्यमान रहेको नदेखिने।

प्रदेश लोकसेवा आयोगबाट प्रकाशित सूचना नं. २३/०७७-०७८ बमोजिमका विज्ञापनहरू अनुसारको अधिकृत छैठौँ पदमा निवेदकसहितका स्थानीय तहमा कार्यरत ३५ वर्ष उमेर नाघेका स्थायी कर्मचारीहरूसमेतको दरखास्त स्वीकृत भई सञ्चालित परीक्षामा समेत सहभागी भइसकेको देखिँदा निवेदन मागबमोजिमको रिट जारी हुने अवस्थाको विद्यमानता नदेखिँदा प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत : हेमराज शर्मा

कम्प्युटर : सुप्रभा अर्याल

इति संवत् २०७९ साल फागुन ११ गते रोज ५ शुभम्।

२५

**मा.न्या.श्री प्रकाशमान सिंह राउत र मा.न्या.डा.श्री मनोजकुमार शर्मा**, *०६९-WO-१११०, उत्प्रेषणयुक्त परमादेश, रामचन्द्र ढकाल वि. नेपाल सरकार, रक्षा मन्त्रालय सिंहदरबार, काठमाडौंसमेत*

निवेदक रामचन्द्र ढकालले आफूभन्दा माथिको अधिकारीसँग मौखिक अनुमति लिई गएको र बिरामी परेका कारण कार्यालयमा उपस्थित हुन नसकेको भए पनि बिरामी निको हुनेबित्तिकै उपस्थित भएकोले सैनिक ऐन, २०६३ को दफा ४२ को उपदफा (२) अनुसार आफ्नो हकमा सैनिक ऐन, २०६३ को दफा ४२ को उपदफा (१) को खण्ड (ख) को कानूनी व्यवस्था आकर्षित हुन सक्दैन भनी निवेदन जिकिर

लिएको देखिन्छ। सैनिक ऐन, २०६३ को दफा ४२ को उपदफा (२) मा गयल ठहरिएको व्यक्ति आफैँ हाजिर हुन नआएमा वा फेला नपरेमा भगुवा मानिने छ भन्ने उल्लेख भएको पाइन्छ। कार्यालयमा अनुपस्थित हुनुको कारणसहित यी निवेदक निवेदनसाथ उपस्थित भएकोमा विवाद छैन। यी निवेदकउपर विनाइजाजत आफूखुसी ब्यारेक लाइन छोडी भगौडा भई खाली चलाइसकेपछि मिति २०७७।८।२३ मा उपस्थित भएकोले निजलाई सैनिक ऐन, २०६३ को दफा ४२ को उपदफा (१) को खण्ड (ख) को कसुरमा ऐ.ऐनको दफा १०१ को उपदफा (२) को खण्ड (घ) बमोजिम सजायको मागदाबी लिएको देखिन्छ तर निवेदनसाथ निवेदक आफैँ हाजिर हुन गएको देखिँदा सैनिक ऐन, २०६३ को दफा ४२(२) को कानूनी व्यवस्थाको रोहमा निवेदकले दफा ४२(१)(ख) को कसुर गरेको भन्न मिल्ने देखिएन। निवेदक कार्यालयमा गयलसम्म भएको देखिएको छ र त्यसमा पनि बहिनी र आफूसमेत बिरामी भएको भन्ने निवेदन जिकिर रहेको छ। सैनिक ऐन, २०६३ को दफा ५८ मा गयलसम्बन्धी कानूनी व्यवस्था रहेको पाइन्छ। उक्त दफा ५८ अन्तर्गत (क) बिदा स्वीकृत नगराई बसेमा, (ख) पर्याप्त कारण नभई स्वीकृत बिदाभन्दा बढी दिन अनुपस्थित भएमा गयलसम्बन्धी कसुर गरेको मानिने छ भनी उल्लेख गरेको देखिन्छ। निवेदक भगायर नभई बिदा स्वीकृत नगराई गयलसम्म भएको मान्नुपर्ने देखिन्छ। गयलसम्म भएको अवस्थामा निज अनुपस्थित भएको विषय नभई गयलसम्बन्धी कसुरको प्रकृतिभित्र पर्ने देखिँदा सैनिक ऐन, २०६३ को दफा ५८ को कानूनी व्यवस्था निवेदकको हकमा आकर्षित हुने देखिने।

सैनिक ऐन, २०६३ को दफा १०१ को उपदफा (१) को र दफा १०२ को उपदफा (१) को गलत व्याख्या गरी प्रतिवादीलाई सजाय हुने गरी समरी सैनिक अदालत जंगी अड्डाबाट मिति २०६८।९।२८ भएको फैसलालाई सदर हुने गरी भएको पुनरावेदन समिति, जंगी अड्डाको मिति २०६९।६।११ को फैसला त्रुटिपूर्ण रहेको देखिँदा उक्त फैसलाहरू उत्प्रेषणको आदेशद्वारा बदर हुने ठहर्छ। अब, जेजो बुझ्नुपर्ने हो, बुझी सैनिक ऐन, २०६३ को दफा ५८ समेतको कानूनी व्यवस्था र न्यायका मान्य सिद्धान्तसमेतलाई ध्यानमा राखी निवेदक रहेका प्रतिवादी रामचन्द्र ढकाललाई सुनुवाइको उपयुक्त मौकासमेत दिई कसुरको मात्रा तथा सजायको न्यूनतम प्रावधानसमेतलाई विचार गरी कानूनबमोजिम पुनः निर्णय गर्नु भनी विपक्षीहरूका नाममा परमादेशको आदेशसमेत जारी हुने।

इजलास अधिकृत : हेमराज शर्मा

कम्प्युटर : मन्जिता ढुंगाना

इति संवत् २०७८ साल असोज १५ गते रोज ६ शुभम्।

२६

**मा.न्या.श्री प्रकाशमान सिंह राउत र मा.न्या.डा.श्री मनोजकुमार शर्मा,** *०७५-CR-०१४२, बहुविवाह, नेपाल सरकार वि. मनिषा राना*

प्रतिवादी मनिषा रानाले अनुसन्धान अधिकारी र अदालतसमक्षको बयानमा प्रतिवादी ईश्वर रानाको पहिला विवाह भइसकेको छ भन्ने कुरा आफूलाई थाहा थिएन भनी कसुरमा इन्कार रही बयान गरिदिएको देखिन्छ। मैले पहिले नै विवाह गरेको कुरा मनिषा रानालाई भनेको थिइनँ भनी सह-प्रतिवादी ईश्वर रानाले मौकामा अधिकारप्राप्त अधिकारीसमक्ष बयान गरिदिएको अवस्था छ। त्यसैगरी मनिषा राना निर्दोष हुन्, निजलाई सजाय हुनुपर्ने होइन भनी यी प्रतिवादी मनिषा रानाको साक्षी गीता घर्तीले अदालतसमक्ष बकपत्रसमेत गरिदिएको पाइन्छ। प्रमाण ऐन, २०३१ को दफा २५ मा फौजदारी मुद्दामा आफ्नो अभियुक्तको कसुर प्रमाणित गर्ने भार वादीको हुने छ भन्ने कानूनी व्यवस्था रहेको पाइन्छ। त्यस्तै फौजदारी कसुरमा शंकाको सुविधा अभियुक्तले पाउने भन्ने फौजदारी न्यायको सर्वमान्य सिद्धान्त रहेको अवस्था छ। यस

परिप्रेक्ष्यमा, ईश्वर राना विवाहित रहे भएको कुरा मनिषा रानालाई थाहा जानकारी हुँदाहुँदै निज ईश्वर रानाको दोस्रो श्रीमती भई आएको हो भन्ने तथ्यलाई पुस्ट्याइँ गर्न वादी पक्षबाट ठोस, वस्तुगत एवम् प्रतीतलायक सबुद प्रमाण गुजार्न सकेको नदेखिने ।

प्रतिवादी ईश्वर रानालाई मुलुकी ऐन, बिहाबारीको महलको १० नं. बमोजिम १ (एक) वर्ष कैद रू.१०,०००।– (दश हजार) जरिवाना हुने र प्रतिवादी मनिषा रानाले आरोपित कसुरबाट सफाइ पाउने ठहरी सुरू दाङ जिल्ला अदालतबाट भएको फैसलालाई सदर गरेको उच्च अदालत तुलसीपुरको फैसला मनासिब नै देखिँदा उक्त फैसलालाई अन्यथा मान्नुपर्ने नदेखिने ।

सुरू दाङ जिल्ला अदालतबाट मिति २०७२।०९।०६ मा भएको फैसलालाई सदर गरेको उच्च अदालत तुलसीपुरको मिति २०७४।०३।२९ को फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ । प्रतिवादी मनिषा रानालाई समेत सजाय गरिपाउँ भन्ने पुनरावेदक वादी नेपाल सरकारको पुनरावेदन जिकिरसँग पुग्न नसक्ने ।

इजलास अधिकृत : गगनदेव महतो

कम्प्युटर : सुप्रभा अर्याल

इति संवत् २०७९ साल फागुन १२ गते रोज ६ शुभम् ।

**२७**

**मा.न्या.श्री प्रकाशमान सिंह राउत र मा.न्या.डा.श्री कुमार चुडाल**, *०७६-CR-१०५०, जबरजस्ती करणी, श्रीराम थारूसमेत वि. नेपाल सरकार*

मिति २०७३।०८।२७ गते दिउँसो १२:०० बजेको समयमा पीडित प्रतिवादी श्रीराम थारूको घरमा गएको अवस्थामा श्रीराम थारू र हरिराम थारूले परिवर्तित नाम सङ्केत नं.६६ बाँसगढी "ट" लाई ललाइफकाइ घरभित्र लगी पालैपालो जबरजस्ती करणी गरेको भन्ने जाहेरी परेको पाइन्छ । जाहेरवालाले जाहेरी बेहोरालाई समर्थित हुने गरी बकपत्र गरेको देखिन्छ । पीडितले मौकामा कागज गर्दा आफू प्रतिवादी श्रीराम थारूको घरमा गएको अवस्थामा श्रीराम र हरिराम थारूले आफ्नो हात समातेर लगेको, भाग्न खोज्दा र कराउँदासमेत जबरजस्ती धाक, धम्की दिई पहिले हरिराम थारूले जबरजस्ती करणी गरेको र पछि श्रीराम थारूले जबरजस्ती करणी गरेको भनी खुलाइदिएको देखिन्छ । निज पीडितले अदालतमा आई बकपत्र गर्दा मौकाको भनाइलाई समर्थन हुने गरी बकपत्र गरेको पाइन्छ । प्रतिवादीहरूले अनुसन्धानको क्रममा बयान गर्दा पीडितलाई प्रतिवादी श्रीराम थारूको घरमा पालैपालो जबरजस्ती करणी गरेको भनी कसुरमा साबित भई बयान गरेको देखिन्छ । अदालतमा बयान गर्दा प्रतिवादीहरू कसुरमा इन्कार रहे पनि प्रतिवादी हरिराम थारू श्रीराम थारूको घरमा गएको र पीडित पनि सो समयमा श्रीराम थारूको घरमा गएको, सो समयमा श्रीरामको श्रीमती दाउरा लिन घरबाट केही टाढा गएको भन्ने तथ्य स्वयं प्रतिवादीहरूको बयानबाट देखिन आएको छ । प्रतिवादीहरूले जग्गाको विषयलाई लिएर आफूहरूउपर झुट्टा आरोप लगाएको भनी अदालतमा बयान गरे पनि सो कुरा पुष्टि हुने कुनै प्रमाण प्रस्तुत गर्न सकेको देखिँदैन । पीडितको बकपत्रलगायतका अन्य प्रमाणहरूले कसुर गरेको देखिएको र पीडितको स्वास्थ्य परीक्षण प्रतिवेदनमा HYMEN RUPTURED AT ५ O'CLOCK POSITION भन्ने उल्लेख भएको अवस्थामा परीक्षण गर्ने चिकित्सकलाई नबुझेको कारणले मात्र सो परीक्षण प्रतिवेदनलाई प्रमाणमा लिन मिल्दैन भन्ने पुनरावेदन जिकिर मनासिब देखिँदैन । प्रतिवादीहरूले पीडितले यसभन्दा पहिले पनि अन्य व्यक्तिहरूउपर जबरजस्ती करणी मुद्दाको जाहेरी दिई फसाउने नियत राखेको भन्ने पुनरावेदन जिकिर लिएकोमा पहिले कसैउपर जाहेरी दिएका कारण यी प्रतिवादीहरूले गरेको कसुरबाट उन्मुक्ति पाउन सक्ने स्थिति बन्दैन । प्रतिवादीका साक्षीले बकपत्र गर्दा प्रतिवादीहरूले अदालतमा

गरेको बयान बेहोराभन्दा फरक पर्ने गरी वारदात मिति र समयमा प्रतिवादी श्रीराम थारूका श्रीमती र बालबच्चाहरू घरमा नै थिए, सोही समयमा कसरी जबरजस्ती करणी हुन सक्छ भनी बकपत्र गरेकोमा सो बकपत्र विश्वासलायक नदेखिँदा प्रतिवादीहरूको पक्षमा प्रमाण लाग्ने अवस्था रहेन। आरोपित कसुरबाट उन्मुक्ति पाउँ भन्ने प्रतिवादीहरूउपर आफ्नो इन्कारी बयानलाई पुष्टि हुने गरी प्रमाण पेस गर्ने दायित्व प्रमाण ऐन, २०३१ को दफा २७ ले निज प्रतिवादीहरूको हुनेमा त्यस्तो वस्तुनिष्ठ प्रमाणहरू पेस गर्न सकेको नदेखिँदा निज प्रतिवादीहरू कसुरदार होइनन् भन्न सकिएन। निज प्रतिवादीहरूले अभियोग दाबीबमोजिमको कसुर गरेको तथ्य पुष्टि भएकोले निजहरूलाई मुलुकी ऐन, जबरजस्ती करणीको महलको ३ नं. को देहाय ५ बमोजिम जनही ५ वर्ष कैद र सामूहिक रूपमा जबरजस्ती करणी गरेतर्फ ऐ. ३क नं. बमोजिम जनही ५ वर्ष थप कैद सजायसमेत गरी पीडितलाई प्रतिवादीहरूबाट जनही रू.५०,०००।-(पचास हजार रूपैयाँ) क्षतिपूर्तिसमेत भराइदिने ठहऱ्याएको उच्च अदालत तुलसीपुर, नेपालगन्ज इजलासको फैसला मनासिब नै देखिन्छ। उक्त फैसला बदर गरी अभियोग दाबीबाट सफाइ पाउँ भन्ने प्रतिवादीको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

जाहेरी दरखास्त, घटनास्थल मुचुल्का, पीडितको मौकाको कागज, पीडितको स्वास्थ्य परीक्षण प्रतिवेदन, प्रतिवादीहरूको बयान, बुझिएका मानिसहरूको कागज, जाहेरवालीलगायत पीडितको बकपत्रसमेतका मिसिल संलग्न प्रमाणहरूबाट प्रतिवादीहरू श्रीराम थारू र हरिराम थारूले पीडित परिवर्तित नाम सङ्केत नं. ६६ बाँसगढी "ट" लाई पालैपालो सामूहिक रूपमा जबरजस्ती करणी गरेको तथ्य पुष्टि भएको हुँदा निज प्रतिवादीहरू हरिराम थारू र श्रीराम थारूलाई मुलुकी ऐन, जबरजस्ती करणीको महलको ३ नं.को देहाय ५ बमोजिम जनही ५ वर्ष कैद र सामूहिक रूपमा जबरजस्ती करणी गरेतर्फ ऐ. ३क नं.बमोजिम जनही ५ वर्ष थप कैद सजायसमेत गरी पीडितलाई प्रतिवादीहरूबाट जनही रू.५०,०००।- (पचास हजार रूपैयाँ) क्षतिपूर्तिसमेत भराइदिने ठहऱ्याएको उच्च अदालत तुलसीपुर, नेपालगन्ज इजलासबाट मिति २०७६।१।३० मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत : हेमराज शर्मा

कम्प्युटर : मन्जिता ढुंगाना

इति संवत् २०७८ साल चैत्र २० गते रोज १ शुभम्।

२८

**मा.न्या.श्री प्रकाशमान सिंह राउत र मा.न्या.डा.श्री कुमार चुडाल**, *०७२-CI-०६९१, उत्प्रेषणयुक्त परमादेश, इन्द्रकुमार शाह वि. खेचराज शाक्य*

नेपालको संविधान,२०७२ को दफा ५१ (ख)(४) मा सार्वजनिक प्रशासनलाई स्वच्छ, सक्षम, निष्पक्ष, पारदर्शी, भ्रष्टाचारमुक्त, जनउत्तरदायी र सहभागितामूलक बनाउँदै राज्यबाट प्राप्त हुने सेवा सुविधामा जनताको समान र सहज पहुँच सुनिश्चित गरी सुशासनको प्रत्याभूति गर्ने भन्ने उल्लेख रहेको छ। त्यस्तै जग्गा नाप जाँच ऐन, २०१९ को प्रस्तावनामा नेपालका नागरिकहरूको सुविधा कायम राख्नको लागि जग्गा नाप जाँच गर्ने र जग्गा नाप जाँच नियमावली, २०५८ को नियम ३३ मा कुनै व्यक्ति वा संस्थाले व्यक्तिगत प्रयोजनको निमित्त नाप जाँच गराउँदा सम्बन्धित कर्मचारीले तोकिएको रकम लिई नाप जाँच गरिदिनुपर्दछ भन्ने कानूनी प्रावधान रहेको देखिन्छ। उल्लिखित संवैधानिक एवम् कानूनी प्रावधानको आलोकमा, प्रत्यर्थी निवेदकले आफ्नो नाममा दर्ता स्रेस्ता रहेको कि.नं.२७५ को जग्गा रेखाङ्कन गरिपाउँ भनी कानूनबमोजिम लाग्ने दस्तुरसमेत दाखिल गरी पुनरावेदक विपक्षी नापी कार्यालय चैनपुरमा निवेदन दिएकोमा उक्त कित्ता जग्गा नाप गरी रेखाङ्कन गरिदिनुपर्ने कर्तव्य सम्बन्धित

जग्गा रहेको स्थानको नापी कार्यालयको हुने कुरामा विवाद नदेखिने।

प्रत्यर्थी निवेदकले रेखाङ्कन गर्न माग गरेको कि.नं.२७५ को जग्गामा विवाद परी अदालतबाट तहतह हुँदै फैसला भई अन्तिम भएको कुरालाई औँल्याई रेखाङ्कन गर्न मिल्दैन भनी पुनरावेदक विपक्षी नापी कार्यालयले प्रत्यर्थी निवेदकको निवेदनलाई तामेलीमा राख्ने कार्य गरेको पाइन्छ । तथापि, अदालतको फैसलाबमोजिम चलन चलाउने विषय र स्वतन्त्ररूपले आफ्नो जग्गाको रेखाङ्कन गर्ने विषय अलग अलग विषयवस्तु हुन्। प्रत्यर्थी निवेदकले आफ्नो निवेदनमा फैसलाबमोजिम रेखाङ्कन गरिपाउँ भनी उल्लेख गरेको पाइँदैन । अदालतबाट भएको फैसलाबमोजिम गरिपाउँ भनी निजले अदालतको पत्र लिई आएका बखत सोहीबमोजिम हुने नै हुँदा हालको अवस्थामा प्रत्यर्थी निवेदकको नाममा रहेको कि.नं.२७५ को जग्गाका सम्बन्धमा मागबमोजिम रेखाङ्कन गर्नुपर्ने अवस्थाको देखिँदा रेखाङ्कन गर्न नमिल्ने भनी पुनरावेदक विपक्षी नापी कार्यालयबाट मिति २०७१।१२।१० मा प्रत्यर्थी निवेदकले दिएको निवेदन तामेलीमा राख्ने गरी भएको निर्णय कानूनसम्मत रहेको मान्न नमिल्ने।

प्रत्यर्थी निवेदकको नाममा दर्ता स्रेस्ता रहेको भनिएको जिल्ला संखुवासभा, साबिक चैनपुर गा.वि.स.वडा नं. ३ हाल चैनपुर नगरपालिका, वडा नं. १० को कि.नं. २७५ को जग्गामा सीमाना रेखाङ्कन गर्न भनी मिति २०७१।१२।०८ मा र. नं. ६४५ बाट नगदसमेत दाखिल गरिसकेको अवस्थामा नापी कार्यालय चैनपुरले मिति २०७१।१२।१० मा उक्त निवेदनलाई तामेलीमा राख्ने गरी भएको निर्णय कानूनबमोजिम मिलेको नदेखिँदा उत्प्रेषणको आदेशद्वारा बदर गरी निवेदकको उक्त कित्ता नम्बरको जग्गा कानूनबमोजिम रेखाङ्कन गर्नु, गराउनु भनी पुनरावेदक विपक्षी नापी कार्यालय, चैनपुरसमेतको नाममा परमादेश आदेश जारी हुने।

इजलास अधिकृत : गगनदेव महतो

कम्प्युटर : सुप्रभा अर्याल

इति संवत् २०७९ साल असोज २५ गते रोज ३ शुभम्।

**२९**

**मा.न्या.श्री प्रकाशमान सिंह राउत र मा.न्या.डा.श्री कुमार चुडाल**, *०७६-WO-०२९७, उत्प्रेषण, भोजराज खनाल वि. उच्च अदालत पोखरासमेत*

निवेदक भोजराज खनालले विपक्षी राधा खनालउपर दिएको अंश र सम्बन्ध विच्छेद मुद्दा र निवेदकउपर विपक्षी राधा खनालले दिएको मानाचामल मुद्दामा कारबाहीयुक्त अवस्थामा रहेको देखिन आउँछ। निवेदक र विपक्षीले उक्त मुद्दाहरूमा कारबाहीको विभिन्न चरणमा आफ्नो दाबी र जिकिर पुष्टि हुने गरी साक्षी प्रमाण पेस गर्ने र तनहुँ जिल्ला अदालतले समेत मुद्दामा वादी प्रतिवादीको आयस्रोत बुझ्नेलगायत सम्पत्तिको विवरण लिने, साक्षी सर्जमिन बुझ्नेसमेतका प्रक्रियासम्मत रूपमा गरिने आवश्यक कार्यहरू गरी न्याय निरूपण गर्ने कार्य बाँकी नै रहेको देखिन्छ । एक सक्षम अदालत भएको हैसियतले कानूनबमोजिम साधारण अधिकारक्षेत्रको बाटो अवलम्बन गरी उल्लिखित कार्य गर्न तनहुँ जिल्ला अदालत स्वतन्त्र र स्वायत्त छ । उच्च अदालत पोखराबाट अवधि तोकी भएको सामान्य अन्तरकालीन आदेश बोलिएको सन्दर्भसम्ममा सीमित रहने हुँदा सो अन्तरकालीन आदेशले तनहुँ जिल्ला अदालतमा विचाराधीन रहेको मुद्दाको अन्तरवस्तुलाई प्रभावित तुल्याउने वा सो अदालतको स्वतन्त्रता वा स्वायत्ततामा बन्देज लगाउने भनी मान्न नमिल्ने ।

उच्च अदालत पोखराबाट मिति २०७६।०५।१२ मा भएको अन्तरकालीन आदेश कानूनबमोजिम जारी भएको न्यायिक प्रक्रियाको एक अंश भएको एवम् सो अन्तरकालीन आदेशमा कानूनको

त्रुटि भएको वा सो आदेशले तनहुँ जिल्ला अदालतको स्वतन्त्रता तथा स्वायत्ततामा बन्देज लगाएको मान्न मिल्ने नदेखिँदा निवेदन मागबमोजिम उत्प्रेषणको रिट जारी गर्नुपर्ने अवस्थाको विद्यमानता देखिएन । प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत : किरणकुमार सिंह

कम्प्युटर : सुप्रभा अर्याल

इति संवत् २०७८ साल फागुन ११ गते रोज ४ शुभम् ।

**३०**

**मा.न्या.श्री प्रकाशमान सिंह राउत र मा.न्या.डा.श्री कुमार चुडाल**, *०७२-WO-०४२३, उत्प्रेषणसमेत, सिताकुमारी दाहालसमेत वि. श्रम अदालत अनामनगर, काठमाडौंसमेत*

रिट निवेदकहरू सिताकुमारी दाहालसमेतले आफूहरू विगत लामो समयदेखि सिद्धार्थ बैंकअन्तर्गत कार्यालय सहयोगीको रूपमा काम गर्दै आइरहेकोले सोही बैंकमा नै हाजिर गराई काममा लगाइपाउँ भन्नेसमेत बेहोरा उल्लेख गरी श्रम कार्यालय, बागमती अञ्चल, काठमाडौंमा निवेदन दिएको तथ्य मिसिल संलग्न रहेका निजहरूकै निवेदनसहितको कागजातहरूबाट खुल्न आउँछ । श्रम कार्यालय, बागमती अञ्चल, काठमाडौंले यी निवेदकहरू सिद्धार्थ बैंकअन्तर्गतका काम गर्ने कामदार कर्मचारी हुन् होइनन् र निजहरूले सो बैंकमा हाजिर गर्न पाउने र काम गर्न पाउने हुन् होइनन् भनी निवेदन दाबीमा सीमित रही निर्णय गर्नुपर्नेमा नगरी निवेदकहरूलाई स्थायी नियुक्ति र पुनर्बहाली गर्नेसमेतको दायित्व फेसिलिटी सर्भिस प्रा.लि.को हुने भनी श्रम कार्यालयले निवेदन मागदाबीभन्दा बाहिर गई मिति २०७१।०६।०५ मा गरेको निर्णय बदर हुने भनी श्रम अदालतबाट फैसला भएको देखियो । यसरी निवेदन मागदाबीभन्दा बाहिर गई श्रम कार्यालयले गरेको निर्णय बदर गरेको श्रम अदालतको मिति २०७२।०३।१८ को फैसला कानून विपरीत रहेको मान्न मिलेन । निवेदन दाबीबाहिर गई श्रम कार्यालयले गरेको निर्णय बदर हुने गरी श्रम अदालत, काठमाडौंबाट भएको उक्त फैसलामा के कसरी कानूनी त्रुटि भएको हो निवेदकहरूले रिट निवेदनमा दर्साउन सकेको पाइँदैन । श्रम अदालतको फैसला बदर हुनुपर्ने ठिकठिक कानूनी आधारसमेत निवेदकले उल्लेख गरेको नपाइने ।

निवेदन मागदाबीभन्दा बाहिर गई श्रम कार्यालय, बागमती अञ्चल, काठमाडौंले गरेको निर्णयलाई बदर हुने ठहर गरी श्रम अदालत, काठमाडौंबाट मिति २०७२।०३।१८ मा भएको फैसलामा कानूनी त्रुटि देखिएन । प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत : गगनदेव महतो

कम्प्युटर : सुप्रभा अर्याल

इति संवत् २०७९ साल असोज २५ गते रोज ३ शुभम् ।

**३१**

**मा.न्या.श्री प्रकाशमान सिंह राउत र मा.न्या.डा.श्री कुमार चुडाल**, *०७९-WO-०११९, उत्प्रेषणयुक्त परमादेशसमेत, बलिभद्र राना वि. लुम्बिनी प्रदेशको प्रदेश सरकार, पर्यटन, ग्रामीण तथा सहरी विकास मन्त्रालयअन्तर्गतको प्रदेश राजधानी निर्माण आयोजना कार्यान्वयन इकाइ, राप्ती उपत्यका (देउखुरी), दाङसमेत*

निवेदकले रद्द गरिपाउँ भनी उल्लेख गरेको बोलपत्र आह्वानको सूचना नं. PCCPIU/DANG/NCB/WORKS/01-078/79 (CONSTRUCTION OF LUMBINI PROVINCE CAPITAL ADMINISTRATIVE BUILDINGS AND INFRASTRUCTURE WORKS, PHASE I) अनुसारको खरिद कार्य रद्द गरिएको भनी मिति २०७९।०५।०८ को गोरखापत्रमा सूचना निकालेको बेहोरा विपक्षीले लिखित जबाफमा उल्लेख गरेको र मिसिल संलग्न कागजातमा समेत खरिद कार्य रद्द गरिएकोसम्बन्धी सूचना देखिएको हुँदा

प्रस्तुत रिट निवेदनको औचित्य बाँकी रहेको नदेखिने।

जहाँसम्म, कानूनबमोजिम प्रक्रियाहरू पुर्‍याई पुनः अर्को बोलपत्र आह्वान गर्न विपक्षीका नाममा परमादेशको आदेश जारी गरिपाउँ भन्ने निवेदकको माग दाबीतर्फ विचार गर्दा, आ.व. २०७९/८० को लुम्बिनी प्रदेश सरकारको नीति तथा कार्यक्रमको बुँदा नं. २४ मा प्रदेश राजधानी व्यवस्थापन (राप्ती उपत्यका, देउखुरी) लाई प्रादेशिक गौरवको आयोजनाको रूपमा विकास गरी कार्यान्वयन गरिने विषय उल्लेख भएकोमा वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन सम्पन्न नभएका कारण खरिद प्रक्रिया नै रद्द भएको हुँदा सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६५ को उपदफा (२क) बमोजिम सार्वजनिक खरिद अनुगमन कार्यालयले खरिद कारबाहीमा भएको त्रुटि सच्याउन लेखी पठाउन सक्ने अवस्था भएको र सोबमोजिम उक्त कार्यलयबाट खरिद प्रक्रिया सच्याउन लेखी पठाएको अवस्था रहेको भनी विपक्षी मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, लुम्बिनी प्रदेशको तर्फबाट यस अदालतमा लिखित जबाफसमेत पर्न आएको स्थितिमा अधिकार प्राप्त निकायबाट कानूनबमोजिम आवश्यक प्रक्रिया अवलम्बन गरिएको देखिएको हुँदा निवेदकको मागबमोजिम यस अदालतबाट परमादेशको आदेश जारी गर्नुपर्ने अवस्था नदेखिने।

निवेदकले रद्द गरिपाउँ भनी उल्लेख गरेको बोलपत्र आह्वानको सूचना नं. PCCPIU/DANG/NCB/WORKS/०१-०७८/७९ अनुसारको खरिद कार्य रद्द गरिएको भनी मिति २०७९।०५।०८ को गोरखापत्रमा सूचना प्रकासित भइसकेको देखिएको र निवेदकको मागदाबीबमोजिम कुनै आदेश जारी गर्न मिल्ने नदेखिँदा प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत : ताराप्रसाद जोशी

कम्प्युटर : मन्जिता ढुंगाना

इति संवत् २०७९ साल असोज ३१ गते रोज २ शुभम्।

## इजलास नं.७

### ३२

**मा.न्या.श्री बमकुमार श्रेष्ठ र मा.न्या.श्री तिल प्रसाद श्रेष्ठ**, *०७७-CR-०६१९, वैदेशिक रोजगार ठगी, हेमप्रसाद गुरूङ वि. नेपाल सरकार*

प्रतिवादी र जाहेरवालाबिच मिति २०६४।११।२९ मा भएको कागजमा वैदेशिक रोजगारको लागि न्युजिल्यान्ड पठाइदिने बेहोरा उल्लेख भएको, सो कागजमा प्रतिवादीको सहीछापसमेत रहेको, प्रतिवादीउपर जाहेरवालाहरू राम रानामगरसमेतको किटानी जाहेरी परेको र सो जाहेरी बेहोरा पुष्टि हुने गरी जाहेरवालाहरूले बैदेशिक रोजगारको लागि न्युजिल्यान्ड मुलुकमा जाने भनी प्रतिवादीलाई रकम दिई प्रतिवादीले रकम बुझेपछि लिखत कागज गरिदिएका हुन् भनी बकपत्र गरिदिएको देखिन्छ। प्रतिवादीले जाहेरवालाहरूलाई वैदेशिक रोजगारमा पठाउन भनी कुनै रकम नलिएको भनी आरोपित कसुरमा इन्कार रहे पनि मौकामा बयान गर्दा एभरेष्ट बैंक लिमिटेड बाग्लुङ्गमार्फत रू.२८,५०,०००।- (अट्ठाइस लाख पचास हजार) मेरो नाममा चेक लेखिदिएका हुन्। जाहेरीसाथ प्रस्तुत गरिएको लिखत कागजको सहीछाप मेरै हो भनी आरोपित कसुरमा साबित रही बयान गरेको देखिन्छ। प्रतिवादीले न्यायाधिकरणसमक्ष बयान गर्दा करकापमा पारी जबरजस्ती कागज गराएका हुन् भनी कागज गरेको कुरामा साबित रहेको पनि देखिन्छ। कागज गर्दा आफ्नो सहमतिमा नभई जबरजस्ती कागज गराएको भन्ने निजको जिकिर तथ्यगत, वस्तुनिष्ठ र विश्वसनीय प्रमाण प्रस्तुत गरी पुष्टि गराउन सकेको पाइँदैन। यस अवस्थामा प्रतिवादी र जाहेरवालाबिच वैदेशिक रोजगारमा पठाइदिने विषयमा भएको लिखत अन्यथा

प्रमाणित नभई यी प्रतिवादीले वैदेशिक रोजगार ऐन, २०६४ को दफा १० र ४३ विपरीतको कसुर गरेको नै भन्ने देखिन्छ।

वैदेशिक रोजगार ऐन, २०६४ को दफा १० अनुसार वैदेशिक रोजगार व्यवसाय सञ्चालन गर्न इजाजत नलिएका यी प्रतिवादी हेमप्रसाद गुरूङ्गले जाहेरवालाहरूलाई वैदेशिक रोजगारका लागि न्युजिल्यान्ड पठाइदिने प्रलोभन देखाई निजहरूबाट संयुक्त रूपमा रू.२८,५०,०००।- (अट्ठाइस लाख पचास हजार रूपैयाँ) लिई कागजसमेत गरेको र सो कागजबमोजिम वैदेशिक रोजगारीमा नपठाई रकमसमेत फिर्ता नगरेको देखिएबाट यी प्रतिवादी हेमप्रसाद गुरूङ्गले वैदेशिक रोजगार ऐन, २०६४ को दफा १० र ४३ विपरीतको कसुर गरेको पुष्टि हुन आएको देखिँदा वैदेशिक रोजगार न्यायाधिकरणबाट भएको फैसलालाई अन्यथा भन्न मिल्ने देखिएन।

अतः उपर्युक्त आधार र कारणहरूबाट प्रतिवादी हेमप्रसाद गुरूङ्गले अभियोग मागदाबीबमोजिम वैदेशिक रोजगार ऐन, २०६४ को दफा १० र ४३ को कसुर गरेको देखिँदा निज प्रतिवादीलाई सोही ऐनको दफा ४३ बमोजिम २।०० (दुई वर्ष) कैद र रू.२,००,०००।- (दुई लाख रूपैयाँ) जरिवाना हुने र प्रतिवादीले जाहेरवालाहरूसँग लिएको रकम रू.२८,५०,०००।- (अट्ठाइस लाख पचास हजार) र सोको ५०% ले हुने रकम रू.१४,२५,०००।- (चौध लाख पच्चिस हजार) समेत गरी जम्मा रू.४२,७५,०००।– (बयालिस लाख पचहत्तर हजार) हर्जानासमेत प्रतिवादीबाट जाहेरवालाले भराइपाउने ठहर गरी वैदेशिक रोजगार न्यायाधिकरणबाट मिति २०६८।०८।०४ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत : मञ्जु शर्मा

कम्प्युटर अपरेटर : शंकर गुरूङ

इति संवत् २०७९ साल जेठ २४ गते रोज ३ शुभम्।

## ३३

**मा.न्या.श्री बमकुमार श्रेष्ठ र मा.न्या.श्री तिलप्रसाद श्रेष्ठ**, *०७८-CR-०३६६, जबरजस्ती करणी (बालबिज्याईँ), नेपाल सरकार वि. परिवर्तित नाम ०४-५-आ*

वादी दाबी प्रमाणित गर्ने दायित्व वादीउपर नै रहेको हुन्छ। कुनै पनि व्यक्तिलाई त्यस बेलासम्म दोषी करार गर्न मिल्दैन जबसम्म वादी दाबी अनुसारको कसुर भएको तथ्य सप्रमाण स्थापित हुँदैन। प्रमाण ऐन, २०३१ को दफा २५ मा "फौजदारी मुद्दामा अभियुक्तको कसुर प्रमाणित गर्ने भार वादीको हुन्छ" भन्ने कानूनी व्यवस्था भएको सन्दर्भमा प्रस्तुत मुद्दामा वादी दाबी अनुसारको कसुर भएको तथ्य स्थापित हुन नसकेको एउटा पक्ष देखिन्छ भने प्रतिवादीको इन्कारी बयान, जाहेरी दरखास्त, जाहेरवालाको बकपत्र तथा पीडितको बकपत्र एकआपसमा विरोधाभाषपूर्ण देखिएकोसमेतबाट बालबिज्याईँकर्ता परिवर्तित नाम ०४-५-आ उपरको आरोपित कसुर स्थापित भएको देखिँदैन।

सर्वोच्च अदालतबाट “प्रमाण ऐन, २०३१ को दफा २५ ले फौजदारी मुद्दामा अभियुक्तको कसुर प्रमाणित गर्ने भार वादीको हुने छ भन्ने कानूनी व्यवस्था गरेको सन्दर्भमा प्रस्तुत मुद्दामा वादी पक्षले शंकारहित तवरले आफ्नो दाबी प्रमाणित गर्न सकेको देखिएन । यस्तो अवस्थामा सिर्फ शंकाको आधारमा मात्र जबरजस्ती करणीजस्तो गम्भीर प्रकृतिको फौजदारी अपराधमा कसुरदार ठहर्‍याउनु फौजदारी न्यायशास्त्रको विपरीत हुने ” (ने.का.प.२०५९ अङ्क ११/१२ नि.नं. ७१५७ ) भनी सिद्धान्त प्रतिपादन भएको पाइन्छ । प्रतिवादीले पीडितको सहमति र राजीखुसीमा नै विवाह गर्न भनी पीडितलाई आफ्नो घर लगेको हो। विधिवत् रूपमा विवाह नभएका कारण पीडितसँग यौनसम्पर्क गरेको छैन भन्दै आरोपित कसुरमा इन्कारी बयान गरेको अवस्था छ। जाहेरवाला

पीडितको आमाले छोरी हराएकाले मानसिक तनावमा आई त्यस्तो जाहेरी लेखी उजुरी दिएको हो, छोरीलाई जबरजस्ती करणी भएको छैन भनी बकपत्र गरिदिएको, प्रतिवादीसँग मन मिली उसको घरमा गएको हो, प्रतिवादीले मलाई जबरजस्ती करणी गरेको छैन भन्ने बेहोराको पीडित स्वयंको बकपत्र रहेको साथै पीडितको शरीरमा जबरजस्ती करणीको कुनै लक्षण नदेखिएको भन्ने पीडितको स्वास्थ्य परीक्षण प्रतिवेदन तथा जबरजस्ती करणी भएको भनी यकिनसाथ भन्न सकिँदैन भन्ने बेहोराको पीडितको स्वास्थ्य परीक्षण गर्ने चिकित्सकको बकपत्र रहेकोसमेतबाट आरोपित कसुर प्रतिवादीबाट भयो होला भनी भन्न मिल्ने देखिँदैन । यसरी बालबिज्याईँकर्ता परिवर्तित नाम ०४-५-आ ले पीडित ०४-५-अ लाई जबरजस्ती करणी गरेको पुष्टि हुन नसकेको अवस्थामा शंका र अनुमानको भरमा कसुर स्थापित गरी सजाय गर्दा कानूनसङ्गत नहुने स्थिति एकातर्फ देखिन्छ भने वस्तुनिष्ठ, तथ्यसङ्गत विश्वसनीय प्रमाणको अभावमा बालबिज्याईँकर्तालाई आरोपित कसुरको कसुरदार ठहराउँदा फौजदारी न्याय सिद्धान्तको प्रतिकूलसमेत हुने देखिन्छ ।

तसर्थ, सुरू झापा जिल्ला अदालतले बालबिज्याईँकर्ता परिवर्तित नाम ०४-५-आ लाई मुलुकी अपराध संहिता, २०७४ को दफा २१९ (१) र (२) बमोजिमको कसुरमा ऐ. संहिताको दफा २१९ (३)(ख) बमोजिम सजाय हुनेमा बालबालिकासम्बन्धी ऐन, २०७५ को दफा ३६(४) एवम् मुलुकी अपराध संहिता,२०७४ को दफा ४५(४) बमोजिम ९(नौ) वर्ष ४ (चार) महिना कैद सजाय र ऐ. संहिताको दफा २२८ बमोजिम बालबिज्याईँकर्ता परिवर्तित नाम ०४-५-आ बाट रू.५०,०००/- (पचास हजार) क्षतिपूर्तिसमेत पीडितले प्रतिवादीबाट भराइपाउने ठहऱ्याएको फैसला उल्टी गरी बालबिज्याईँकर्ता परिवर्तित नाम ०४-५-आ ले अभियोग दाबीबाट सफाइ पाउने ठहऱ्याई उच्च अदालत विराटनगर, इलाम इजलासबाट भएको फैसला मनासिब भई मिलेको नै देखियो ।

तसर्थ, माथि प्रकरण प्रकरणमा विवेचित तथ्य आधार र कारणसमेतबाट सुरू झापा जिल्ला अदालतबाट मिति २०७६।११।२९ मा भएको फैसला उल्टी भई बालबिज्याईँकर्ता परिवर्तित नाम ०४-५-आ ले अभियोग दाबीबाट सफाइ पाउने गरी उच्च अदालत विराटनगर, इलाम इजलासबाट मिति २०७७।१२।२४ मा भएको फैसला मिलेको देखिँदा सदर हुने ।

इजलास अधिकृत : ऋतु राई/मञ्जु शर्मा

कम्प्युटर : समी नेपाली

इति संवत् २०७९ साल जेष्ठ २४ गते रोज ३ शुभम् ।

३४

**मा.न्या.श्री बमकुमार श्रेष्ठ र मा.न्या.श्री तिलप्रसाद श्रेष्ठ**, *०७७-CR-१२७२, कर्तव्य ज्यान, नेपाल सरकार वि. दिपेन्द्र भन्ने दिपक धामीसमेत*

साबिक मुलुकी ऐन ज्यानसम्बन्धी महलको १ नं. मा "कानूनबमोजिम बाहेक कसैले कुनै मानिसको ज्यान मार्न,मार्न लगाउन वा मार्नाको उद्योग गर्न हुँदैन" भन्ने व्यवस्था भएको र सोही महलको १३(३) मा- "लाठा ढुंगा र साधारण सानातिना हातहतियारले कुटी, हानी रोपी, घोची वा अरू ज्यान मार्ने गैह्रकुरा गरी ज्यान मरेमा एकै जनाले मात्र सो काम गरी ज्यान मारेमा सोही एक जना र धेरै जनाको हुल भई मारेमा यसैले मारेको वा यसको चोटले मरेको भन्ने प्रमाणबाट देखिन ठहर्न आएमा सोही मानिस मूख्य ज्यानमारा ठहर्छ । त्यस्तालाई सर्वस्वसहित जन्मकैद गर्नुपर्छ । सोबाहेक अरूलाई र यसैले मारेको वा यसैका चोटले मरेको भन्ने कुरा सो हात हतियार छाड्ने कसैउपर कुनै प्रमाणबाट देखिने ठहर्न नआएमा सबैलाई जन्मकैद गर्नुपर्छ" भन्ने कानूनी व्यवस्था रहेकोमा प्रतिवादीहरू दिपेन्द्र भन्ने दिपक धामी, प्रकाश धामी र मृतक मनजित धामीबिचमा झै-झगडा भई प्रतिवादी दिपेन्द्र भन्ने दिपक धामी र प्रकाश धामीको यो यस्तो क्रियाकलाप र घटनामा संलग्न भई निजहरूले गरेको

यो यस्तो कार्यबाट मृतकको मृत्यु भएको थियो भन्ने नदेखिएपछि तथ्ययुक्त ठोस प्रमाणको अभावमा केवल भने सुनेकै आधारमा आरोपित कसुर यी प्रतिवादीहरू दिपेन्द्र भन्ने दिपक धामी र प्रकाश धामीबाट भयो होला भनी भन्न मिल्ने देखिएन।

वादी दाबी प्रमाणित गर्ने दायित्व वादीउपर नै रहेको हुन्छ । दाबी लिएर मात्र हुँदैन, लिएको दाबी स्वतन्त्र, वस्तुनिष्ठ र विश्वसनीय प्रमाण प्रस्तुत गरी प्रमाणित गराएको देखिनु पनि पर्दछ । स्वतन्त्र, वस्तुनिष्ठ र विश्वसनीय प्रमाणको अभावमा कसैलाई पनि कसुरदार ठहराउँदा फौजदारी न्याय सिद्धान्तको विपरीतसमेत हुन जाने भएकोले त्यस्तो प्रमाणको अभावमा प्रतिवादीलाई आरोपित कसुरको कसुरदार ठहराउन मिल्ने देखिएन। प्रमाण ऐन, २०३१ को दफा २५ मा "फौजदारी मुद्दामा अभियुक्तको कसुर प्रमाणित गर्ने भार वादीको हुन्छ" भन्ने कानूनी व्यवस्था भएको सन्दर्भमा हेर्दा पनि प्रतिवादीहरू दिपेन्द्र भन्ने दिपक धामी र प्रकाश धामीको कर्तव्यबाट मृतक मनजित धामीको मृत्यु भएको भन्ने अभियोग मागदाबीलाई पुष्ट्याईँ गर्ने तथ्ययुक्त प्रमाण अभियोजन पक्षबाट पेस हुन नसकेको अवस्था हुँदा प्रतिवादीहरू दिपेन्द्र भन्ने दिपक धामी र प्रकाश धामीले मृतकलाई कुटपिट गरी मारेका हुन् भन्ने तथ्यगत, वस्तुनिष्ठ र विश्वसनीय प्रमाणको मिसिलमा अभाव रहेकोबाट पनि आरोपित कसुरमा प्रतिवादीहरू दिपेन्द्र भन्ने दिपक धामी र प्रकाश धामीको संलग्नता रहेको भन्ने देखिँदैन।

उल्लिखित आधार, प्रमाणहरूको विश्लेषण गर्दा यी प्रतिवादीहरू दिपेन्द्र भन्ने दिपक धामी र प्रकाश धामीविरूद्धको एक मात्र प्रमाण सह-प्रतिवादी जनु भन्ने जनकबहादुर धामी र भैरे भन्ने भैरवबहादुर धामीले आफूहरूले प्रतिवादीहरू दिपेन्द्र भन्ने दिपक धामी र प्रकाश धामीलाई कुटपिट गरी मारिदिनु भनी अह्राएको, त्यसपछि निजहरूसँग भेट नभएको र मनजित धामी मृत अवस्थामा भेटिएको हुँदा निजहरूले मारेकोमा विश्वास लाग्छ भनी लेखाई पोल गरी अनुसन्धान अधिकारीसमक्ष गरेको बयान बेहोरालाई मात्र आधार लिई प्रतिवादीहरू दिपेन्द्र भन्ने दिपक धामी र प्रकाश धामीलाई कर्तव्य ज्यानजस्तो गम्भीर प्रकृतिको अपराधमा कसुरदार ठहऱ्याई सजाय गर्दा फौजदारी न्याय सिद्धान्तको विपरीत भई न्यायसम्मत हुने देखिँदैन। अत: प्रतिवादीहरू दिपेन्द्र भन्ने दिपक धामी र प्रकाश धामीले अभियोग माग दाबीबाट सफाइ पाउने गरी उच्च अदालत दिपायलबाट भएको फैसला उल्टी गरी उल्लिखित प्रतिवादीहरूलाई अभियोग मागदाबीबमोजिम सजाय होस् भनी नेपाल सरकारको तर्फबाट उपस्थित विद्वान् सहन्यायाधिवक्ताले गर्नुभएको बहस जिकिरसँग सहमत हुन सकिएन।

तसर्थ, माथि प्रकरण प्रकरणमा विवेचित तथ्य, आधार र कारणसमेतबाट सुरू बझाङ जिल्ला अदालतबाट मिति २०७५।११।१९ मा भएको फैसला सदर गरी मिति २०७७।०९।१२ मा उच्च अदालत दिपायलबाट भएको फैसला मिलेकै देखिँदा सदर हुने।
इजलास अधिकृत : ऋतु राई/मञ्जु शर्मा
कम्प्युटर : समी नेपाली
इति संवत् २०७९ साल जेष्ठ २४ गते रोज ३ शुभम्।

## इजलास नं.८

### ३५

**मा.न्या.श्री टंकबहादुर मोक्तान र मा.न्या.डा.श्री मनोजकुमार शर्मा**, *०७७-CR-०५७४, जबरजस्ती करणी, दिलिप कार्की वि. नेपाल सरकार*

पुनरावेदक प्रतिवादीले आरोपित कसुरमा इन्कार रही अदालतमा बयान गरे तापनि निज प्रतिवादी दिलिप कार्कीले मौकामा अनुसन्धान अधिकारीसमक्ष बयान गर्दा वर्ष ६ की नाम परिवर्तन सातदोबाटो (१६) लाई काखमा राखी नजिकै रहेको झ्याउलीभित्र लगेर सुताई निजले लगाएको कपडा र मैले लगाएको कपडा

तल सारी मेरो उत्तेजित लिङ्ग निजको सु गर्नेभित्र पसाउन खोज्दा पसेन । निजले दुख्यो भन्दै कराउँदै थिइन् । मेरो लिङ्ग निजको सु गर्ने ठाउँमा नपसेपछि मैले बायाँ हातको चोर औँला भित्र छिराउँदा सु गर्ने ठाउँबाट रगत निस्कियो भनी नाबालिकालाई करणी गरेकोमा साबित रही गरेको बयान, LACERATION N 1×2 8 O'CLOCK POSITION. HYMEN:- TORN भन्ने पीडितको शारीरिक परीक्षण प्रतिवेदन र दिलिप कार्कीले मेरो वर्ष ६ की नाबालिका छोरी परिवर्तित नाम सातदोबाटो (१६) लाई ललाइफकाइ इँटा भट्टामा रहेको झ्याउली (छाप्रो) मा लगी जबरजस्ती करणी गरेका कारण छोरीको योनिबाट रगत बगेको छ भनी छोरीले भनेकीले हेर्दा रगत बगेको थियो । छोरीलाई जबरजस्ती करणी गरी निज दिलिप कार्की भागी गएको हुँदा निजलाई कारबाही गरिपाउँ भन्ने पीडितकी आमा परिवर्तित नाम सातदोबाटो (१५) को जाहेरी बेहोरा रहेको, अदालतमा उपस्थित भई मौकाको जाहेरी बेहोरा पुष्टि हुने गरी बकी लेखाइदिएको बकपत्र एवम् दिलिप कार्की अङ्कलले झ्याउलीमा बोलायो र मेरो लुगा खोल्यो । आफ्नो पनि लुगा खोल्यो अनि मेरो सुसु गर्ने ठाउँमा आफ्नो ठुलो बनाएको सुसु राख्दा दुख्यो भनी म रोइकराइ गर्दा पनि मुख थुन्यो र २ पटक मेरो सुसु गर्ने ठाउँमा छिराएपछि मलाई छोड्यो । त्यसपछि कपडा लगाई म रुँदै घरमा गएकोमा ममीले मेरो सुसु गर्ने ठाउँमा आएको रगत पुछ्नु भयो भनी पीडित सातदोबाटो (१६) ले मौकामा गरेको कागजअनुरूप अदालतमा उपस्थित भई गरिदिएको बकपत्र, मौकामा बुझिएको ललिता पल्ली मगरको मौकाको कागज र अदालतमा भएको बकपत्रसमेतका मिसिल संलग्न प्रमाणबाट समर्थित भएको छ र अदालतमा भएको आफ्नो इन्कारी बयान समर्थित हुने कुनै प्रमाण प्रतिवादीले पेस गर्न सकेको नदेखिने ।

प्रतिवादीउपरको किटानी जाहेरी, प्रतिवादी दिलिप कार्कीको अनुसन्धानमा भएको बयान, पीडितको स्वास्थ्य परीक्षण प्रतिवेदन, पीडित नाबालिकाले मौकामा गरेको कागज तथा निजको अदालतमा भएको बकपत्र, जाहेरवाली सातदोबाटो (१५) तथा मौकामा कागज गर्ने ललिता पल्ली मगरसमेतले अदालतमा गरेको बकपत्रसमेतबाट पुनरावेदक प्रतिवादीले वर्ष ६ की पीडित सातदोबाटो (१६) लाई जबरजस्ती करणी गरेको भन्ने पुष्टि हुन आएकोले यी प्रतिवादी दिलिप कार्कीलाई मुलुकी अपराध संहिता, २०७४ को दफा २१९ को उपदफा ३ को खण्ड (क) बमोजिम जन्मकैदको सजाय हुने र पीडित सातदोबाटो (१६) लाई मुलुकी अपराध संहिता, २०७४ को दफा २२८ र अपराध पीडित संरक्षण ऐन, २०७५ को दफा ३० क्षतिपूर्तिबापत पीडितले रू.३०,०००/- भरिपाउने ठहर्‍याई सुरू ललितपुर जिल्ला अदालतबाट भएको फैसला सदर गरेको उच्च अदालत पाटनको मिति २०७७।०३।२३ को फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत : दामोदर घिमिरे

कम्प्युटर : अमिररत्न महर्जन

इति संवत् २०७९ साल माघ २२ गते रोज १ शुभम् ।

**३६**

**मा.न्या.श्री टंकबहादुर मोक्तान र मा.न्या.डा.श्री मनोजकुमार शर्मा**, *०७७-CR-०१६७, कर्तव्य ज्यान, लालमणिदेवी साह वि. नेपाल सरकार*

पुनरावेदक/प्रतिवादीको पुनरावेदन जिकिरतर्फ विचार गर्दा, मैले काठको सुकेको दाउराले टाउकोलगायत शरीरका अन्य भागमा प्रहार गरेको, छोरा परिवर्तित नाम आर कुमारले खुट्टामा दाउराले प्रहार गरेको र ज्वाइँ अरूण साहले श्रीमान् बौका साहको टाउको छातीसमेतमा लात्ती, मुक्का प्रहार गरेको भनी प्रतिवादी लालमणिदेवी साहले अनुसन्धान अधिकारीसमक्ष भएको मौकाको बयानमा लेखाएकी र आमाले काठको सुकेको दाउराले टाउकोलगायत बुबाको शरीरमा र मैले खुट्टामा २/४ पटक दाउराले प्रहार गरेको, भिनाजु अरूण साहले बुबालाई टाउको

छातीसमेतमा लात्ती मुक्का प्रहार गर्दा बुबा बरन्डामा ढल्नुभयो भनी प्रतिवादी परिवर्तित नाम आर कुमारले बयान गरेका र निज प्रतिवादीहरूले अदालतमा बयान गर्दासमेत पति/पिता बौका साह रक्सी खाई घरमा आएर भान्सामा रहेका भाँडाकुँडा फाल्ने र चुल्होसमेत भत्काएका कारण आफूहरूले मृतक बौका साहलाई लाठी मुक्का प्रहार गरेको भनी मृतक बौका शाहलाई कुटपिट गरेको तथ्यलाई स्वीकार गरेको पाइयो। लखिचन्द साहको पुरानो घरको भुँइतल्लामा मृतक बौका साहको गहुँको भुसमाथि उत्तर टाउको दक्षिण गोडा बनाई पूर्व कोल्टो अवस्थामा रहेको मृतक बौका साहको लासलाई हेर्दा नाकको दुवै प्वालबाट रगत बगेको, टाउकोमा १ इन्च लामो चोट घाउ रही रगत निस्केको, दायाँ खुट्टाको छेपारीमा १ इन्च लामो चोट घाउ रही रगत बगेको, बायाँ खुट्टाको नलीमा दुई वटा पुरानो चोट घाउ तथा ढाड तथा पाखुराको भागमा पुरानो घाउको नीलडामसमेत रहेको भन्नेसमेत बेहोराको लास जाँच प्रकृति मुचुल्का तथा मृत्युको कारण (CAUSE OF DEATH) मा MOST LIKELY SEVERE HEAD TRAUMA (CONTARION-EXTRADURAL HAEMATOMA) LEADING TO ULTIMATE CNS FAILURE (स्नायु प्रणालीले काम नगरेको) को कारणबाट मृत्यु भएको भन्ने बौका साहको शव परीक्षण प्रतिवेदनबाट देखिएको साथै मौकामा घटना विवरण कागज गर्ने रोहितकुमार साह र अभिषेक साहले हजुरबुबा बौका साहले खाना तथा माछा फालिदिएकोले हजुरआमा लालमणिदेवी साह, मामा परिवर्तित नाम आरकुमार र सानोबुबा अरूण साहले हजुरबुबालाई लाठी, लात्ती, मुक्काले खुट्टा टाउकोसमेतमा कुटपिट गर्दा हजुरबुबा आँगनमा लड्नुभएको भनी लेखाएबाट समेत मौकामा र अदालतमा भएको निज प्रतिवादीहरूको साबिती बयान समर्थित हुन आएको देखिने।

जाहेरवाला सुगमलाल साह एवम् वस्तुस्थिति मुचुल्काका तेतरीदेवी यादव र महानन्द साहले निजहरूले मौकामा दिएको जाहेरी तथा कागज बेहोराअनुरूप प्रतिवादीहरूले मृतकलाई लाठी, लात्ती, मुक्काले खुट्टा टाउकोसमेतमा कुटपिट गरेका कारण बौका साहको मृत्यु भएको भनी लेखाएको बकपत्रसमेतबाट प्रतिवादीहरू लालमणिदेवी साह र परिवर्तित नाम आर कुमारले मृतक बौका साहलाई लाठी, लात्ती, मुक्काले खुट्टा टाउकोसमेतमा कुटपिट गरी कर्तव्य गरी मारेको पुष्टि हुने।

प्रतिवादीउपरको किटानी जाहेरी दर्खास्त, प्रतिवादीहरूको अनुसन्धान अधिकारी एवम् अदालतसमक्ष भएको साबिती बयान, मृतकको लास प्रकृति मुचुल्का, लास जाँच प्रतिवेदन, जाहेरवाला र वस्तुस्थिति मुचुल्काका तेतरीदेवी यादवसमेतले मौकामा तथा अदालतमा गरेका बकपत्रसमेतबाट यी प्रतिवादीहरू लालमणिदेवी साह र परिवर्तित नाम आर कुमारउपरको अभियोग पुष्टि हुन आएकाले लालमणिदेवी साह र परिवर्तित नाम आर कुमारलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १ र १३(३) नं. को कसुर गरेको ठहर्‍याई प्रतिवादी लालमणिदेवी साहलाई सोही महलको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैद हुने र प्रतिवादी परिवर्तित नाम आर कुमारको उमेर १५ वर्ष हुँदा बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ११(३) नं. बमोजिम १० (दश) वर्ष कैद हुने ठहर्‍याएको सुरू मोरङ जिल्ला अदालतको मिति २०७४।१२।०५ को फैसला प्रतिवादीमध्येकी लालमणिदेवी साहलाई मुलुकी अपराध संहिता, २०७४ को दफा ४० (२) तथा फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा ५ बमोजिम सर्वस्व नभई जन्मकैदको सजाय भई अरूमा सदर हुने ठहर्‍याएको उच्च अदालत विराटनगरको मिति २०७६।२।७ को फैसला मिलेकै देखिँदा सदर हुने।

जहाँसम्म प्रतिवादी लालमणिदेवी साहलाई जन्मकैदको सजाय गर्दा चर्को पर्ने भएकाले मुलुकी ऐन,

अदालती बन्दोबस्तको १८८ नं. बमोजिम कैद वर्ष बाह्र गर्ने राय व्यक्त गरी सुरू मोरङ जिल्ला अदालतबाट भएको फैसला सदर गरेको उच्च अदालत विराटनगरको फैसलातर्फ विचार गर्दा, यी प्रतिवादी लालमणिदेवी साह र मृतक बौका साह श्रीमान् श्रीमती रहेका र निजहरूका बिचमा घरायसी झगडा भई विवाद हुँदा धारिलो हतियार प्रहार नभई सामान्य लाठी मुक्का प्रहारबाट बौका साहको मृत्यु भएको देखिएको, मृतकलाई मार्ने पूर्वरिसइवी र मनसाय रहेको नदेखिएको तथा मार्ने नियत राखी कुटपिट गरेको भन्ने मिसिल संलग्न प्रमाणहरूबाट पुष्टि नभएको स्थितिमा निजलाई ठहर भएबमोजिम जन्मकैदको सजाय गर्दा चर्को पर्ने भएकाले निज प्रतिवादी लालमणिदेवी साहलाई कैद वर्ष १२ (बाह्र) गर्दासमेत न्यायको मकसद पूरा हुने देखिएबाट निजलाई मुलुकी ऐन, अ.बं. १८८ नं. बमोजिम कैद वर्ष १२ (बाह्र) गर्ने राय व्यक्त गरी भएको सुरू मोरङ जिल्ला अदालतको फैसला सदर हुने ठहऱ्याएको उच्च अदालत विराटनगरको मिति २०७६।२।७ को फैसला मिलेकै देखिँदा सदर भई निज प्रतिवादी लालमणिदेवी साहलाई कैद वर्ष १२(बाह्र) हुने ।

इजलास अधिकृत : दामोदर घिमिरे

कम्प्युटर : अमिररत्न महर्जन

इति संवत् २०७९ साल माघ २२ गते रोज १ शुभम् ।

**३७**

**मा.न्या.श्री टंकबहादुर मोक्तान र मा.न्या.डा.श्री मनोजकुमार शर्मा**, *०७५-CR-०४१५, मानव बेचबिखन तथा ओसारपसार र जबरजस्ती करणी, नेपाल सरकार वि. लक्ष्मणप्रसाद गौचनसमेत*

प्रतिवादीहरूले सञ्चालन गरेको रेष्टुरेन्टमा ग्राहकहरूलाई खाजा नास्ता पुऱ्याउने काममा लगाउने आश्वासन दिई रेष्टुरेन्टमा राखी अन्य बाह्य ग्राहकहरूसँग पैसा लिई डर, धाक, धम्की देखाई यौन सम्पर्क गर्न लगाई यौन शोषण गराउने कार्य गरेको र प्रतिवादीमध्येका लक्ष्मणप्रसाद गौचनले पीडित परिवर्तित नाम पोखरा ४७ लाई जबरजस्ती करणी गरेको भनी जाहेरी दिई र उक्त जाहेरी बेहोरालाई समर्थन हुने गरी पीडितहरू परिवर्तित नाम पोखरा ४७ र पोखरा ४८ ले मौकामा कागज गरी उक्त मौकाको बयान अदालतबाट प्रमाणितसमेत भएको मिसिलबाट देखिने ।

प्रतिवादीहरूले आफ्नो रेष्टुरेन्टमा काम गर्न राखेका पीडितहरूलाई वेश्यावृत्तिमा लगाई मानव बेचबिखन र ओसारपसार गरेको कसुर पुष्टि भइरहेकोले प्रतिवादीहरूलाई आरोपित कसुरबाट सफाइ दिने ठहऱ्याएको सुरू फैसलालाई सदर गर्ने गरेको उच्च अदालतको फैसला नमिलेकाले सो हदसम्म सो फैसला उल्टी गरी प्रतिवादीहरूलाई अभियोग माग दाबीबमोजिम सजाय गरिपाउँ भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिरतर्फ विचार गर्दा, पीडितहरू पोखरा ४७ र पोखरा ४८ को जाहेरीअनुसार प्रतिवादीहरूले आफ्ना होटलमा आउने ग्राहकहरूसँग आफ्नै रेष्टुरेन्ट र अन्य स्थानहरूमा पीडितहरूलाई डर, धाक, धम्कीसमेत देखाई जबरजस्ती यौन सम्पर्क गर्न लगाएको भन्ने जाहेरी बेहोरालाई पुष्टि हुने गरी वादी पक्षबाट पीडितहरूलाई कहिले, के, कसरी, कहाँ, कुन कुन ठाउँमा पुऱ्याई वा ओसारपसार गरी वेश्यावृत्तिमा लगाएको हो भन्ने अनुसन्धानबाट तथ्य प्रमाण सङ्कलन हुन सकेको देखिँदैन । दुवै जना प्रतिवादीहरूले मौकामा अनुसन्धान अधिकारीसमक्ष कसुरमा साबित रही बयान गरे तापनि पीडितहरू परिवर्तित नाम पोखरा ४७ र पोखरा ४८ आफ्नो रेष्टुरेन्टमा २/३ दिन खाना खान आएको भए तापनि आफूहरूले यौनजन्य क्रियाकलापमा नलगाएको भनी अदालतसमक्ष कसुरमा इन्कारी बयान गरेको देखिन्छ । प्रतिवादीहरूका साक्षीहरू भुवन शेरचन, प्रेमप्रसाद तुलाचन, शारदा क्षेत्री र लालमान सिं बस्नेतले प्रतिवादीहरूको अदालतको बयानलाई समर्थन हुने गरी प्रतिवादीहरूले पीडितहरूलाई ओसारपसार

गरी वेश्यावृत्ति तथा यौनजन्य कार्यमा लगाएको होइन भनी अदालतसमक्ष बकपत्र गरेको पाइन्छ । स्वयम् वादीका साक्षी पीडित पोखरा ४८ अदालतमा उपस्थित भई (जाहेरीमा परिवर्तित नाम पोखरा ४७ उल्लेख भएको) आफू पोखरा ४८ रहेको र आफूलाई प्रतिवादीले जबरजस्ती करणी नगरेको र जाहेरीमा उल्लिखित कसुरजन्य कार्य नगरेको भनी अदालतमा बकपत्र गरेबाट जाहेरी बेहोरा र निज पीडितहरूको अदालतबाट प्रमाणित मौकाको बयान पुष्टि हुन आएको देखिएन। प्रतिवादीहरूले अभियोग दाबीअनुसार कसुर गरेको कुरा अभियोजन पक्षले शंकारहित तरिकाले तथ्यगत रूपमा पुष्टि हुने प्रमाण अदालतसमक्ष प्रस्तुत गर्नुपर्ने हुन्छ र अदालतले ती प्रमाणहरूको वस्तुनिष्ट मूल्याङ्कन तथा न्यायिक परीक्षण गरी न्याय निरूपण गर्ने गर्दछ । कसैको भनाइलाई वस्तुगत प्रमाणद्वारा परीक्षण नै नगरिदिएको जाहेरी वा मौखिक भनाइको आधारमा मात्र कसुरदार कायम गर्दा निर्दोष व्यक्ति पनि कसुरदार ठहरिन जाने खतरा हुन सक्छ। त्यसैले कसुर गरेको भन्ने देखिने थोरै मात्र पनि शंका देखिएमा कसैलाई पनि कसुरदार ठहराउन मिल्दैन । प्रस्तुत मुद्दामा प्रतिवादीहरूले पीडितहरूलाई ओसारपसार गरी वेश्यावृत्तिमा लगाई मानव बेचबिखन र ओसारपसार गरेको गरेको पुष्टि हुने तथ्यगत प्रमाण अभियोजन पक्षले पेस गरेको देखिँदैन। यस स्थितिमा यी प्रत्यर्थी/प्रतिवादीहरू लक्ष्मणप्रसाद गौचन र बिष्णु गौचन भन्ने विसु गौचनले पीडितहरू पोखरा ४७ र पोखरा ४८ लाई वेश्यावृत्तिमा लगाएको मानव बेचबिखन र ओसारपसार गरेको भन्ने विवादरहित तवरबाट तथ्यतः पुष्टि गर्न सकेको नदेखिँदा वादी नेपाल सरकारको त्यसतर्फको अभियोग दाबी पुग्न नसक्ने ठहऱ्याई यी प्रतिवादी लक्ष्मणप्रसाद गौचन र बिष्णु गौचन भन्ने विसु गौचनले पीडितहरूलाई वेश्यावृत्तिमा लगाई मानव बेचबिखन र ओसारपसार गरेको कसुरबाट सफाइ दिने ठहऱ्याएको फैसला नमिलेकोले उल्टी गरी निज प्रतिवादीहरूलाई अभियोग दाबीअनुसार सजाय हुनुपर्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

सुरू कास्की जिल्ला अदालतबाट प्रतिवादी लक्ष्मणप्रसाद गौचनलाई मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा ४ को उपदफा (१) खण्ड (घ) अनुसार वेश्यागमन गर्ने कसुर ठहर गरेको देखिन्छ। ऐ. ऐनको दफा ४ को उपदफा (१) खण्ड (घ) को कसुरमा ऐ. को दफा १५ को उपदफा (१) खण्ड (घ) बमोजिम वेश्यागमन गर्नेलाई एक महिनादेखि तीन महिनासम्म कैद र दुई हजार रूपैयाँदेखि पाँच हजार रूपैयाँसम्म जरिवाना हुने भन्ने सजायको व्यवस्था भएको देखिन्छ । ऐ. दफा १५ को उपदफा (१) को खण्ड (छ) मा ऐ. ऐनको दफा ४ को उपदफा (२) को खण्ड (ख) बमोजिमको कसुर गर्नेलाई सात वर्षदेखि दश वर्षसम्म कैद हुने कानूनी व्यवस्था भएको पाइन्छ । सुरू कास्की जिल्ला अदालतको फैसलामा प्रतिवादी लक्ष्मणप्रसाद गौचनलाई ऐ. ऐनको दफा ४ को उपदफा (१) को खण्ड (घ) को कसुरमा ऐ. दफा १५ को उपदफा (१) को खण्ड (६) बमोजिम प्रतिवादी लक्ष्मणप्रसाद गौचनलाई ३ महिना कैद र रू.५,०००।- (पाँच हजार रूपैयाँ) जरिवाना हुने भन्ने उल्लेख भएको देखिन्छ । ठहर भएको कसुरमा हुने सजाय उपर्युक्तानुसार ऐ. ऐनको दफा १५ को उपदफा (१) को खण्ड (घ) मा उल्लेख भएको देखिन्छ। सुरू फैसलामा उल्लेख भएको ऐ. ऐनको दफा १५ को उपदफा (१) मा खण्ड (६) नै नभएको र फैसलामा सो दफा १५ को उपदफा (१) को खण्ड (छ) लेखिएको मान्नलाई फैसलामा उल्लेख भएको ऐनको दफा १५ को उपदफा (१) को खण्ड (छ) मा माथि उल्लेख भएअनुसार छुट्टै कसुर {दफा ४ (२) (ख)}को सजायको व्यवस्था रहेको देखिँदा ठहरेको कसुर र सो कसुरमा गरिएको सजायको बेहोराबाट नै भुलवश त्यस्तो गलत दफा उल्लेख हुन गएको स्पष्ट देखिन्छ। उच्च अदालतबाट सुरू जिल्ला अदालतको फैसला सदर गर्दा सुरू जिल्ला अदालतको

फैसलामा हुन गएको उक्त लेखकीय (CLERICAL MISTAKE) तर्फ ध्यान नदिई सुरू फैसलाको ठहर बोली हुबहु उल्लेख गरेको पाइएकाले सुरू फैसलाको ठहर खण्डको सजाय खण्डमा ऐ. ऐनको दफा १५(१)(६) को ठाउँमा दफा १५(१)(घ) कायम हुने गरी प्रतिवादी लक्ष्मणप्रसाद गौचनलाई मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा ४(१)(घ) को कसुरमा ऐ. ऐनको दफा १५(१)(घ) अनुसार ३ महिना कैद र रू.५,०००।- (पाँच हजार) जरिवाना हुने र प्रतिवादी बिष्णु भन्ने विशु गौचनलाई आरोपित कसुरबाट सफाइ दिने ठहऱ्याएको उच्च अदालत पोखराको मिति २०७४।०७।२१ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत : देवी चौधरी

कम्प्युटर : अमिररत्न महर्जन

इति संवत् २०८० साल वैशाख ८ गते रोज ६ शुभम्।

३८

**मा.न्या.श्री टंकबहादुर मोक्तान र मा.न्या.डा.श्री मनोजकुमार शर्मा,** *०७६-CR-१८६२, ०७६-CR-१८६३, ०७६-CR-१८६४, ०७७-CR-०६२८, जालसाजी, अर्चनाकुमारी यादव वि. एकासीदेवी यादव, निर्मला कार्की वि. एकासीदेवी यादव, मन्दिरा यादवसमेत वि. एकासीदेवी यादव, कृष्णकुमार लोहिया वि. एकासीदेवी यादव*

सुरू मिसिल संलग्न RICHMOND FELLOWSHIP MORANG को मिति २०७२।११।२४ को जोसँग सम्बन्धित छ भन्ने बेहोराको पत्रमा "श्याम यादवलाई दाजु सत्यनारायण यादवले यस संस्थामा मिति २०७१।०१।०६ मा ल्याई मिति २०७२।०२।०९ सम्म राखी घर लगेको थियो । निज श्याम यादव उपचारमा हुँदा निजले दाजुको कहिले पूजा छ, कहिले विवाह छ भनी आफ्नो जिम्मामा घर लगिरहनु हुन्थ्यो । यस संस्थामा ६ महिना बसी औषधी खाँदा पनि निजमा केही सुधार देखिएन। त्यसपश्चात् हाम्रो संस्थाबाट श्याम यादवलाई डिस्चार्ज गरी दाजुको जिम्मा लगाई घर पठाएको बेहोरा प्रमाणित गरिन्छ ।" भन्ने उल्लेख भएको पाइएको र सोही रिचमोन्ड फेलोसिप मोरङ्गको मिति २०७२।०२।०९ को DISCHARGE SUMMARY मा "साइक्रियाटिक प्रोब्लम भएको देखियो, दवाई खाँदा ठिक, दवाई नखाँदा पागल हरकत भन्दै राम्रो डाक्टरलाई देखाउनुपर्ने ।" भनी उल्लेख हुनुको साथै मानसिक अस्पताल, लगनखेलका डा. अनन्त अधिकारीले मिति २०७१।०७।२९, २०७३।०४।२८, २०७३।०८।०१ र २०७३।१२।०९ मा गरिदिएको प्रेस्क्रिप्सन, भारतको भेलोरस्थित मानसिक अस्पतालका डा. इन्दला रामा सुब्बा रेड्डीले लेखिदिएको प्रेस्क्रिप्सन तथा वादीका साक्षी जुगेश्वर यादवले बकपत्र गर्दा निज श्याम यादव एकासीदेवीको संरक्षणमा रहेको र निजको मानसिक सन्तुलन ठिक छैन भनी बकी लेखाइदिएबाट एकातर्फ निज वादी श्याम यादवको मानसिक अवस्था सन्तुलनमा नरहेको कुरा प्रमाणित भइरहेको देखिन्छ । लिखत पारित गरिदिँदाको बखत निज वादी श्याम यादवको मानसिक अवस्था यो यस कारणले ठिक थियो भनी प्रतिवादीहरूले प्रमाणसहित जिकिर लिन नसकेको।

वादी श्याम यादवको हक मेट्ने उद्देश्यले निजको मानसिक सन्तुलन ठिक नभएको अवस्थामा निजको संरक्षिका वा हकवाला कसैलाई पनि रोहबरमा नराखी राजीनामाका लिखतहरू पारित गराएको देखिन्छ। कतिपय लिखतहरू हेर्दा प्रतिवादी सत्यनारायण यादवले आफ्नै पत्नीहरू मन्दिरा यादव र रिङ्की यादवका नाममा राजीनामा पारित गराएको देखिएको, पत्नीहरू मन्दिरा र रिङ्कीको नाममा पारित राजीनामामा प्रतिवादी सत्यनारायण स्वयंले साक्षी बनी आफैँले सहीछाप गरेको देखिएको, कृष्णकुमार लोहियाले राजीनामा गरी लिएको लिखतमा प्रतिवादी सत्यनारायण साक्षी बसेको देखिन आएबाट समेत

मानसिक सन्तुलन ठिक नभएको कुराको जानकारी हुँदाहुँदै मुलुकी ऐन, अदालती बन्दोबस्तको महलको २४ नं. विपरीत सद्दे मानिसको कागज गराएसरह गरी कोही संरक्षिका वा हकवाला नराखी निज श्याम यादवको हक मेट्ने वा निजलाई नोक्सान पार्ने मतलबले निजका नामका जग्गाहरू दूषित मनसायले राजीनामाहरू पारित गराएको पाइने।

वादी श्याम यादव कानूनीरूपमा भिन्न भए पनि आमासँगै बसेको अवस्था हुँदा आमा संरक्षिका हुन नसक्ने भन्ने नदेखिएको, प्रतिवादीमध्येका मन्दिरालाई लिखत पारित गरी दिँदा प्रतिवादी सत्यनारायण नै वारेस बनी सही गरेको, वादी श्याम यादवको मानसिक सन्तुलन ठिक नरहेको कुरा प्रमाणित भइरहेको, वास्तविकरूपमा रकम लिइ दिई नै जग्गाहरू खरिद बिक्री भएको भए त्यत्तिका रकम के कहाँ खर्च भएको हो सो देखिनुपर्नेमा नदेखिएको, विवादित लिखतका जग्गाहरू बदनियतका साथ आमाले आफ्नो नाममा हक कायम गराउन खोजेको नभई असल नियतका साथ वादी श्याम यादवकै नाममा कायम गराउन मात्र खोजेको देखिएको र पुनरावेदक प्रतिवादीहरूले श्याम यादवको हक मेट्ने वा निजलाई नोक्सान पार्ने मतलबले निजका नामका जग्गाहरू निज श्याम यादव र प्रतिवादीहरूले राजीनामा पारित गराई लिएको देखिन्छ। निजहरूको सो कार्य साबिक मुलुकी ऐन, किर्ते कागजको महलको ३ नं. मा गरिएको परिभाषाबमोजिम जालसाजीपूर्वक भएको प्रस्टरूपमा देखिन आएकाले यी पुनरावेदक प्रतिवादीहरूले जालसाजीको कसुर गरेको देखिन आयो। उक्त पुनरावेदक प्रतिवादी अर्चनाकुमारी यादवले र.नं.१३४७८क बाट मिति २०७२।०२।१० मा पारित गराइ लिएको लिखतको हकमा हेर्दा सो लिखतबाट पारित गरिलिएको जग्गा दाता निर्मला कार्कीले साबिक जग्गावाला श्याम यादवबाट र.नं.३२८६क बाट मिति २०७१।०६।३० मा जालसाज तवरबाट पारित गराई लिएको र निजले यी प्रतिवादी अर्चनाकुमारी यादवलाई राजीनामा पारित गरिदिएको देखिँदा सो लिखतसमेत निज निर्मला कार्कीले प्रतिवादी अर्चनाकुमारी यादवलाई जालसाज तवरबाट पारित गरिदिएको मान्नुपर्ने।

श्याम यादवको मानसिक अवस्था सन्तुलनमा नरहेको अवस्थामा फिरादमा दाबी लिइएका माथि उल्लिखित लिखतहरू पारित गर्दा मुलुकी ऐन, अदालती बन्दोबस्तको महलको २४ नं. बमोजिम संरक्षिका नराखी वादी श्याम यादवलाई नोक्सान पार्ने र निजको हक मेट्ने मतलबले सहीछाप गरे गराएको समेत देखिएकाले र.नं.३२८७क मिति २०७१/०६/३०, र.नं.३३३६क मिति २०७१/०६/३१, र.नं.३२८६क मिति २०७१/०६/३०, र.नं.३८९७क मिति २०७१/०७/१९ र र.नं.८०५क मिति २०७२/०४/२७ मा प्रतिवादीहरूले पारित गरेका लिखतहरू साबिक मुलुकी ऐन, किर्ते कागजको महलको ३ नं. विपरीत जालसाजी तवरबाट राजीनामा पारित गरे गराएको देखिन आएकाले जालसाजी नठहराएको सुरू मोरङ जिल्ला अदालतको मिति २०७४/११/३० को फैसला उल्टी गरी ती लिखतहरू जालसाजी गरेको ठहरी निस्क्रिय हुने, र.नं. १३४७८क को स्रोतका रूपमा रहेको र.नं.३२८६क मिति २०७१/०६/३० को मूल लिखत जालसाजी ठहरी निष्क्रिय हुने ठहरेकोले उक्त लिखत पनि स्वत: निष्क्रिय हुने र दाबीका लिखतहरू जालसाजी ठहरी निष्क्रियसमेत हुने ठहरेको अवस्था भई पुनरावेदक/वादीले उपचार पाइसकेको देखिँदा जालसाजीमा प्रतिवादीहरूलाई सजाय गर्नु नपर्ने ठहर्छ भनी उच्च अदालत विराटनगरबाट मिति २०७६।०९।२३।१ मा भएको फैसला मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृत : सुरेश के.सी.

कम्प्युटर : अमिररत्न महर्जन

इति संवत् २०७९ साल चैत्र १५ गते रोज ४ शुभम्।

**इजलास नं.१०**

**३९**

**मा.न्या.श्री सुष्मालता माथेमा र मा.न्या.श्री नहकुल सुवेदी**, *०७१-CR-००१३, ०७१-CR-०१६८, ०७१-CR-०२६९, हातहतियार खरखजाना, सुमन भण्डारी वि. नेपाल सरकार, नेपाल सरकार वि. सुमन भण्डारीसमेत, राम गुरूङ वि. नेपाल सरकार*

पुनरावेदक प्रतिवादी सुमन भण्डारीको साथबाट नलकटुवा पेस्तोलमा गोलीसमेत लोड गरी वारदातस्थलमा गई पेस्तोल देखाई सेफको चाबी माग्दा पीडितहरूले समाएको र प्रहरी आई हतियार तथा गोली बरामद गरेकोसमेतका कसुरको प्रकृतिलाई हेर्दा निजलाई हातहतियार खरखजाना ऐन, २०१९ को दफा ३(२) र ५(१) को कसुरमा सो ऐनको दफा २०(२) बमोजिम ३ वर्ष कैद हुने तथा अन्य प्रतिवादीहरू राम गुरूङ र सौगात महर्जनको साथबाट पेस्तोल बरामद भएको नदेखिए तापनि सहप्रतिवादी सुमन भण्डारीसँग बरामद भएको हतियार निजहरूसमेतले पालैपालो राख्ने गरेको भन्ने मिसिल प्रमाणबाट देखिन आएकोसमेतका आधार, कारणबाट निजहरूलाई उल्लिखित कसुरमा ऐ. दफा २०(२) बमोजिम १ लाख रूपैयाँ जरिवाना हुने ठहर गरेको हदसम्म तत्कालीन पुनरावेदन अदालत पाटनको मिति २०७०।०९।३० को फैसला मिलेकै देखिँदा सदर हुन्छ । वारदातमा प्रतिवादीहरूका साथबाट पेस्तोलका साथ एक राउन्ड गोलीसमेत बरामद भएको र सोसमेत प्रमाणका आधारमा निजहरूउपर हातहतियार तथा खरखजाना ऐन, २०१९ को दफा ३(२) को कसुरसमेत पुष्टि भएको अवस्थामा उक्त ऐनको दफा २०(२) बमोजिम विनाइजाजत हातहतियार राख्ने, राख्न लगाउने र लिएर हिड्ने कसुरतर्फ मात्र सजाय गरी ऐ. ऐनको दफा २०(३) बमोजिम खरखजाना राख्ने, राख्न लगाउने कसुरतर्फको सजायको अभियोग दाबीमा केही नबोलेको हदसम्म तत्कालीन पुनरावेदन अदालत पाटनको मिति २०७०।०९।३० को फैसला मिलेको नदेखिँदा केही उल्टी भई सो ऐनको दफा ३(२) को कसुरमा ऐ. दफा २०(३) बमोजिमसमेत प्रतिवादीहरू सुमन भण्डारी, राम गुरूङ र सौगात महर्जनलाई जनही रू.२०,०००।- (बिस हजार रूपैयाँ) जरिवाना हुने ।

इजलास अधिकृत : कृतिबहादुर बस्नेत

कम्प्युटर : देबिमाया खतिवडा (देबिना)

इति संवत् २०७९ साल भदौ ६ गते रोज २ शुभम् ।

**४०**

**मा.न्या.श्री सुष्मालता माथेमा र मा.न्या.श्री नहकुल सुवेदी**, *०७८-WH-०२४५, बन्दीप्रत्यक्षीकरण, कृष्टिना यादव वि. जिल्ला प्रहरी कार्यालय, चितवनसमेत*

चितवन जिल्ला अदालतबाट मिति २०७८।०९।२६ मा फैसला हुँदा परिवर्तित नाम पार्वतीपुर पाहारीलोटार (क) लाई मुलुकी अपराध संहिता, २०७४ को दफा २२५(३) बमोजिम १(एक) वर्ष कैद र रू.१०,०००।-(दश हजार रूपैयाँ) जरिवानासमेत हुने ठहऱ्याई फैसला भएको अवस्था देखियो । यी निवेदक मिति २०७८।०३।२० गतेदेखि प्रहरी हिरासतमा रही मिति २०७८।०४।०७ को आदेश अनुसार फैसला हुँदा बाल सुधार गृह, हेटौंडामा रहेको र निज हिरासतमा रहेको मितिदेखि नै कैदको लगत कट्टा हुने गरी कैद म्याद ठेकी बाल सुधार गृहमा नै राखी कैद असुल गर्नु भनी फैसला भएको ।

परिवर्तित नाम पार्वतीपुर पाहारीलोटार (क) को मिति २०६४।०२।२५ मा जन्म भई वारदात भएको अवस्थामा निजको उमेर १४ वर्ष २३ दिन रहेको भन्ने मिसिलबाट देखिएकोले निजको उमेर १६(सोह्र) वर्ष पूरा नभएकोमा विवाद देखिएन । मुलुकी अपराध संहिता, २०७४ को दफा ४५(५) ले "..... सोह्र वर्ष उमेर पूरा नभएका बालबालिकालाई सजाय गर्दा जघन्य कसुर, गम्भीर कसुर वा पटके रूपमा कसुर गरेकोमा

बाहेक कैदको सजाय गर्नु हुँदैन" भन्ने कानूनी व्यवस्था रहेको छ । त्यसैगरी बालबालिकासम्बन्धी ऐन, २०७५ को दफा ३६(७) मा "सोह्र वर्ष उमेर पूरा नभएको बालबालिकालाई सजाय गर्दा जघन्य कसुर, गम्भीर कसुर वा पटके कसुर गरेकोमा बाहेक कैदको सजाय गरिने छैन" भन्ने र फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा १६(२) मा "सोह्र वर्ष उमेर पूरा नभएका बालबालिकालाई सजाय गर्दा जघन्य कसुर, गम्भीर कसुर वा पटके रूपमा कसुर गरेकोमा बाहेक कैदको सजाय गर्नु हुँदैन" भन्ने कानूनी व्यवस्था रहेको देखिन्छ । उपर्युक्त कानूनी व्यवस्था अनुसार "गम्भीर" र "जघन्य" कसुर वा पटके कसुरमा सम्म नाबालकलाई कैदमा राख्न मिल्ने ।

निवेदक सोह्र वर्ष नपुगेको नाबालक रहेको र निजलाई सामान्य कसुरमा १(एक) वर्ष कैद र रू.१०,०००।- (दश हजार रूपैयाँ) जरिवाना भएकोले बालबालिकासम्बन्धी ऐन, २०७५ को दफा ३६(७), मुलुकी अपराध संहिता, २०७४ को दफा ४५(५) र फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा १६(२) अनुसार कैद गर्न प्रतिबन्ध लगाइएको पाइने ।

रिट निवेदक १६ वर्ष पूरा नभएको बालक रहेको देखिएको र पटके कसुरदारसमेत नरहेकोले निज निवेदकलाई बालबालिकासम्बन्धी ऐन, २०७५ को दफा ३६(७) अनुसार कैदको सजाय हुन सक्ने अवस्था देखिएन । तसर्थ, निवेदकलाई कैदमा राख्न नमिल्ने यस अवस्थामा निज निवेदकलाई १ वर्ष बाल सुधार गृहमा राख्न पठाउने गरी भएको चितवन जिल्ला अदालतको मिति २०७८।०९।२६ फैसला, सो आधारमा भएको कैदको लगत र च.नं. १८८ मिति २०७८।०४।०७ को पत्राचारलगायतको कार्य कानूनसङ्गत नदेखिने ।

रिट निवेदकलाई बालबालिकासम्बन्धी ऐन, २०७५ को दफा ३६(७) अनुसार कैदको सजाय नहुने भएबाट निजलाई कैदमा राख्न नमिल्ने हुँदा निजलाई १ वर्ष कैद असुल गर्न बाल सुधार गृहमा राख्न पठाउने गरी चितवन जिल्ला अदालतबाट मिति २०७८।०९।२६ भएको फैसला र सो आधारमा भएको कैद लगत र च.नं. १८८ मिति २०७८।०४।०७ को पत्राचारलगायतका कार्य कानूनसम्मत नदेखिँदा उत्प्रेषणको आदेशद्वारा बदर हुने ठहर्छ । साथै, निवेदकलाई कानूनविपरीत थुनामा राख्न पठाएको देखिई यी निवेदकको थुना गैरकानूनी भएको हुँदा निज निवेदकलाई अविलम्ब बाल सुधार गृहबाट मुक्त गरी निजको अभिभावक वा संरक्षकको जिम्मा लगाइदिने सम्बन्धमा आवश्यक काम कारबाही तत्काल अघि बढाउनु भनी चितवन जिल्ला अदालतको नाउँमा बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुने ।

इजलास अधिकृत : लक्ष्मी राना

कम्प्युटर : कृष्णमाया खतिवडा (सुस्मिता)

इति संवत् २०७९ साल आषाढ १५ गते रोज ४ शुभम् ।

**४१**

**मा.न्या.श्री सुष्मालता माथेमा र मा.न्या.श्री तिलप्रसाद श्रेष्ठ**, *०७२-CR-०२११, ०७६- CR -०९००, ०७६-RC-००७८, ०७६-RC-००८१, कर्तव्य ज्यान र चोरी, बद्री तामाङ वि. नेपाल सरकार, सुरेश गोपाली वि. नेपाल सरकार, नेपाल सरकार वि. राजकुमार श्रेष्ठसमेत, नेपाल सरकार वि. सुरेश गोपाली*

प्रतिवादी राजकुमार श्रेष्ठले मिति २०६५।०५।०२ मा ना. १. ज. १९७१ को ट्याक्सी रिजर्भ गरी धादिङ जिल्ला, नौबिसे १ त्रिभुवन राजपथ ल्याई चालक रामबहादुर लामालाई ढुंगा तथा चक्कुले प्रहार गरी सोही स्थानमा निजलाई फालेको तथ्य घटनास्थल मुचुल्का, मृतकको लास जाँच मुचुल्का तथा निज प्रतिवादीको बयानबाट समेत समर्थित भएको पाइन्छ । निज राजकुमार श्रेष्ठले चालकको हत्या गरी चोरेर ल्याएको उक्त ट्याक्सीको नम्बर प्लेट परिवर्तन गरी अन्य नम्बर प्लेट राखी अर्का प्रतिवादी सुरेश

गोपालीसँग मिलेर प्रतिवादी बद्री तामाङलाई बिक्री गर्ने कार्य गरेको तथ्य प्रतिवादीहरू सुरेश गोपाली र बद्री तामाङ तथा निजहरूले सह-प्रतिवादीहरूलाई पोल गरी गरेको बयानबाट समेत समर्थित भएको देखिने।

प्रतिवादीहरू राजकुमार श्रेष्ठ, सन्जय दमाई परियार र सुरेश गोपालीको बयानमा निजहरूले पहिले पनि यस्तै प्रकृतिको कार्य गरेको भन्ने उल्लेख छ । साथै, प्रस्तुत मिसिलका साथै संलग्न रहेको टिकाराम कुँवरको जाहेरीले वादी नेपाल सरकार र यिनै प्रतिवादीहरू भई काठमाडौं जिल्ला अदालतमा चलेको यस्तै प्रकृतिको ट्याक्सीका चालकको हत्या गरेको कर्तव्य ज्यान मुद्दा (स.फौ.नं. १५५२) मा मिति २०६७।०३।२८ मा निजहरूलाई कसुरदार ठहर्‍याई भएको फैसला सर्वोच्च अदालतबाट सदर भई अन्तिम भइसकेबाट समेत यी प्रतिवादीहरू रामकुमार श्रेष्ठ, सञ्जय दमाई परियार र सुरेश गोपालीले मिलोमतोमा तथा योजनाबद्ध रूपमा ट्याक्सी रिजर्भ गरी ट्याक्सीका चालकको हत्या गरी उक्त ट्याक्सी चोरी गरी खरिद बिक्री गर्ने कार्य पहिलेदेखि नै पटकपटक गरेको भन्ने पुष्टि हुन्छ । त्यसैगरी, प्रतिवादी बद्री तामाङको बयानबाट समेत निजले जानीजानी चोरीको ट्याक्सीहरू अन्य प्रतिवादीहरूबाट खरिद गरी बिक्री गर्ने कार्य पटकपटक गरेको भन्ने पुष्टि हुन आएको।

यस अवस्थामा प्रतिवादीहरू राजकुमार श्रेष्ठ, सञ्जय दमाई परियार र सुरेश गोपालीलाई कसुरदार ठहर्‍याई कर्तव्य ज्यानतर्फ साबिक मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम जनही जन्मकैद र चोरीको महलको १४(२) बमोजिम प्रतिवादीहरू राजकुमार श्रेष्ठ र सञ्जय दमाई परियारलाई १ महिना १५ दिन थप कैद तथा प्रतिवादी सुरेश गोपालीलाई ४ महिना १५ दिन थप कैद सजाय हुने ठहर गरेको तथा प्रतिवादी बद्री तामाङको हकमा चोरीमा कसुरदार ठहर गरेको मिलेको नै देखिनुका साथै प्रतिवादीहरू राजकुमार श्रेष्ठ, सञ्जय दमाई परियार, सुरेश गोपाली र बद्री तामाङसमेतबाट चोरीको महलको १० र २१ नं. बमोजिम रू.१०,२८,९७८।– जाहेरवालालाई भराइपाउने ठहर गरेको सुरू धादिङ जिल्ला अदालतको फैसला सदर गरी उच्च अदालत, पाटनबाट भएको फैसलालाई अन्यथा भन्न नमिल्ने।

अतः प्रतिवादी राजकुमार श्रेष्ठ, संजय दमाई र सुरेश गोपालीलाई कर्तव्य ज्यान र चोरीमा कसुरदार ठहर गरी मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम जन्मकैद र चोरीको महलको १४(२) बमोजिम प्रतिवादीहरू रामकुमार श्रेष्ठ र सञ्जय दमाई परियारलाई १ महिना १५ दिन थप कैद तथा प्रतिवादी सुरेश गोपालीलाई ४ महिना १५ दिन थप कैद सजाय गरेको तथा प्रतिवादी बद्री तामाङलाई चोरीमा कसुरदार ठहर्‍याई यी प्रतिवादीहरू राजकुमार श्रेष्ठ, सन्जय भन्ने सन्जे दमाई (परियार), सुरेश गोपाली र बद्री तामाङसमेतबाट मुलुकी ऐन, चोरीको १० र २१ नं. बमोजिम रू.१०,२८,९७८।- जाहेरवालाले भराइपाउने ठहर गरेको सुरू जिल्ला अदालतको फैसलालाई नै सदर गरी उच्च अदालत, पाटनबाट भएको फैसला मिलेकै देखिँदा सदर हुने भए तापनि प्रतिवादीहरू रामकुमार श्रेष्ठ, सञ्जय दमाई परियार र सुरेश गोपालीलाई चोरीतर्फ रू.१५,४३,४६७।– जरिवाना र बद्री तामाङलाई रू.८०,०००।– जरिवाना हुनेमा सो जरिवानाको समेत कैद हुने ठहर गरेको हकमा केही नेपाल कानूनलाई संशोधन, एकीकरण, समायोजन र खारेज गर्ने ऐन, २०७४ को दफा ३९ को उपदफा २(ख) तथा हाल प्रचलित मुलुकी अपराध संहिता, २०७४ बमोजिम गर्न नमिल्ने हुँदा सो हदसम्म मात्र केही उल्टी हुने।

इजलास अधिकृत : मनिता गुरूङ / रबिना फुयाल

कम्प्युटर : देबिमाया खतिवडा (देबिना)

इति संवत्२०७९ साल जेष्ठ २३ गते रोज २ शुभम्।